जंगी राष्ट्रकवि | माननीय जोडी सदस्यहरू

नेपाल

आइतबार • २० फागुन २०७४ • मूल्य रु. २५

nepal.ekantipur.com



राष्ट्रपतिको असंवैधानिक अभ्यास

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
RHINO 500D
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
OYSTER
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Mint Fresh
Mint, Camphor
Active Deo
Mint, Camphor
Floral Freeze
Mint, Camphor, Floral Notes
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा
सानो A.C.

राष्ट्रपतिको असंवैधानिक कदम

आवरण २४

१४ विकास
गाउँ नपसेको सिंहदरबार

१८ नेपाली सेना
सैन्य अकूटनीति

२२ सन्दर्भ
राष्ट्रकविको जंगी रूप

३४ बेथिति
जोडी माननीय

दृष्टिकोण : सुजित मैनाली १६

अभिमत : केशव दाहाल ४०

५४ झल्याकझुलुक
फरक तर असफल
सुटिङ नहुँदै ‘बाईबाई’

४२ सम्पदा
जो ढले तर उठे

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १३ फागुन २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

वितरणमुखी बजेटको परिणाम

नेपाली अर्थतन्त्रलाई उठ्नै नसक्ने गरी यस अवस्थामा पुऱ्याउनुमा राजनीतिक दलहरू नै जिम्मेवार छन् *(दुर्घटनाको डिलमा अर्थतन्त्र, १३ फागुन)*। हरेक राजनीतिक दलले आ-आफ्नो स्वार्थ अनुरूप अर्थतन्त्रलाई दुरुपयोग गर्दा अहिलेको अवस्था आएको हो। मुलुक संघीयतातर्फ अघि बढिरहेका बेला मुलुकले धान्नै नसक्ने गरी अनुशासनहीन ढंगले हरेक नयाँ सरकारले वितरणमुखी बजेट र कार्यक्रम ल्याउँदा यो अवस्था आएको बुझ्न कठिन छैन।

● **पृथु अर्याल**
विराटनगर-८, मोरङ

सही मूल्यांकन

नेपाली कांग्रेसका युवा नेता गगन थापाले सिंगो पार्टी नेतृत्वको खुलेर आलोचना गरेको खुबै घत पऱ्यो *('यही नेतृत्वले कांग्रेसलाई माथि उठाउन सक्दैन', १३ फागुन)*। पार्टीका वरिष्ठ नेताहरूको तर्कसंगत र विधि पुऱ्याएर आलोचना गर्न सक्ने नेताहरू कांग्रेसभित्र कम छन्। यिनै कममध्येमा थापाको नाम अग्रपंक्तिमा आउँछ। स्थानीय, प्रदेश र प्रतिनिधिसभामा कांग्रेसको पराजयको पहिलो कारण पार्टी नेतृत्व नै हो। सरकारमा रहँदा तारिफयोग्य काम नगर्ने र कार्यकर्तासँग सन्तुलन मिलाउन नसक्दा कांग्रेस पछाडि परेको घामजत्तिकै छर्लंग छ। तैपनि, देउवा समर्थकहरू उनलाई सुनपानी छर्कने प्रयास गर्दै छन्, जुन आफैँमा घातक छ। थापाले भनेजस्तै अब देउवाले आत्मालोचना गर्दै सभापति पदबाट राजीनामा दिनु नै श्रेयस्कर छ। निर्वाचन गराएर कमाएको साख यो कदमले थोरै भए पनि बचाउला र कांग्रेसलाई पुनःजीवन देला। देउवाका लागि 'एक्जिट' नै उत्तम विकल्प हो। त्यसपछि पार्टीको नेतृत्व गर्न थापाजस्ता जुझारु नेताहरू तयार हुनुपर्छ। पार्टी शुभेच्छुकको चाहना पनि यही हो।

● **सीमा शाक्य**
महाराजगन्ज, काठमाडौँ

अब्बल घरेलु प्रशिक्षक

घरेलु प्रशिक्षकले पनि उत्कृष्ट परिणाम दिलाउन सक्छन् भन्ने गतिलो उदाहरण हुन् राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक जगत टमाटा *(युवा खेलाडीमाथिको विश्वास नै जितको आधार, १३ फागुन)*। टमाटाको प्रशिक्षणमै नेपाली यू-१९ क्रिकेट टोलीले सन् २०१२ र २०१६ मा आईसीसी युवा विश्वकपमा खेलेको हो। घरेलु प्रशिक्षकले पनि धेरै कुरा गर्न सक्छन् भन्ने उनले भर्खरै नामिबियामा सम्पन्न विश्व क्रिकेट लिग डिभिजन-२ मा नेपाललाई उपविजेता बनाएर साबित गरिदिएका छन्। जिम्बाबेमा सुरु हुने विश्वकप क्रिकेट छनोट खेलमा पुग्न सफल राष्ट्रिय टोलीको प्रशिक्षकका रूपमा टमाटाले निर्वाह गरेको यो भूमिका बिर्सिनै नसकिने क्षण हो। गज्जब लाग्यो, प्रशिक्षक टमाटासँगको छोटो कुराकानी।

● **निमेष खड्का**
भैरहवा, रुपन्देही

रहर कि बाध्यता ?

विद्यालय जाने उमेरका बालबालिका हिउँमा रमाउनु खुसीभन्दा पनि बाध्यताजस्तो लाग्यो *(हिम-गलैँचा, १३ फागुन)*। हरेक वर्ष हिउँ पर्दा रुकुम, रोल्पा, मनाङ, मुस्ताङलगायतका हिमाली क्षेत्रका अधिकांश विद्यालय बन्द रहन्छन्। हिउँ परेर महिनौँ विद्यालय बन्द हुँदा त्यहाँका बालबालिका पढ्नबाट वञ्चित भएपछि हिउँ नखेलेर के गरून् ? तसर्थ, रमणीय वातावरणमा बालबालिका रमाएको भन्दा पनि हिउँमा खेल्नु त्यहाँका बालबालिकाका लागि बाध्यताजस्तो लाग्यो। चिसोका कारण यस क्षेत्रमा प्रत्येक वर्ष निमोनिया तथा स्वासप्रश्वासका बिरामीहरू बढिरहेका छन्। त्यसमा बालबालिकाको संख्या धेरै देखिनु यसैको उपज हो कि ?

● **प्रकाश गुरुङ**
चामे, मनाङ

मेखराज परियार

दलित : पहिचान कि अभिशाप ?

सामान्यतया चियापसल, चोक, कुनै कार्यक्रम या त्यस्तै जमघटहरू हुँदा नयाँ मित्रहरूसँग परिचय गर्दा नाम मात्रै भन्ने तर थर भनिहाल्न हिचकिचाउने, थरको सट्टा प्रतीक, बाजुराली, गोर्खाली, सल्यानी इत्यादि भनी आफ्नो परिचय दिने युवा जमात ठूलै छ। आफ्नो परिचय (नाम र थर) भन्न असहज या आनाकानी गर्ने व्यक्ति भेट्दा मनमा लागिहाल्छ, त्यस्तो व्यक्ति पक्कै पनि दलित समुदायकै हुनुपर्छ।

अझै पनि विकट गाउँका दूरदराजमा मात्रै होइन, काठमाडौँलगायतका ठूला सहरहरूमा समेत जातीय विभेदका घटना हुने गर्छन्। सवारी साधनमा सामान्य झगडा हुँदा 'कस्तो दमिनी-कमिनीको जस्तो बोली गरेको' भनी हेपेको सुनिन्छ। डेरा भाडामा खोज्न जाँदा जात सोध्ने चलन अझै छ। दलित भएको कारणले डेरा दिन्नँ त भनिँदैन। तर, 'बुहारीले अन्तै दिई सकिछन्। या पछि खबर गरौँला है' इत्यादि भनेर टारिन्छ। दलित भएकै कारणले बालबालिकालाई छिमेक, स्कुल, साथी, पसल इत्यादिमा अपमानित हुनुपर्ने, विभेद सहनुपर्ने, हेपिन बाध्य पारिने अवस्था यथावत् नै छ।

दलित मुक्ति आन्दोलन दोबाटोमा आइपुगेको छ। एउटा- ऐतिहासिक विभेद, उत्पीडनमा पारिएको हक-अधिकारबाट वञ्चित समुदाय भएकाले यसलाई सम्मानित र पहिचान बनाएर जानुपर्छ भन्ने मान्यता। अर्को- दलित एक विशेष परिस्थिति हो। स्वाभिमान र अधिकार प्राप्त गर्नुपर्ने यस समुदायको मूल उद्देश्य हो। आरक्षण, सकारात्मक विभेद स्वीकार गर्ने र राष्ट्रका नीतिनिर्माण गर्ने तह, आयोग, नियोग, सुरक्षा शासन, प्रशासन र दल इत्यादिमा दलितको सहभागिता, समानुपातिक ढंगले बढाउनुपर्ने माग उठ्दैछन्। समानता अर्थात् विभेदहरूबाट मुक्तिका निम्ति कठोर दण्ड-सजायको कानुनी व्यवस्था गर्नुपर्ने र त्यसलाई दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने माग दलित मुक्ति आन्दोलनले उठाउने गर्छ। यसरी जाँदा कति वर्षपछि दलितहरू समाजमा स्वीकार्य होलान् ? यो जातीय पहिचानको मुद्दा विशेषतः आदिवासी, जनजाति, मधेस, विशेष पहिचान भएका जातिका निम्ति भए तापनि दलित समुदायका निमित्त भने हुन सकेन र हुँदैन पनि। किनभने, दलित भनी रंग, कद, वर्ण, भाषा, लबज, दृश्य कुनै पनि अवस्थाले पहिचान गर्न सकिँदैन। दलित (पूर्वशूद्र) के हाम्रो पहिचान हो ? अछूत, शूद्र, सानो जात, नीच पनि पहिचान या गौरव हुन सक्छ ? दलित समुदायका कतिपय जात-थर गलत अर्थ लाग्ने, घृणित र लज्जित भएको हुँदा त्यसलाई निरन्तरता दिनु जायज हुँदैन। परिवर्तन आवश्यक छ।

दलित पहिचान नभई अभिशाप हो। हिन्दु वर्णाश्रम जातीय व्यवस्था मूलतः आर्य र अनार्य समुदायबीचको युद्धको विजय र पराजयको प्रतिफल हो। हुन त पछिल्लो समय हिन्दु धर्म, परम्परा, संस्कृतिसँग जोडिएका जातीय व्यवस्था यथार्थमा युद्ध, सत्ता र शक्तिको उपज हो। मध्य एसियाबाट सिन्धु-सभ्यतामा प्रवेश गरेको समुदायले यहाँका मूल शासकहरूमाथि कर, बल र छलपूर्वक राज्यसत्ता हत्याएका थिए। त्यो शासनाधिकार बचाउन जातीय वर्णाश्रम व्यवस्था उच-नीच, छुत, अछूतको नियम र व्यवहार लागू गरेका थिए। त्यो घृणित इतिहास हो । त्यसलाई मेटाउनुपर्छ। के यस्तो आन्दोलन उठाउन सम्भव छ ?

अहिले दलित युवाबीच बहस हुने सवाल हो, थर। कतिपय दलित युवाहरूले जात नलेखी थर लेख्न थालेका छन्। हुन पनि थर लेख्नु एक त उसको अधिकार हो। किनभने, कथित उच्च भनिएका जाति बाहमण, क्षत्रीले पनि जात लेख्दैनन्, थर लेख्छन्। जस्तै : बाहुनले पौडेल, घिमिरे, लम्साल, भट्टराई इत्यादि लेख्छन्। क्षत्रीले खड्का, थापा इत्यादि लेख्छन्। दलितहरूले दमाई, कामी, सार्कीको सट्टा थर लेख्छन्, जुन जायज र सही हो। अर्को दलितको कतिपय थर गैरदलितसँग मिल्दा हाम्रो थर चोर्‍यो भनी ब्राह्मण, क्षत्री या आदिवासी जनजाति समुदायले आरोप लगाउने गर्छन्, त्यो गलत हो। दलित थर अन्यसँग मिल्छ। मिलेको थर लेख्न पाउनुपर्छ। यसरी हेर्दा यथार्थमा दलितले जात ढाँट्न अन्यको थर लेख्यो भन्ने आरोप गलत भएको पुष्टि हुन्छ। उदाहरणका निम्ति कुनै दलितको थर अधिकारी छ भने उक्त थर लेख्दा 'दलित भएर पनि बाहुनको थर लेख्ने !' भन्ने प्रश्न गलत हो।

तथापि, कतिपयचाहिँ थर पनि नकारात्मक अर्थ लाग्ने खालका हुन्छन्। जस्तै : विश्वकर्मा जातिको एउटा थर जाँडाकामी भन्ने छ। उसले यस्तो गलत अर्थ लाग्ने थर लेख्नुको सट्टा सम्मानित अर्थ लाग्ने थर लेख्न पाउनुपर्छ।

समग्रमा मानव नै एक जात हो। प्रकृति, संस्कृति र राजनीतिले मानव-मानवबीच भिन्नता सिर्जना गरे तापनि विज्ञानले फरक नश्ल भनी प्रमाणित गर्न सक्दैन। ◆

विदेशबाट

छाउपडीको पीडा

छाउपडी प्रथाको सिकार भएर बर्सेनि नेपालका कैयौँ महिलाले ज्यान गुमाउँछन् । पश्चिम नेपालका महिला मासिक पाँच दिन र सुत्केरी अवस्थामा आफूले पाउनुपर्ने स्याहारसुसारबाट वञ्चित भई गोठमा बस्नाले शारीरिक तथा मानसिक पीडाबाट गुज्रनुपर्ने बाध्यतामा छन् । कोही सामूहिक बलात्कारको सिकार भएका छन् । कोही जाडोमा गोठभित्रै आगो बाल्दा निसास्सिएर मृत्युवरण गरेका छन् । कसैको मृत्यु सर्पको टोकाइबाट पनि भएको छ । कसैलाई परिवार तथा आफन्तजन बिरामी हुनुको दोषसमेत आउने गर्छ । घरमा सुत्न पाइने आशामा केही महिलाले गोठ नै भत्काइदिएका थिए । तर, उल्टै खुला आकाशमुनि सुत्न बाध्य भए । सबै महिला त्यस्तो विद्रोही हुनचाहिँ सकेका छैनन् । *साउथ चाइना मर्निङ पोस्ट*मा स्पेनी पत्रकार जिगोर अल्दामाल लेख्छन्, 'कति त आफूले अरूलाई हेर्दा वा छुंदा तिनका भाग्य बिग्रने भयले यसको विरोध गर्नेबारे सोच्दा पनि सोच्दैनन् । यो प्रथा गैरकानुनी हो भन्नेबारे कोही पनि अवगत छैनन् ।' पत्रकार अल्दामालले अछाम जिल्लाका केही महिलासँग कुरा गरी यो रिपोर्ट तयार पारेका हुन् । ◆

सुर-बेसुर

"वाम एकतालाई राजनीति र भविष्यको ग्यारेन्टी मान्न हुँदैन । वाम एकताका कारण स्थिर सरकार हुन्छ । शासकीय अस्थिरतालाई यसले तोड्छ, सुशासनको ग्यारेन्टी गर्छ, भ्रष्टाचार उन्मूलन गर्छ र अन्तर्राष्ट्रिय सम्बन्ध राम्रो बनाउँछ । यति भइसक्दा मुलुकमा लगानीमैत्री वातावरण बन्छ । पुँजीको वृद्धि र वितरणका लागि एउटा आधार तयार हुन्छ । मुलुक समृद्ध हुँदै जान्छ । एकताले यस्तो सम्भावनालाई नजिक्याएको मात्र हो ।"

घनश्याम भुसाल
अन्नपूर्ण पोस्ट

तस्बिरमा इतिहास



भाजुमानको कला : तत्कालीन प्रधानमन्त्री वीरशमशेरले वास्तुकलाविद् जोगलाल स्थापित (भाजुमान)लाई फोहरा दरबार निर्माण गर्न लगाएका थिए ।

सोझै

साताका चर्चित

श्रीजंग शाह

रूद्रकुमारी शाह

काठमाडौँको कान्तिपथमा रहेको तीन रोपनी जग्गा अस्पताललाई दान गरेकाले । सरकारी दरभाउ अनुसार एक अर्ब रूपियाँभन्दा बढी पर्ने यो जग्गा ९४ र ९० वर्षका शाह दम्पतीले आफ्नो शेषपछि नेपालगन्जको फत्तेबल आँखा अस्पतालको हुने गरी राजीनामा पास गरिदिए । हकदाबी लाग्ने एक मात्र छोरी ईश्वरी राणासँग मुद्दा-मामिला लडेर अस्पताललाई जग्गा दिलाएको हो, यो जोडीले ।

एक सिंहदरबार, दुई प्रधानमन्त्री

विजय गच्छदार, कमल थापा, टोपबहादुर रायमाझी, भीम रावल, सीपी मैनाली र चित्रबहादुर केसी । अनुमान गर्न सक्नुहुन्छ, यी ६ नेताहरूको नाम किन एकसाथ लेखियो ? जवाफ पाउन विसं ०७२ तिर फर्किनुपर्ने हुन्छ । त्यतिबेला प्रधानमन्त्री थिए, केपी शर्मा ओली । इतिहासमा सबैभन्दा धेरै उपप्रधानमन्त्रीका प्रधानमन्त्री हुने कीर्तिमान उनले राखे, जो अहिले फेरि प्रधानमन्त्री भएका छन् । ओली र प्रचण्ड कमरेडबीच आलोपालो प्रधानमन्त्री चलाउने गोप्य सहमति भएको गाइँगुइँ सुनिन्छ । यदि यथार्थ त्यो हो भने आलोपालो किन ? एकसाथ दुवै जना प्रधानमन्त्री भए, न झगडा, न त लफडा । आखिर ६ जना उपप्रधानमन्त्री अटाइसकेको सिंहदरबारमा दुई जना प्रधानमन्त्री कसो नअट्लान् ?

■ **वाटरगेट उपाध्याय**

एमालेका अन्तिम केपी !

चुनावअगाडि एमाले अध्यक्ष केपी ओलीले निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई कटाक्ष गरेका थिए- देउवा कांग्रेसका अन्तिम प्रधानमन्त्री । वाम गठबन्धनपछि चुनावी परिणामले त्यस्तै देखायो । कांग्रेस बेस्सरी बढारियो । देउवाले सिंहदरबार छाडे, उनको ठाउँमा आए ओली । उनी प्रधानमन्त्री भएपछि एमाले र नेकपा माओवादी केन्द्रबीच एकतामा हस्ताक्षर भइसक्यो । दुवै पार्टीको पुच्छर हटाउने अभूतपूर्व सफलतापश्चात् नेत्रविक्रम चन्द (विप्लव)को लालपुर्जा नै हड्पियो, नेपाल कम्युनिस्ट पार्टी । नवजात

बाराभको आविष्कार

'न्याय नपाए गोरखा जानू' भन्ने उखानका आविष्कारक जिल्लामै जन्मिएकाले होला, डाक्टर बाराभ (बाबुराम भट्टराई) होनहार सर्जक भएर निस्किए । दुई दशकअघि क्रान्तिको मसालका एक आविष्कारक यिनै थिए । भलै, कालान्तरमा समाज बदल्ने भनिएको आविष्कार हिंसात्मक अन्धकारमा बदलियो । आफ्नो आविष्कारले हावा खाँदैमा गलिहाल्ने यिनको रगतमै छैन । त्यसपछि समाज बदल्ने अर्को उपाय जन्माए, नयाँ शक्ति ।

नयाँ शक्ति नामक नूतन आविष्कारले पुरानो मालजत्तिको पनि काम गरेन । चमत्कारहीन साबित भए पनि उनी डगमगाएनन् । त्यसैले त उनले भर्खरै अर्को आविष्कार गरेका छन्, 'वैचारिक उज्यालो हराए लुम्बिनी जानू ।' बुद्धको जन्मथलोबाट दीक्षित यति शक्तिशाली र दार्शनिक आविष्कार प्रभावी बन्नेमा डाक्टर साब ढुक्क छन् । नयाँ आविष्कारले अरू केही नगरे पनि उखाने प्रधानमन्त्री केपी ओलीको मूल पहिचानलाई भने संकटमा पार्लाजस्तो छ । किनभने, डाक्टर साबका हर आविष्कार उखान नबन्ने त कुरै छैन ।

■ **लुकुवा बाजे**

मुख्यमन्त्रीको बलिदानी

सात प्रदेशमा सात मुख्यमन्त्री चुनिए । तर, यो मुलुकले जन्माजम्मी एक जना बलिदानी मुख्यमन्त्री पायो, प्रदेश-७ का महेन्द्रबहादुर शाही । नपत्याए उनको सरकारी निवास प्रवेशको दृश्य हेर्नूस् । उनले कालो बोको खोजीखोजी बलि चढाए अनि बल्ल निवास प्रवेश गरे ।

सशस्त्र संघर्षको पृष्ठभूमिले मात्र उनको बलिदानीको परिचय दिन सक्दैनथ्यो । यसैले आफ्नो बलिदानी पौरख उनले यसपटक देखाए । मान्छेहरू भन्छन्, कम्युनिस्ट भएर बलि चढाउने ? उनीहरूलाई के थाहा, बलि चढाइरहँदा माननीय मुख्यमन्त्रीले मार्क्सवाद र माओवादकै मन्त्र जपिरहेको कुरा ।

■ **रुन्चे राइँलो**

नेकपाको अध्यक्ष नै जुम्ल्याहा हुने भए । अब न एमाले रहने भयो, न त माओवादी केन्द्र । देउवा कांग्रेसका अन्तिम प्रधानमन्त्री हुन्छन्, हुँदैनन् दैव जाने ! बरू, ओलीचाहिँ 'एमालेका अन्तिम प्रधानमन्त्री' हुने पक्का भयो । आफ्नै बोलीको गोली लाग्ने गरी कस्तो अशुभ बोलेछन् ओलीले ?

■ लाल कुमाल

केपी–राधिका भ्यालेन्टाइन्स

हाम्रा प्रधानमन्त्री चन्द्रागिरि नगरपालिकाको इन्द्रदह पुगेछन् बहुत रोमान्टिक मुडमा । खुला आकाश, सुन्दर दृश्य र मनमोहक वातावरणबीच उनले पत्नी राधिकालाई गुराँसको फूल दिएछन् । फेब्रुअरी १४ अर्थात् भ्यालेन्टाइन्स डेमा उनी प्रचण्डसँग डिपलभमा थिए । त्यसैले उनले त्यसबेला पत्नी राधिकालाई सम्झनसम्म पनि भ्याएनन् । तर, उनले फेब्रुअरी २० को दिनलाई भ्यालेन्टाइन्स डेको रूपमा मनाए । लौ मन्त्रिपरिषद्को आगामी बैठकले आफ्नै प्रधानमन्त्रीको रोमान्टिक मुड चलेको दिनलाई प्रणय दिवस मनाउने उर्दी जारी गरोस् ।

■ सूर्जे नेवाः

झटारो | लक्ष्मण गाम्नागे

आगे श्रीमान्को जो विचार

उहिले-उहिले श्रीमतीहरूले श्रीमान्को नाम काढ्नु हुँदैन भनिन्थ्यो । अचेल श्रीमान्को जन्ममितिबारे प्रश्न उठाउनु हुँदैन भन्ने कुरा आएको छ । तर, यो कुनै आउरेबाउरे श्रीमतीका चाउरेपचाउरे श्रीमान्को जन्ममितिको कुरा होइन, सर्वोच्च श्रीमान्को शुभ-जन्ममितिको कुरा हो । केही अटेरी मानिस र केही उद्दण्ड सञ्चारमाध्यमहरूले शीर्षस्थ न्यायमूर्तिको जन्ममितिबारे अनेक प्रश्न तेर्स्याइरहँदा हामी उहाँका भक्तजनहरू पनि उहाँजस्तै आक्रोशित र उत्तेजित भएका छौँ ।

जाबो दुई-चारवटा जन्ममिति र शैक्षिक प्रमाणपत्रका विषयमा अनर्गल कुरा उठाउनेहरूलाई श्रीमान्ले 'नीच ढङ्गले भ्रम फिँजाउने तत्त्व'को संज्ञा दिइसक्नुभएको छ । हो नि त ! उहिल्यै केटाकेटीमा, युवाकालमा, स्कुलमा, गोठालामा, ससुरालीमा, हनिमुनमा अर्थात् सर्वोच्च पदमा पुग्नुभन्दा अगाडि भए/गरेका कुरा कोट्याएर यी तत्त्वहरूले नीच ढंगले भ्रम फिँजाइरहेका छन् । यसरी भित्रभित्र पसेर उधिन्न थाल्ने हो भने यो दुनियाँमा सद्दे मान्छे भेट्टाउन सम्भव छैन । यिनीहरूले श्रीमान्को प्रगति र ख्याति खप्न नसकेर बदनाम गरेका हुन् । यिनीहरूलाई त्यसै छाड्नु हुँदैन श्रीमान् !

यिनीहरूको खेती हेर्नुस् । एउटाले श्रीमान्का दुईवटा जन्ममिति फेला पारेर समाचार छाप्यो । अर्कोले तीनवटा भेट्टाएँ भन्दै अर्को समाचार छाप्यो । ती समाचारहरूले हिट खाएको देखेर यिनीहरू हजुरको जन्मकुण्डली मात्रै होइन, सालनालकै उत्खनन गर्न खोज्दैछन् । हुँदाहुँदा भर्खरै अर्को एउटा पत्रिकाले पाँचौँ नम्बरको जन्ममिति भएको कुण्डली भेट्टाएर बिस्कुन लगायो । यिनीहरूले हजुरको जन्मकुण्डली खोज्न मात्रै जागिर खाएका हुन् त श्रीमान् ?

त्यस्ता दुष्टहरूमध्ये एक जनालाई श्रीमान्ज्यूले 'मार्दिन्छु' भन्नुभयो भन्ने सुनियो । त्यो त ठीकै गर्नुभयो तर त्यो उद्दण्ड डाक्टरलाई चाहिँ ठेगान लगाउन सक्नुभएन है, हजुरले पनि । त्यसले श्रीमान्को अड्डामै आएर श्रीमान्का नाकैमा औँलो पुऱ्याउँदा पनि त्यसका पाता फर्काउन सक्नुभएन । यसमा चाहिँ हामी साह्रै दुःखी छौँ । त्यसबाहेक हामी श्रीमान्बाट सदा प्रसन्न छौँ ।

हजुर नेपालको न्यायिक इतिहासमै सबैभन्दा हक्की, निडर, नझुक्ने, नलजाउने, विरोधीहरूको सातो उडाउन सक्ने, वादविवाद प्रतियोगितामा सर्वोत्कृष्ट तथा सदा हँसमुख व्यक्तित्वका धनी इतिहासपुरुष नै हुनुहुन्छ । दर्जनौं अभियोग र आक्षेपहरूलाई पैतालामुनि दबाउँदै अघि बढ्न सक्ने यस्ता न्यायमूर्ति नेपालको इतिहासमा न पहिले थिए, न त अब हुनेछन् । हामीले थाहा पाएसम्म हजुर बालकैदेखि हरेक कुरामा सक्रिय, चञ्चले र नयाँनयाँ सिर्जना गर्ने स्रष्टा हुनुहुन्छ । हजुर पटक-पटक जन्मिनुहुन्छ । ००९ सालमा, ०१० सालमा, ०११ सालमा । एउटै नरचोलामा फरक-फरक समयमा यसरी पटक-पटक जन्मिने दोस्रो व्यक्तित्व आजसम्म हामीले देखेका छैनौं । नेता, मन्त्री, व्यापारी, वकिल, झगडियाहरू सबैसँग उपयुक्त सम्बन्ध कायम राख्न सक्ने समताभाव छ हजुरमा । हजुरजस्ता जाँगरिला न्यायमूर्ति पाएर यो देश र हामी नागरिक धन्य भएका छौँ । यस्ता महान् न्यायमूर्तिको मानमर्दन गर्ने नीच तत्त्वहरूलाई न्यायालयकै अपहेलना गरेको कसुरमा कारबाही गर्नैपर्छ । यिनीहरूलाई छाडा छोडिएमा पदावधि नसकिँदै यिनीहरूले हजुरको जागिर खाइदिन बेर लगाउँदैनन् श्रीमान् । यिनीहरूलाई कारबाही गर्नका लागि हजुरलाई थप समय चाहिन्छ भने श्रीमान्को ०११ सालको जन्ममितिवाला कुण्डली पेस गरेर अझै एक वर्ष यो पदमा कायम रहन प्रयास किन नगर्ने ! आगे श्रीमान्को जो विचार ।

kathmandupost.ekantipur.com
KMG
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

डा मृगेन्द्रराज पाण्डे ||

राजाका कुरा बुझ्नै मुस्किल

वीर अस्पतालको सरकारी डाक्टर भएर दरबारका साथै राजनीतिक क्षेत्र र सामाजिक क्षेत्रका विभिन्न व्यक्तिको स्वास्थ्य उपचारमा म निरन्तर सक्रिय भएँ । राजनीतिक दल र सामाजिक सेवासम्बद्ध व्यक्तिहरूको कुरा गर्दा बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुवर्णशमशेर, मनमोहन अधिकारी, कवि शिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण समजस्ता समाजमा आफ्नो नाम र पौरखले चिनिएका धेरै व्यक्तिको स्वास्थ्य उपचारमा म संलग्न रहेँ ।

राजनीतिक दलका व्यक्तिहरूको उपचारमा संलग्न हुने क्रममा कहिलेकाहीँ उनीहरूका बैठक-कक्ष हुँदै बेडरुमसम्म पनि पुगेँ होला । रोगसँग जुझिरहेको व्यक्ति र डाक्टरका बीचमा जे-जस्तो सम्बन्ध हुन्छ, उनीहरूसँग पनि मेरो त्यस्तै सम्बन्ध रह्यो । त्यसै कुरालाई लिएर मेरा विरुद्ध दरबारमा अनेक अफवाह पनि फैलाइयो । राजनीतिक दलहरूका उच्चपदस्थ व्यक्तिसँग मेरो राम्रो सम्बन्ध रहेकाले 'दरबारका धेरै कुरा नेताहरूसम्म पुऱ्याउने व्यक्ति यही हो' भन्ने ढंगले पनि राजा वीरेन्द्रका अगाडि मविरुद्ध धेरै कुराहरू पुऱ्याइएको रहेछ ।

राजा वीरेन्द्र विसं ०४६ को पूर्वार्द्धमा राजनीतिक दलहरूसँगको सघन संवादमा थिए । त्यस क्रममा राजामा कहिले नैराश्य र छटपटाहट देखिन्थ्यो भने कहिले पूर्ण सन्तुष्टिभावका साथ प्रस्तुत भएका देखिन्थे । वार्ता शान्तिपूर्वक र सकारात्मक मोडतर्फ अघि बढ्दा उनमा खुसीका रेखाहरू दौडिएको देखिन्थ्यो भने संवादहरू बीचमै टुट्दा र कुरा नमिल्दा दुःखी भएको पनि देखिन्थ्यो । राजाको निजी चिकित्सक भएकाले यस्ता कुरा मैले पनि नजिकै रहेर देख्ने र अनुभव गर्ने मौका पाएँ ।

यत्तिकैमा मुमाबडामहारानी रत्न चितवनको दियालो बंगलामा गएर बस्ने कुरा भयो । र, मलाई पनि उहाँको स्वास्थ्यसम्बन्धी रेखदेखका निम्ति त्यहीँ खटाइयो । दियालो बंगलामा उहाँको सामान्य चेकजाँच गरेपछि मेरो पनि के नै काम हुन्थ्यो र ! यसो मानिसहरू भेट्ने, त्यहाँका मानिसमा रहेको स्वास्थ्य स्थिति, रोग र रोकथामका लागि सल्लाह दिने काममै समय बितिरहेको थियो । कुराकानी गर्दै जाँदा चितवनको देवघाटमा एउटा स्वास्थ्य शिविर सञ्चालन गर्ने र जनचेतना जगाउने काम गर्नुपर्‍यो भन्ने मनमा लाग्यो ।

देवघाटका जनतामा साधु-समाज, मठाधीश र महन्तहरूप्रति बेग्लै किसिमको आस्था र विश्वास रहेछ । त्यो कुराको आभास पाएपछि त्यहाँका तीनै जना महन्तलाई एउटै मञ्चमा ल्याएर एउटा स्वास्थ्य शिविर उद्घाटन गर्ने र त्यहाँका जनतालाई स्वास्थ्यबारे जनचेतना जगाउने अभियान सुरु गर्नुपर्‍यो भनेर ती महन्तहरूलाई भेट्न गएँ । विशाल आश्रम निर्माण गरेर ती महन्तहरू एउटा उचाइमा पुगेका थिए । उनीहरूको नाम र प्रतिष्ठा उच्च थियो । मैले तीनै जनालाई एकै ठाउँमा ल्याएर शिविर सञ्चालन गर्ने आकांक्षा राखेँ । तर, एक जना महन्त गएको ठाउँमा अर्को जानै नमान्ने रहेछन् । धन-सम्पत्ति र घर-परिवार सबै त्यागेर हिँडेका र लोभ-मोह केही नभएका भनिएका त्यस्ता व्यक्तिमा पनि यस किसिमको अहम् देख्दा भने अचम्म लागेर आयो ।

यसैबीच प्रकाशचन्द्र लोहनीका पिता वेदप्रसाद लोहनीसँग देवघाटमै भेट भयो । उहाँ त्यतिबेला त्यहीँ बस्नुहुँदो रहेछ । उहाँलाई त्यहाँका जनताको स्वास्थ्य समस्याप्रति मैले चासो दिएको देख्दा उत्साह पनि मिलेको रहेछ । उहाँले नै महन्तहरूसँग 'एकपटक म कुरा गर्छु' भन्नुभयो ।

उहाँले महन्तहरूलाई मीठो भाषामा सम्झाउनुभएछ । 'राजाका निजी चिकित्सकले भनेको कुरा मान्दा जायज नै होला' भन्ने ढंगले सम्झाएपछि महन्तहरू सामूहिक रूपमा स्वास्थ्य शिविरमा सहभागी हुन सहमत भएछन् । त्यसपछि त शिविर बडो सानदार ढंगले सम्पन्न भयो । देवघाटमा साधु-सन्त मात्र होइन, त्यस क्षेत्रका तीनै जिल्लाका मानिसहरूले मृगेन्द्र सम्झना चिकित्सा गुठीका तर्फबाट प्रदान गरिएको निःशुल्क स्वास्थ्य सेवा लिने मौका पाए ।

तर, मैले त्यस्तो काम गर्न थालेको कुरा दरबारका केही मानिसलाई चित्त बुझेको रहेनछ । 'स्वास्थ्य शिविर सञ्चालन गर्ने बहानामा डाक्टरले राजनीति गर्न खोजेको' भनेर दरबारमा कुरा पुऱ्याएछन् । त्यति मात्र होइन, बडामहारानीको स्वास्थ्य रेखदेखका निम्ति खटिएको व्यक्ति सर्वसाधारणको स्वास्थ्य चिन्ता गरेर किन सडकमा उत्रिनु पऱ्यो !' भन्ने ढंगले आलोचना र कुराहरू दरबारमा पुऱ्याइएछ ।

मलाई पनि कता-कता डर लागेर आयो, कहीँ राजाले 'आफ्नो र दरबारको नाम बेचेर यस्तो काम गर्नुपर्ने के जरुरी थियो र ?' भनेर प्रश्न गरे भने के जवाफ दिउँला । यसैबीच बडामहारानी रत्नलाई भेट्न दियालो बंगलामा राजा वीरेन्द्र आएका बेला मेरो भेट भयो । राजा वीरेन्द्रले मेरो कामलाई लिएर न कुनै गाली गरे, न त कुनै प्रशंसा नै गरे । हाँस्दै यत्ति भने, 'डाक्टर ! यू आर हयाबिङ ए नाइस टाइम ?'

उनको यस आशयभित्र के रहस्य थियो, आजसम्म मैले बुझ्न सकेको छैन ।

|| प्रस्तुति : **ईश्वरी ज्ञवाली**

सिंहदरबार अझै टाढा

सडक सञ्जालले नछोएका अधिकांश ग्रामीण भेगको दैनिकी कठिन

प्रकाश बराल/बाग्लुङ

निसीखोला-२, बाहुनगाउँमा गत वर्षातमा गएको पहिरोले एकै घरका चार जनाको मृत्यु भयो । घाइतेलाई समयमै उपचारका लागि लैजान सकेको भए एक-दुई जनालाई बचाउन सकिन्थ्यो । सडकको समस्याले अस्पताल पुऱ्याउन कठिन भएपछि सबैले ज्यान गुमाए ।

बाहुनगाउँदेखि बुर्तिबाङ पुग्न चार घन्टा लाग्छ । केही समययता गाउँभरि पहिरो गएर छियाछिया भएपछि पुराना गोरेटा मेटिएका छन् । खोल्साखोल्सीमा ठूलठूला खाडल परेर आउजाउ गर्न नसकिने भएको छ । अहिलेसम्म गाउँ जाने सडक मर्मत भएका छैनन् ।

बालबालिका विद्यालय जान घुमाउरो बाटो हिँड्न बाध्य छन् । ज्योति बालविकास केन्द्रमा बालबालिका आउन नसकेपछि बन्दजस्तै भएको सहयोगी कार्यकर्ता बेलमती सापकोटा बताउँछिन् । गाउँ जाने सडक अभावले यहाँका धेरै जना निसी खोलाको किनारमा छाप्रो बनाएर बस्न थालेका छन् । निसी खोलामा मध्यपहाडी लोकमार्गको ट्र्याक खुलेको छ ।

काँडाखानीका सुकबहादुर विकलाई चामल किन्न बुर्तिबाङ पुगेर फर्कन एक दिन पूरै लाग्छ । मजदुरी गरेको कमाइले छाक टार्ने विक खाद्यान्न किन्न जाने दिन मेलापात गर्न भ्याउँदैनन् । उनका छिमेकी मोतीलाल स्वास्थ्य संस्था नजिक नभएकाले अपांगता भएकी छोरीको उपचार गर्न नसकेको गुनासो गर्छन् । भन्छन्, “नजिकमा उपचार हुँदैन, बोकेर कता पुऱ्याऔँ ? जन्मेदेखि नै खुट्टा टेकेकी छैन, अब कसरी उपचार होला ?”

निसी खोला गाउँपालिका भने कर्मचारी अभावले समस्या समाधान गर्न नसकेको प्रस्टीकरण दिन्छ । “सिंहदरबार गाउँमा आउँछ भन्थे, हामीले पुरानै गाविसजति सेवा पनि दिन सकेनौँ,” वडा अध्यक्ष कुविर विक निराश सुनिन्छन्, “जनप्रतिनिधि मात्र खटेर भएन, सेवा प्रवाह गर्ने कर्मचारी अहिलेसम्म पाउन सकेका छैनौँ ।”

वडाध्यक्ष विकका अनुसार चालू वर्षको सात महिना सकिन लाग्दा गाउँसभाको योजनामध्ये १० प्रतिशत पनि प्रगति भएको छैन । सात वडा भएको निसीखोला गाउँपालिकामा एक जना सचिव र एक जना कार्यालय सहयोगी मात्र छन् । ५० किलोमिटर पूर्वमा पर्ने बडीगाड खोला गाउँपालिकाका इन्जिनियरको सहयोगमा केही काम सुरु भए पनि धेरै योजना अलपत्र छन् ।

गाउँपालिका अध्यक्ष तारानाथ पौडेल पटक-पटक सदरमुकाम धाउँछन् । कर्मचारी पाएमा कार्यक्रम सञ्चालन गर्न सकिने आश राखे पनि कतैबाट सहयोग नपाएको उनको गुनासो छ । भन्छन्, “म पटक-पटक धाएको छु, प्राविधिक कर्मचारी मात्र पाउन सके पनि केही गर्न सकिन्थ्यो ।”

कठिन भूगोलले तमान खोलालाई पनि उत्तिकै सताएको छ । तमान खोलाका अधिकांश गाउँलाई अहिलेसम्म सडकले छोएको छैन । त्यहाँ विद्यालय र स्वास्थ्य चौकीको पनि अभाव छ । बुंगा दोभानस्थित स्वास्थ्यचौकी भवन ठेकेदारको लापरबाहीले अलपत्र छ । नजिकको माध्यमिक विद्यालयमा पढ्न पनि बालबालिकाले डेरा लिएर बस्नुपर्छ । स्वास्थ्य उपचार, खोप लगाउने र गर्भवती परीक्षणजस्ता सेवाबारे अहिलेसम्म थाहै नपाएका धेरै छन् । “खोप लगाउनुपर्छ, भारी बोक्न हुन्न भन्ने थाहा भएन । गर्भवती अवस्थामा पनि धेरै काम गर्दा दुईपटकसम्म बच्चा खेर गयो,” तल्लो ठासपुरीकी सुककली विकको दुखेसो छ, “मेलापात नगरेसम्म दुई छाक खानु छैन, काम नगरेर भयो त ?”

बुर्तिबाङदेखि खाद्यान्न बोकेर निसीखोला जाने क्रममा स्थानीय

गाउँपालिकाले भित्री वन, नर्जाखानी र पातलेसम्म सडकको ट्र्याक खोल्न यस वर्ष २५ लाख रुपियाँ छुट्याएको छ। उक्त बजेटले एक तिहाइ काम पनि नहुने प्रशासकीय अधिकृत खिमबहादुर विक बताउँछन्। भन्छन्, "कठिन भूगोलले गर्दा चाहेर पनि सडक खोल्न सकेका छैनौं। करोडौं बजेट नभएसम्म गाउँपालिकाका बस्तीमा बाटो पुर्‍याउन सकिँदैन।"

बुर्तिबाङदेखि बुंगा दोभानसम्म पुग्ने सडक १५ लाख रुपियाँ खर्चेर हिउँदमा चल्ने बनाएपछि गाउँलेले जिपमा यात्रा गर्न पाएका छन्। बुंगा दोभानदेखि तमान, लामेला, बोङखानी, देउराली र सोलेसम्म सडक पुर्‍याउने योजना बनाएर ५ देखि १५ लाख रुपियाँ विनियोजन गरिएको छ। गाउँमा आएको बजेटको दस गुणा खर्च गर्दा पनि ट्र्याक खोल्नै नसकिने विकको भनाइ छ।

गाउँपालिकाको आफ्नै आम्दानी छैन। भेडाच्यांग्रा निकासी कर, जडीबुटी बिक्रीलगायतबाट केही कर संकलन गर्न सकिने गरी योजना बनाएको अध्यक्ष जोकलाल बुढा बताउँछन्। भन्छन्, "आलु, अलैंचीलगायत केही खेतीबाट किसानको आम्दानी बढाउने गरी काम गर्न लागेका छौं। सानो बजेटले जटिल भूगोलमा काम गर्न धेरै गाह्रो भएको छ।"

गाउँपालिकाको आफ्नै भवन छैन। स्थानीय स्वास्थ्य संस्थाका केही कोठा प्रयोग गरेर कार्यालय स्थापना गरिएको छ। २५ लाख रुपियाँ लगानी गरेर स्वास्थ्य चौकीमा तला थपेपछि कामचलाउ कार्यालय राखिएको छ। प्रशासकीय अधिकृत, लेखापाल र दुई जना वडा सचिवबाहेक अन्य कर्मचारी छैनन्।

बडीगाढ-८, रणसिंकिटेनीका जीवन काउचाका अनुसार गाउँमा अझै पनि बिरामी र गर्भवती महिलालाई बोक्न डोको बुनेर राख्ने चलन छ। सामान्य बिरामी पर्दा पनि उपचार गर्न नसकी कतिपयले ज्यानै गुमाएका छन्। काउचा भन्छन्, "उपचार गर्नभन्दा अस्पताल पुग्न खर्च र समय धेरै लाग्छ। अझै कति वर्षसम्म यस्तो समस्या भोग्नुपर्ने हो?"

गाउँपालिकाले सबै वडा जोड्ने गरी सडक निर्माणको काम थालेको अध्यक्ष मेयरसिंह पाइजा बताउँछन्। भन्छन्, "सबै वडामा कम्तीमा जिप चल्ने बाटो बनाउन खोजेका छौं। तर, सोचेजस्तो काम गर्न बजेट अभाव छ, भूगोलको चुनौती छ।"

जैमिनी नगरका प्रमुख इन्द्रराज पौडेल विगतमा पूर्वाधारबिना नगरपालिका घोषणा भएको र अब विकासको बाटोमा लैजानुपर्ने चुनौती रहेको बताउँछन्। स्थानीय तहलाई अधिकार र काम गर्ने अवसरका रूपमा लिनुपर्ने उनी ठान्छन्। विद्यालयसम्म सडक पुर्‍याउन ब्याङथलादेखि छिस्ती जोड्ने सडकमा ५० लाख र कुश्मीसेरादेखिको कृषि सडकमा २५ लाख रुपियाँ बजेट विनियोजन गरेर काम भइरहेको छ। त्यस्तै, कुश्मीसेरादेखि गाजा दह जोड्ने सडकका लागि पनि ५० लाख रुपियाँ बजेट विनियोजन गरेर काम थालिएको छ।

केन्द्रीय बजेटमार्फत ०५४ देखि कुश्मीसेरा सडक लैजाने काम सुरु भएको थियो। तर, अहिलेसम्म धूले सडक मात्र भएकाले वर्षातमा नगरको मुकामसम्म आउजाउमा थप कठिनाइ हुने अनुमान छ। वर्षातमा नियमित बस चल्ने बनाउने गरी काम थालेको प्रशासकीय अधिकृत विष्णुप्रसाद सुवेदी बताउँछन्। भन्छन्, "पर्यटन, कृषि र व्यावसायिक विकासका लागि काम निरन्तर हुन्छ। तर, पहिलो प्राथमिकता दिएर पूर्वाधारमै खर्च गर्न बाध्य छौं।"

राष्ट्रिय राजमार्गबाट नगरभित्र आउनै मुस्किल भएकाले पूर्वाधारलाई जोड दिएको उनको भनाइ छ। चालू वर्ष ट्र्याक खुलेका सबै सडकलाई अर्को वर्ष स्तरोन्नति गर्न अहिलेदेखि स्रोतको खोजी भइरहेको पौडेलको कथन छ। हरेक सडक कम्तीमा आठ मिटरको बनाउने, सम्भव भएका स्थानमा १० मिटर चौडा पारेर नाली बनाउने भनिएको छ।

संघीयताको कार्यान्वयनपछि गाउँमा गएको बजेटले स्थानीय आवश्यकता पूरा गर्ने जिल्ला समन्वय अधिकारी रामप्रसाद आचार्य बताउँछन्। भन्छन्, "जिल्लाबाट हेरेको भन्दा गाउँ र नगरले छानेका योजना बढी प्रभावकारी हुन्छन्। धेरै योजना स्थानीय आवश्यकतामा बनेका छन्।"

रणनीतिक मार्गका रूपमा चिनिने सडकमा भने स्थानीय तहको बजेट कम रहेको उनको भनाइ छ। बाग्लुङदेखि गाजा दह हुँदै बरेङ जाने सडक, घोडाबाँधदेखि ताराखोला जाने तथा कुश्मीसेरादेखि बरेङ हुँदै शान्तिपुर पुग्ने सडकमा कम बजेट भएकाले पूर्णता पाउन नसक्ने उनको भनाइ छ। अघिल्लो वर्ष यी सडकमा २० लाखदेखि २५ लाख रुपियाँ मर्मतमा खर्च भएको थियो। अहिले ती सडकभन्दा ग्रामीण सडक प्राथमिकतामा परेका छन्। धौलागिरि बहुमुखी क्याम्पसका

निसीखोला–२, बाहुनगाउँ जाने जोखिमपूर्ण बाटो

तस्बिरहरू : प्रकाश बराल

प्राध्यापक मानबहादुर खत्रीका अनुसार बजार र केन्द्रसम्म पुग्ने सडक स्तरीय भएपछि मात्र विकास गाउँसम्म पुग्छ। भन्छन्, "अधिकांश बजेट टुक्रे योजनामा छरिएको छ। एउटा योजना पूरा गरेपछि अर्को थाल्ने चलन बसाल्दा दिगो बन्छन् भन्ने कुरा जनप्रतिनिधिले पनि बुझेनन्।" कार्यकर्ता पाल्ने योजना बनाएमा संघीयतामा गएर पनि विकासले गति लिन नसक्ने उनको टिप्पणी छ। ◆

दृष्टिकोण

सुजित मैनाली

ल्याउला, स्थिरताले विकास ?

प्रजातन्त्र दिवसको रात नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकीकरण गर्ने प्रारम्भिक आधारबारे लिखित सहमति भएपछि दुई पार्टी सिद्धान्ततः एक भइसकेका छन् । अब एकीकृत पार्टीको पदाधिकारी चयनलगायत काम सकिएपछि एकीकरण प्रक्रियाले पूर्णता पाउनेछ ।

पार्टी एकीकरण गरी स्थिर सरकार गठन गर्ने प्रतिबद्धताका साथ एमाले र माओवादी साझा घोषणपत्रमार्फत प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा होमिएका थिए । विसं ०४६ मा प्रजातन्त्र पुनःस्थापना भएयता बहुमतको सरकार गठन गर्ने अवसर नेपाली कांग्रेसले मात्र पाएको थियो । तापनि, उसले पाँच वर्षसम्म सरकार चलाउने कौशल देखाउन सकेन । जनताले कम्युनिस्ट पार्टीलाई कहिल्यै बहुमत दिएनन् । यस्तोमा एमाले र माओवादीले आफूहरूलाई बहुमत दिए स्थिर सरकार गठन गरी मुलुकलाई विकासतर्फ डोहोऱ्याउने चुनावी प्रतिबद्धता गरेका थिए ।

नभन्दै वाम गठबन्धनले सम्मानजनक बहुमत पायो । यसबाट नेपालको विकास र स्थायित्वका लागि स्थिर सरकार आवश्यक छ भन्ने कुरा बहुसंख्यक जनताले समेत महसुस गरेको पुष्टि भयो । साथै, प्रतिबद्धता अनुरूप पार्टी एकीकरण गर्न एमाले र माओवादीमाथि दबाब पनि सिर्जना भयो । अन्ततः पार्टी एकीकरण गर्ने सात बुँदे प्रारम्भिक आधारबारे दुई दलबीच लिखित सहमति भएपछि नेपालमा पहिलोपटक कम्युनिस्ट पार्टीको नेतृत्वमा स्पष्ट बहुमतसहितको सरकार बन्ने पक्का भएको छ ।

अस्थिर सरकार र (अ)विकास

विकासका प्रचुर सम्भावना हुँदाहुँदै पनि नेपाल किन अविकसित रहयो भन्नेबारे विमर्श गर्नेमध्ये अधिकांशले स्थिर सरकारको अभावलाई आर्थिक पछौटेपनको प्रमुख कारक मानेका छन् । हुन पनि ००७ यता निर्वाचनमार्फत दुईपटक मात्रै एउटै पार्टी (नेपाली कांग्रेस)को बहुमतप्राप्त सरकार गठन भयो । कम्युनिस्ट पार्टीका नेताहरूले नेतृत्व गरेका अधिकांश सरकार एक वर्ष नपुगीकन विघटन भए । कांग्रेस र राप्रपा नेतृत्वका सरकारले पनि त्यस्तै दुर्भाग्यपूर्ण नियति बेहोरे ।

कुनै पनि सरकारले पाँच वर्षसम्म प्रशासन सञ्चालन गर्न नपाएकाले दिगो विकासका योजनाहरूको तर्जुमा र कार्यान्वयन प्राथमिकतामा पर्न सकेनन् । एउटा सरकारले अघि सारेका योजना थाती राखेर अर्को सरकारले नयाँ योजना अघि सार्ने र त्यसपछि गठन हुने सरकारले पनि त्यही क्रम दोहोऱ्याउने प्रवृत्तिका कारण विकासका इमानदार प्रयास हुन सकेनन् । केही महिना मात्रै सरकारमा रहन पाइन्छ भन्ने असुरक्षाभावले नेताहरूलाई विकासका सघन प्रयासतर्फ इमानदारीपूर्वक प्रयत्न गर्नुको सट्टा 'पपुलिस्ट' योजना अघि सारेर 'स्टन्टबाजी' गर्न प्रेरित गऱ्यो । फलस्वरूप मुलुकले वर्षैपिच्छेजसो नयाँ सरकार पाइरह्यो । तर, विकास र समृद्धि पाएन ।

स्थिर सरकार र विकास

स्थिर सरकार विकासका लागि महत्त्वपूर्ण सर्त हो, प्रमुख सर्तचाहिँ होइन । सैन्य शासन भएका देशमा सेनाले दशकौँ शासन सञ्चालन गर्छ तर सैन्य शासनले कुनै पनि देशलाई उँभो लगाएको छैन । उदाहरणका लागि बर्मा अथवा पाकिस्तानलाई लिन सकिन्छ । दशकौँसम्म त्यहाँ सेनाले स्थिर शासन सञ्चालन गऱ्यो । दुवै देशमा प्रजातन्त्र आएको धेरै भएको छैन । सरकारको स्थायित्व र अकण्टक शासन विकासको प्रमुख सर्त हुँदो हो त यी दुवै मुलुक अहिले विकसित भइसकेका हुने थिए । तर, दुवै अझै अविकसित देशको सूचीमा छन् र नेपालले झैँ विकसित मुलुकसँग हात पसारेर जीविका चलाइरहेका छन् ।

पाकिस्तानमा प्रजातन्त्र आएपछि पनि सेनाको पृष्ठपोषण प्राप्त त्यहाँको स्थायी सत्ता असाध्यै बलियो छ । राज्य कमजोर रहेकाले आतंकवादीहरूले सत्ता कब्जा गरी त्यहाँको शस्त्रगृहमा रहेका पारमाणविक हतियारको दुरुपयोग गर्लान् भन्ने चिन्ता पश्चिमी मुलुकहरूबाट बेलाबेलामा प्रकट भइरहन्छ । यद्यपि, दशकौँदेखि पाकिस्तानबारे अध्ययन गर्दै आएका अमेरिकी राजनीतिशास्त्री स्टिफेन पी कोहेनले आफ्नो बहुचर्चित पुस्तक *द आइडिया अफ पाकिस्तान*मा पाकिस्तानी सेना बलियो र स्थिर रहेकाले त्यस्तो सम्भावना नरहेको लेखेका छन् । त्यति बलियो सेनाले दशकौँसम्म शासन चलाउँदा पनि पाकिस्तान किन विकसित हुन सकेन त ? विकासविद्हरूका भनाइमा, पाकिस्तानी राज्य स्थिर भए पनि जनताप्रति उत्तरदायी थिएन, राज्यसञ्चालकहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका थिए, जसका कारण स्थिर सरकार मात्रैले त्यहाँ विकास ल्याउन सकेन ।

नेपालको अनुभव

नेपालको अनुभव पनि पाकिस्तानको जस्तै छ । केपी ओलीको

एकल अथवा ओली र पुष्पकमल दाहालबीचको आलोपालो नेतृत्वले पाँच वर्षसम्म स्थिर सरकार सञ्चालन गरेमा नेपाल विकसित हुनेछ भनी आश गर्नेहरूले सम्झिनुपर्छ, राणाशाहीले १ सय ३ वर्ष र पञ्चायती व्यवस्थाले झन्डै ३० वर्ष लामो स्थिर शासन सञ्चालन गरेका थिए । तर, त्यतिबेला मुलुकको हविगत अझ खराब थियो ।

बलियो र स्थिर राज्यमा विकासका प्रचुर सम्भावनासँगै भ्रष्टाचार पनि फस्टाउँछ । सरकार जति बलियो भयो, विपक्षी र नागरिक समाज उति नै निष्प्रभावी बन्दै जान्छन् । यस्तोमा सरकार स्वेच्छाचारी भयो भने जनताको अधिकतम दोहन हुन्छ र मुलुक झन् पछि पर्छ ।

चन्द्रशमशेरले सिंहदरबार बनाउन ५० लाख रुपियाँ खर्च गरेका थिए । विदेशबाट आउने कीला, काँटी, फलामे छड, फलामे दलिन आदि मात्र खरिद गरिएको थियो । ती सामग्री भित्र्याउँदा भन्सार शुल्क मिनाहा गरिएको थियो । अन्य निर्माण सामग्री र श्रम निःशुल्क प्राप्त भएको थियो । काठका लागि काठमाडौँको एउटा जंगल खर्लप्पै मासिएको थियो । काठ ओसार्नेलगायत काममा झारा प्रथा अन्तर्गत श्रमिकहरूलाई निःशुल्क खटाइएको थियो । सिकर्मी, डकर्मी, भरिया आदिको काममा सैनिक, कैदी आदिलाई पनि लगाइएको थियो । ज्यालाका नाममा श्रमिकहरूलाई बेलाबेलामा राँगो र खसी काटेर खुवाइन्थ्यो । यसरी निर्माण गरेको सिंहदरबार चन्द्रशमशेरले राज्यलाई दुई करोड रुपियाँमा बेचे र त्यही दरबारमा बाँचुन्जेल बसे । बचेको डेढ लाख रुपियाँले आफ्नै थैलो भरे (पुरुषोत्तमशमशेर जबरा, *श्री ३ तथ्य वृत्तान्त-भाग २*, विसं ०६२, पृष्ठ : ६०-६१) ।

स्थिर तर जनताप्रति अनुत्तरदायी र भ्रष्ट सरकार हुँदाको परिणाम के भयो भने राणाशासनमा शासकहरू झन्झन् धनी बन्दै गए । जनताको अवस्थाचाहिँ अझ नाजुक बन्दै गयो । राणाशाही अन्त्य हुँदा नेपालको एक तिहाइ खेतीयोग्य जमिन बिर्ताबापत वितरण गरिएको थियो । कर नलाग्ने त्यस्तो जमिनमध्ये तीन चौथाइ राणाहरूको स्वामित्वमा थियो (महेश सी रेग्मी, *थ्याच्ड हट्स एन्ड स्टको प्यालेसेज*, सन् २०११, पृष्ठ : ४९) ।

पञ्चायती शासन सुरु भएपछि राजा महेन्द्रको दस वर्षे स्थिर शासनकालमा पूर्वाधार निर्माणका क्षेत्रमा अपर्याप्त नै सही, केही महत्त्वपूर्ण काम भए । जनताको जीवनस्तर सुधार्ने दिशामा चाहिँ ठोस काम हुन सकेन । राजा वीरेन्द्रको करिब २० वर्ष लामो अकण्टक शासनमा विकास र समृद्धिको दिशामा सिन्को भाँचिएन भन्दा पनि हुन्छ । पञ्चायतकालमा राजपरिवारका सदस्य र उनीहरूका आसेपासेको आर्थिक हैसियतले चाहिँ ठूलै फड्को मार्‍यो । राणाशाही अन्त्य नहुँदासम्म राजाहरूको आर्थिक अवस्था सबल थिएन । तलबभत्ताले खर्च धान्न नसकेपछि राजा त्रिभुवन राणा प्रधानमन्त्रीहरूसँग बेलाबेलामा पैसा माग्ने गर्थे । एकपटक अतिरिक्त पैसा माग्दा प्रधानमन्त्री जुद्धशमशेरले त्रिभुवनलाई 'मैले सरकारलाई भारतका साना-साना स्टेटका राजाको आमदानीसरह दिएकै छु, त्यसभन्दा बढी म टक्र्याउन सक्दिनँ' भन्दै अन्य भारदारहरूकै सामु झपारेका थिए (पुरुषोत्तमशमशेर जबरा, *श्री ३ तथ्य वृत्तान्त-भाग २*, विसं २०६२, पृष्ठ : २३६) । त्यस्तो अवस्थामा रहेको राजपरिवार र तिनका आसेपासेले पञ्चायतकालमा मुलुकको ढुकुटी रित्याएर आफ्नो ढुकुटी भर्ने काम गरे । समृद्धि र विकास हासिल गर्ने जनताको आकांक्षा त्यतिबेला पनि अपूरै रह्यो ।

> **सरकार जति बलियो भयो, विपक्षी र नागरिक समाज उति नै निष्प्रभावी बन्दै जान्छन् ।**

विकासका पूर्वसर्त

विकासका क्षेत्रमा सबैभन्दा बढी चर्चा गरिएको किताबमध्ये पर्छ, डारोन एसिमोग्लु र जेम्स रोबिनसनको *'ह्वाइ नेसन्स फेल'*। यसमा विकासका दुई प्रमुख पूर्वसर्तबारे चर्चा गरिएको छ। पहिलो सर्त हो, उन्नति गर्न सबैलाई समान अवसर उपलब्ध गराउने समावेशी अर्थतन्त्र । दोस्रो, स्थिर समावेशी प्रजातन्त्र ।

राजनीतिज्ञ र व्यापारीहरूबीचको साँठगाँठ प्रभावी हुने सिन्डिकेट प्रणाली संस्थागत भएमा मुठ्ठीभरका मानिसले बहुसंख्यकको दोहन गर्ने र देश झन्झन् गरिब हुँदै जाने निष्कर्ष पुस्तकमा छ। कन्चटमा औँला राखी रूखमुनि अथवा कुर्सीमा बसेर कल्पना गर्दै *ह्वाइ नेसन्स फेल*का लेखकद्वयले यो निष्कर्ष निकालेका होइनन् । अर्थतन्त्र र राजनीतिका जानकार यी प्राध्यापकद्वयले संसारभरका मुलुकहरूको विकासबारे सघन अध्ययन गरेर निकालेको यस्तो निष्कर्ष नेपालमा पनि उत्तिकै लागू हुन्छ भन्ने कुरा राणाकाल र पञ्चायतकालमा फस्टाएका भारदार तथा तिनका निकटका व्यापारीहरूसँग बाजुरा अथवा महोत्तरीका जनताको अवस्था दाँज्दा प्रस्ट हुन्छ ।

स्थिर सरकारको एकोहोरो आलापमा पूर्वाधार विकासको नारा घन्काएर सत्ता सञ्चालकहरूले आफ्नो दुनो सोझ्याउने काम मात्र त गर्दैनन् भन्नेमा सचेत रहनुपर्ने बेला आएको छ। यसपालि स्थानीय तह, प्रदेश सभा र संघीय संसद्मा जित्नेमध्ये ठेकेदार तथा व्यापारी धेरै छन् भन्ने खुलासा भइरहेका छन्। नेताहरूले जितेका ठाउँमा पनि चुनाव खर्च ठेकेदार र व्यापारीले नै धानेका छन्। यस्तोमा चिनियाँ रेलदेखि नेपालकै तेलसम्मको नारा उरालेर जनतामा आशा सञ्चार गरेको वर्तमान सरकारले विकासप्रतिको जनताको आतुरीलाई उपयोग गर्दै तीव्र विकास गर्ने बहानामा 'फास्ट ट्र्याक'मार्फत विकास खर्च गरेर नेता तथा ठेकेदारलाई मात्र लाभ हुने काम त गर्दैन भन्नेमा चनाखो रहनुपर्नेछ ।

अहिलेका प्रमुख सत्ता सञ्चालकहरूलाई विवादास्पद व्यापारीहरूले घेरेर राखेका छन् भन्ने कुरा ओली र दाहालले चुनावताका झापाको बिर्तामोडस्थित विवादित बीएमसी अस्पतालको हेलिप्याडबाट उडान भरेर बल्खुको बयोधा अस्पतालको हेलिप्याडमा अवतरण गरेको र पार्टी एकीकरणका निम्ति एक जना विवादास्पद मेडिकल व्यवसायीको घरमा निर्णायक 'वान टू वान' वार्ता गरेको कुराले पनि प्रस्ट पारेको छ । वामपन्थीहरूको वर्तमान सरकार भ्रष्ट भएमा खबरदारी गर्ने बलियो आवाजको खडेरी पर्नेछ । किनभने, प्रतिपक्षमा भ्रष्ट आचरणका कारण सर्वत्र दुत्कारिएको पार्टी बसेको छ । यस्तोमा सरकारलाई जिम्मेवार बनाउन मिडिया, नागरिक समाज र आमनागरिकले अझ चनाखो रहनुपर्ने भएको छ । ◆

नेपाली सेना

■ मनबहादुर बस्नेत

सैन्य अकूटनीति

नागरिक शासनका अवयवलाई जानकारी नै नदिई हुने सैन्य भ्रमणले सेनाको महत्त्वाकांक्षा र प्रभाव बढाउने खतरा

बेलायती सेना प्रमुख निकोलास प्याट्रिक कार्टर २४ माघमा काठमाडौं ओर्लिएको भोलिपल्टै अमेरिकी सेनाको प्यासिफिक कमान्ड प्रमुख रोबर्ट बी ब्राउन पनि अवतरित भए। बेलायती र अमेरिकी सेनाका उच्च अधिकारी उडेकै दिन २९ माघमा छिमेकी मुलुक भारतका सेनाध्यक्ष विपिन रावतको भ्रमण सुरु भयो।

नेपाली सेनाले आपसी व्यावसायिक सम्बन्ध सुदृढ तुल्याउन र सैन्य कूटनीति मजबुत बनाउन यी भ्रमण भएको जनाएको छ। अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न भनेर नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षत्रीले समेत बढ्दो क्रममा विदेश भ्रमण गरिरहेका छन्। भदौ ०७२ मा सेनापति बनेपछि क्षत्रीले एक दर्जन विदेश भ्रमण सकाइसकेका छन्। हालसम्म क्षत्रीले बेलायत, भारत, अमेरिका, चीन, श्रीलंका, दक्षिण कोरिया, फिलिपिन्स, संयुक्त अरब इमिरेट्स, बंगलादेश, क्यानाडा, लेबनान भ्रमण गरिसकेका छन्। जाम्बिया, बंगलादेश, म्यान्मारजस्ता देशका सेना प्रमुखले यही वर्ष नेपाल भ्रमण गरेका छन्। "सैन्य मुभमेन्ट अन्य बेलाको भन्दा अहिले बढी देखिन्छ," सुरक्षा मामिलाका जानकार गेजा शर्मा वाग्ले भन्छन्, "सेनाको अन्तर्राष्ट्रिय आवतजावत बाक्लो हुँदा विश्व समुदायमा सेना नै सर्वेसर्वा हो भन्ने सन्देश जान सक्छ।"

बाक्लो सैन्य चहलपहलले बाह्य मुलुकसँग आफ्नो प्रभाव बढाउन नेपाली सेनामा नजानिँदो पाराले हुर्कंदो मनोविज्ञानलाई संकेत गर्छ। यद्यपि, सैनिक प्रवक्ता एवं सहायक रथी गोकुल भण्डारी भने यसलाई आपसी सम्बन्ध बलियो बनाउने कदम मात्रै भएको बताउँछन्। यस्ता भ्रमणमा सैन्य कूटनीतिमार्फत नेपालसँग विभिन्न मुलुकबीचको सम्बन्ध प्रगाढ बनाउन भूमिका खेल्ने गरेको सेनाको दाबी छ। तर, उदेकलाग्दो के भने भ्रमणबारे सेनाले तालुकवाला रक्षा मन्त्रालयमा विस्तृत विवरण कहिल्यै बुझाउँदैन। मन्त्रालयका उच्च तहका एक अधिकारी भन्छन्, "हामी त जर्नेलहरूले ल्याउने प्रस्तावको साक्षी मात्र हो। मन्त्रालयलाई विस्तृत जानकारी दिन आवश्यक नै ठानिँदैन।"

बेखबर : रक्षा र परराष्ट्र

सेनापति क्षत्रीले एक दर्जन मुलुकको भ्रमण गरे पनि त्यहाँ कुन विषयमा के छलफल भयो, को-कोसँग भेटघाट भयो भनेर तालुकदार मन्त्रालय रक्षालाई कहिल्यै पत्तो हुँदैन। भ्रमणपछि सेनापतिले प्रधानमन्त्री र मन्त्रीलाई मौखिक ब्रिफिङसम्म भने गर्छन्। औपचारिकता निभाउन मात्रै गरिने यस्ता ब्रिफिङको अभिलेख कतै हुँदैन। रक्षा मन्त्रालयका प्रवक्ता एवं सहसचिव ऋषि राजभण्डारीका अनुसार सेनाका उच्च अधिकारीहरू भ्रमणमा गएको र आएको मितिबाहेक मन्त्रालयमा थप केही हुँदैन। उनी भन्छन्, "कतिपय कुरा गोप्य राख्नुपर्ने भएकाले लेख्य स्वरूपमा हामीलाई नबुझाइएको हुन सक्छ। यहाँको चलन नै यस्तो छ।"

कतिसम्म भने रक्षा मन्त्रालयलाई त सैन्य अधिकारीहरूको भ्रमणबारे टिप्पणी फाइल उठान गर्ने बेलामा मात्रै थाहा हुन्छ। अघिल्लो

तस्बिर साभार : नेपाली सेना

प्रधानसेनापति राजेन्द्र क्षत्री नेपाल भ्रमणमा आएका भारतीय समकक्षी विपिन रावत (बायाँ)सँग, १ माघ ०७४

सरकारका रक्षामन्त्री भीमसेनदास प्रधानका अनुसार सेनाका अधिकारीहरूले विदेशमा सुरक्षासम्बन्धी सेमिनार, गोष्ठीमा गएका बेला त्यहाँका सेना प्रमुख वा उच्च सैन्य अधिकारीहरूसँगको भेटमा भ्रमणको निम्तो आदान-प्रदान हुने प्रचलन रहेछ। "त्यसपछि फाइल आउँदा मात्रै भ्रमणबारे मन्त्रालयमा थाहा हुने रहेछ," प्रधान भन्छन्।

सम्भवत: यस्तै कच्चा तयारीका साथ भ्रमण तय हुने भएकाले कहिलेकाहीं सैनिक नेतृत्व आलोचनाको सिकारसमेत हुने गरेको छ। जस्तो : तीन महिनाअघि म्यानमार (बर्मा) का सेना प्रमुख मीन अङ हलइङको नेपाल भ्रमण विवादित बन्यो। पहिलो प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव सकिएलगत्तै २४ देखि २७ मंसिरसम्म भएको हलइङको भ्रमण, त्यहाँको सेना रोहिंग्या समुदायविरुद्ध जातीय सफाया अभियान चलाएको संगीन आरोप खेपिरहेको बेला भएको थियो। मानवताविरोधी अपराध गरेको भन्दै बर्मेली सेना विश्व समुदायबाटै अलगिएको बखत नेपाली सेनाको आतिथ्यता पाएको थियो *(हेर्नुस् : कुबेलाको भ्रमण, नेपाल ९ पुस ०७४)*। सेनाको यस्तो कदमले कूटनीतिक क्षेत्रमा नेपालको छवि धमिलिने भन्दै आलोचनासमेत भएको थियो। ज्ञातव्य रहोस्, गत भदौमा क्यानाडामा प्रशान्त क्षेत्रीय सेनापतिहरूको सम्मेलनमा सहभागी हुने कार्यक्रममा भेट भएका बेला सेनापति क्षत्रीले हलइङलाई नेपाल भ्रमणको निम्तो दिएका थिए।

सैन्य कूटनीतिलाई परराष्ट्र नीतिको एक अंग मानिन्छ। तर, गज्जब त के भने यस्तो कूटनीतिक अभ्यासका बारे परराष्ट्र मन्त्रालयलाई कहिल्यै केही थाहा हुँदैन। मन्त्रालयका एक सहसचिव तहका अधिकारीका अनुसार विदेशी सैनिक अधिकारीको नेपाल भ्रमणको अभिलेखबाहेक मन्त्रालयमा थप विवरण केही पनि हुँदैन। अझ नेपाली सेनाका अधिकारीहरूको विदेश भ्रमणबारे त परराष्ट्रमा जानकारीसमेत हुँदैन। त्यो, परराष्ट्रको दृष्टिमा विभागीय भ्रमण मात्र हो। "सुरक्षा र परराष्ट्र एकअर्कामा गाँसिएका विषय हुन्," त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति स्नातकोत्तर कार्यक्रमका संयोजक एवं सहप्राध्यापक खड्ग केसी भन्छन्, "त्यसैले सेनाका यस्ता भ्रमणमा भएका कुराकानी र सम्भावित उपलब्धिबारे रक्षा वा परराष्ट्र मन्त्रालयमा अभिलेख हुनुपर्छ। संस्थागत स्मरणका लागि समेत यो जरुरी छ। यसले नीति निर्माणमा मद्दत गर्छ।"

सैन्य कूटनीति बढाउने बेहोराको नेपाली सेनाको प्रेस विज्ञप्ति

भारत, बेलायत र अमेरिकासँग नेपाली सेनाको सैन्य स्तरको सम्बन्ध हो। यी मुलुकले नेपाली सेनासँग तालिमलगायतका संयुक्त सैन्य सहयोग आदान-प्रदानसमेत गर्दै आएका छन्। यीमध्ये भारतीय सेनाको सहयोग हिस्सा सबैभन्दा बढी छ।

सम्भवत: सेनाको प्रभाव विस्तार भएको आकलन गरेरै हुन सक्छ, चीनले समेत सेनासँग सैन्य तहमै सम्बन्ध विस्तार गरेको। ०६२/६३ को जनआन्दोलनपछि चिनियाँ पक्षले नेपाली सेनासँग व्यावसायिक सम्बन्ध विस्तार गऱ्यो। त्यसअघि सीमित नेपाली सैनिक अधिकारीले बेलाबखत चीनमा तालिम लिँदै आएका थिए। अहिले त चीनले नेपालसँग संयुक्त सैन्य अभ्यास नै गरिसकेको छ। गत ३ देखि १० वैशाखसम्म चिनियाँ र नेपाली सेनाले नेपालमा संयुक्त अभ्यास गरेको थियो। "नेपालमा सेना बलियो बन्दै गएको देखेकाले नै चीनले सैन्य सम्बन्ध विस्तार गर्न खोजेको हो," विश्लेषक बाग्ले थप्छन्।

भारत, बेलायत, चीन र अमेरिका विश्वका प्रभावशाली मुलुक भएकाले सामरिक हिसाबले समेत यी देशसँगको सैन्य सम्बन्धले महत्त्व राख्छ। तर, सैन्य र राजनीतिक रूपले उति महत्त्वपूर्ण उपस्थिति नरहेका मुलुकमा समेत सेनापतिको भ्रमण हुनुले भने सैन्य महत्त्वाकांक्षाको घनत्व बढेको आकलन गर्न सकिन्छ। उदाहरणका लागि, सेना प्रमुख क्षत्री लेबनान, संयुक्त अरब इमिरेट्स, फिलिपिन्स, दक्षिण कोरियालगायतका मुलुकमा समेत पुगेका छन्। "यस्ता मुलुकमा भ्रमणको निहुँमा धाइरहनु पदीय दुरुपयोग पनि हो," सुरक्षा मामिलाका अनुसन्धाता सफल घिमिरे भन्छन्।

कूटनीतिको दुरुपयोग !

सैन्य कूटनीति परराष्ट्र नीतिकै एउटा पाटो हो। यसलाई 'ट्र्याक टू डिप्लोम्यासी' समेत भनिन्छ। कहिलेकाहीं ट्र्याक टू डिप्लोम्यासीले मुलुकलाई ठूलो संकटबाट समेत जोगाउँछ। यसको उद्देश्य सैन्य सम्बन्ध

निरन्तरको सैन्य भ्रमण

विदेशी सैन्य आगमन

०७२

२६ कात्तिक
भारतीय सेनाध्यक्ष दलवीर सिंह । कात्तिक ०७१ मा पनि उनी मानार्थ महारथीको सम्मान लिन आएका थिए ।

०७४

२३ जेठ
बंगलादेशका सेनापति अबु बेलाल मोहम्मद सफिउल हक

२४ देखि २७ मंसिर
म्यानमारका सेना प्रमुख मीन अङ हलइङ

१९ देखि २५ पुस
जाम्बियाका आर्मी कमान्डर पाउल मिहोभा । राष्ट्रपति, प्रधानमन्त्री र रक्षामन्त्रीसँग अलग-अलग भेटघाट ।

२४ देखि २९ माघ
बेलायती सेना प्रमुख निकोलास प्याट्रिक कार्टर

२५ देखि २९ माघ
अमेरिकी सेनाका कमान्डिङ जनरल रोबर्ट बी ब्राउन

२९ माघदेखि १ पुस
भारतीय सेनाध्यक्ष विपिन रावत । १६ चैत ०७३ मा पनि उनी मानार्थ महारथीको सम्मान लिन आएका थिए ।

नेपाली सेनापतिको प्रस्थान

०७२

१८ देखि २३ माघ
भारत, मानार्थ महारथीको उपाधि ग्रहण

१४ देखि २० चैत
चीन, समकक्षी फाङ फेङ्घुईसँग भेट

१२ देखि २२ चैत
अमेरिका, 'हल अफ फेम'बाट सम्मानित

०७३

५ साउन ०७३
बेलायत भ्रमणका लागि मन्त्रिपरिषद्द्वारा स्वीकृति

२० देखि २५ भदौ
फिलिपिन्स र दक्षिण कोरिया

३० कात्तिकदेखि ५ मंसिर
बंगलादेश

०७४

६ देखि १२ असार
लेबनान । रक्षासचिव महेश दाहालसहित

१६ देखि ३१ असार
संयुक्त राष्ट्र संघको चिफ अफ डिफेन्स सम्मेलनमा भाग लिन अमेरिकामा, त्यसपछि बेलायत

१९ देखि २१ भदौ
क्यानाडा

२३ देखि २७ भदौ
क्यानाडाबाट संयुक्त अरब इमिरेट्स

२३ असोज
अमेरिकाको वासिङ्टन डीसी भ्रमणमा जान स्वीकृत दिने मन्त्रिपरिषद्को निर्णय

३ देखि ११ माघ
श्रीलंकामा प्रधानमन्त्री, रक्षा राज्यमन्त्री, स्थल, जल तथा हवाई सेना प्रमुखसँग भेटघाट

स्रोत : मन्त्रिपरिषद् सचिवालय

र स्रोतहरू उपयोग गरी मुलुकको मूल परराष्ट्र नीतिलाई सहयोग पुऱ्याउनु हो । "एउटै मुलुकको एकथरी परराष्ट्र नीति र अर्कोथरी सैन्य कूटनीति हुन सक्दैन," अनुसन्धाता घिमिरे भन्छन् । यसको अर्थ हो, सैन्य भ्रमणबारे परराष्ट्रलाई अनिवार्य जानकारी दिनु । तर, हाम्रो सेना यही अभ्यासमा चुकिरहेको छ । नेपालसँग सैन्य कूटनीतिको लिखित दस्तावेजसमेत छैन । त्यही भएर सेनाका सबै भ्रमणलाई सैन्य कूटनीतिको लेप लगाइदिने प्रचलनसमेत छ ।

"परराष्ट्र नीति अन्तर्गत नै सैन्य कूटनीति परिचालित हुनुपर्छ," नेपाली सेनाका पूर्वसहायक रथी विनोज बस्न्यात पनि भन्छन् । "कुन मुलुकको भ्रमण गर्ने वा नगर्ने भन्ने निर्णय भ्रमणबाट हुने उपलब्धि केलाएर गर्नुपर्छ । घुम्न मन लाग्यो भन्दैमा विदेश जाने अनि त्यसैलाई सैन्य कूटनीति भन्ने गलत परम्परा बस्दै गएको छ," बस्न्यात थप्छन् ।

सेनामार्फत गरिने अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा 'सिभिल अथोरिटी'को नियन्त्रण नहुँदा परराष्ट्र नीति नै असन्तुलित हुने खतरा हुन्छ । तर, विडम्बना ! जंगी अड्डाको बाह्य भ्रमणबारे सहकार्य गर्ने संयन्त्रकै अभाव छ । त्यही कारण सेनाको भ्रमणबारे रक्षा र परराष्ट्र मन्त्रालयलाई विस्तृत जानकारी नै हुँदैन ।

तत्कालीन परराष्ट्रमन्त्री प्रकाशशरण महतले ०७३ मा सेनाको शिवपुरीस्थित आर्मी कमान्ड एन्ड स्टाफ कलेजमा भएको सेमिनारमा जंगी अड्डा, रक्षा र परराष्ट्र मन्त्रालयबीच समन्वय गर्ने गरी संयन्त्र बनाउनुपर्ने बताएका थिए । तर, सेनालाई नागरिक सरकारको नियन्त्रणमा ल्याउने गहन विषयमा कुनै पनि सरकारको दृष्टि पुग्न सकेको छैन । "यस्तो संयन्त्र नहुँदा सेना हाबी भयो भन्ने गलत सन्देश गइरहेको छ," सेनाका अवकाशप्राप्त उपरथी हिमालय थापा भन्छन् ।

सैन्य भ्रमणका बखत सामरिक र संवेदनशील विषयमा समेत छलफल हुने भएकाले छलफलका एजेन्डाबारे राज्यका सबै निकायमा जानकारी दिनु व्यावहारिक नहुन सक्छ । तर, त्यसो भन्दैमा रक्षा मन्त्रालयलाई समेत बेवास्ता गर्नु बेठीक हुने सुरक्षा विश्लेषक घिमिरे बताउँछन् । रक्षालाई सैन्य भ्रमणमा भएका छलफलका एजेन्डा र उठेका विषयवस्तुसम्बन्धी विस्तृत प्रतिवेदन पेस गर्नुपर्ने उनको भनाइ छ । भन्छन्, "किनभने, सेनालाई मार्गनिर्देश गर्ने काम जनप्रतिनिधिले नेतृत्व गरेको निकाय (रक्षा मन्त्रालय) को नै हुनुपर्छ ।" ◆

KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

जंगी राष्ट्रकवि

विवादमा मानार्थ सहायक रथीको दर्जा

राजकुमार बानियाँ

राष्ट्रकवि माधवप्रसाद घिमिरे, ९९, फौजी पोसाकमा देखिए, २ फागुनमा । राष्ट्रपति विद्यादेवी भण्डारीले जंगी अड्डामा घिमिरेलाई नेपाली सेनाको मानार्थ सहायक रथी (ब्रिगेडियर जनरल)को दर्ज्यानी चिह्न लगाइदिइन् । मानार्थ एकतारे जर्नेलको पद पाएपछि राष्ट्रकवि त खुसी देखिए तर उनका काव्यपारखीहरू दुःखी भए ।

सामाजिक सञ्जालमा कतिपय प्रशंसकले 'राष्ट्रकविको घटुवा र अपमान' भएको टिप्पणी गरे भने कतिपयले कविवरलाई 'कम्ब्याट ड्रेस' नसुहाएको । कसै-कसैले त जेठा कविलाई 'लोभी' समेत भनिदिए । मजाक कतिसम्म हुन थाल्यो भने एक जनाले फेसबुकमा लेखे, 'मैले भर्खरै एउटा कविता लेखेँ । सेनाले च्याप्प समातेर लप्टनको फुली लगाइदिन बेर छैन ।'

२६ माघमा शेरबहादुर देउवा नेतृत्वको सरकारले राष्ट्रिय गीत, नेपाली भाषा र साहित्यका विविध विधामा पुऱ्याएको योगदानको कदरस्वरूप मानार्थ सहायक रथी दिने निर्णय गरेलगत्तै लैनचौरस्थित निवासमा वयोवृद्ध राष्ट्रकविले अन्तर्वार्ता नै दिए, 'मुलुकमा शान्ति र स्थिरताका लागि सेनाको महत्त्वपूर्ण भूमिका छ । मलाई दिन लागिएको दर्जाप्रति सन्तोष लागेको छ ।'

गौरवशाली इतिहास बोकेको नेपाली सेनाले यी कविलाई तामझामका साथ सैनिक पोसाक किन भिराउनु परेको हो ? अहिलेसम्म त्यसको चित्तबुझ्दो जवाफ भेटिएको छैन । उनी पञ्चायतकालमा नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानको कुलपति भइसकेका कवि हुन् । प्रजातान्त्रिक व्यवस्थामा पनि उनको व्यक्तित्वमा 'राष्ट्रकवि'को कल्की थपिएकै हो । सरकारी र गैरसरकारी क्षेत्रबाट सबैभन्दा धेरै अनगन्ती मान-सम्मान र सुविधा पाउने नेपाली लेखकको सूची बनाउने हो भने उनकै नाम शीर्षपंक्तिमा आउँछ ।

कुनै पनि सम्मानले व्यक्तित्वमा शोभा बढाइदिन्छ । तर, मानार्थ दर्ज्यानीले घिमिरेको गरिमा पटक्कै बढाएन । किनभने, घिमिरेलाई कसले सलाम ठोक्ने ? उनले कसलाई सलाम ठोक्ने ? राष्ट्रकविको सर्वोच्च सम्मान पाइसकेका व्यक्तिलाई मानका खातिर मान मात्र देखिने दर्जा दिइएकामा कविकै तप्का पनि खुसी देखिएन ।

साहित्यकार खगेन्द्र संग्रौला कलम चलाउने कविलाई बन्दुक भिराइदिनुलाई हिटलरी शैलीका रूपमा अर्थ्याउँछन् । "कवि-लेखक भनेको स्थायी प्रतिपक्ष हो । ऊ जहिल्यै राजनीतिक, धार्मिक, आर्थिक सबै खाले सत्ताको विपक्ष र आमजनताको पक्षमा उभिन्छ, सत्ताले पगरी गुथाएको कवि-लेखक जनताको रहँदैन," उनी भन्छन्, "जर्साबलाई गुलाम चाहिन्छ । कविवर माधव घिमिरे त राजीखुसी गुलाम भए ।"

यस प्रकरणमा राष्ट्रपति विद्यादेवी भण्डारी सुझबुझ देखाउन चुकेको टिप्पणी गर्छन् संग्रौला । "राष्ट्रपति भनेको सबै नागरिकको अभिभावक हो । सबै नागरिकका मान-प्रतिष्ठाको रक्षक हो," उनको टिप्पणी छ, "कवि या कलाकारको महत्त्व बुझेको भए उनले सरकारको सिफारिस बदर गर्न सक्थिन् । तर, उनले अभिभावकीय भूमिका निर्वाह गर्न सकिनन् ।"

छिमेकीलाई मानार्थ जर्नेल

स्रोतका अनुसार एकतारे जर्नेल लिने रहर कविवर घिमिरेकै हो । यसमा स्वयं प्रधानसेनापति राजेन्द्र क्षत्रीले दौडधूप गरे । उनले कति गोप्य काम गरे भने निवर्तमान रक्षामन्त्री भीमसेनदास प्रधानले सुइँको समेत पाएनन् । प्रधानसेनापति क्षत्रीले सीधै प्रधानमन्त्री शेरबहादुर देउवालाई 'कन्भिन्स' गराए । र, देउवाले मन्त्री प्रधानलाई

२६ माघको मन्त्रिपरिषद्मा 'जसरी पनि प्रस्ताव ल्याउन' ठाडो आदेश दिएपछि रक्षा मन्त्रालयले त्यसको औपचारिकता पूरा गरिदियो ।

यस प्रकरणमा जंगी अड्डा कति हाबी भएको देखिन्छ भने रक्षा मन्त्रालयका अधिकारी आफूहरू 'रबर स्ट्याम्प' मात्र भएको लाचारी सुनाउँछन् । "रक्षा मन्त्रालय साक्षी मात्रै बसेको हो । जंगी अड्डाले जे ल्यायो, त्यही सदर गरिदियौँ," रक्षा मन्त्रालयका एक सहसचिव भन्छन् ।

घिमिरेलाई मानार्थ दिन प्रधानसेनापति

तस्बिर सौजन्य : नेपाली सेना

किन अघि सरे त ? खासमा प्रधानसेनापति र राष्ट्रकवि छिमेकी हुन्। लैनचौर (कपूरधारा)को अलकाबस्ती मार्गका घिमिरे र क्षत्रीको निवास सामाखुसीबीच खासै दूरी छैन । उनीहरू दुवैको पुर्ख्यौली थलो लमजुङ हो । फेरि, कसलाई मानार्थ दिने र कसलाई नदिने भन्ने निर्णयमा प्रधानसेनापतिको चाहना नै सर्वेसर्वा हुन्छ । प्रधानसेनापतिको नजिक हुनेले मात्रै मानार्थ पाउन सक्छन्। एक उच्च सैनिक अधिकारी भन्छन्, "प्रधानसेनापतिको सदिच्छा अनुसार नै देखावटीका लागि प्रक्रिया सुरु हुन्छ ।"

राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई सम्मान-पत्र प्रदान गर्ने क्रममा राष्ट्रपति विद्यादेवी भण्डारी

खासगरी संगीतकार अम्बर गुरुङलाई मानार्थ महासेनानी दिने २ भदौ ०६८ को सरकारी निर्णयलगत्तै कवि घिमिरेले यसमा चासो देखाएका थिए । गुरुङलाई मानार्थ दिने विशेष पहल गरेका थिए, तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङले । सैनिक गान 'रातो र चन्द्र सूर्य, जंगी निसान हाम्रो'मा संगीत दिएका गुरुङलाई मानार्थ दिएपछि त्यसका रचनाकार गोपालप्रसाद रिमाललाई पनि मरणोपरान्त त्यो दर्जा दिनु एकखाले बाध्यता भयो। यद्यपि, सेनाभित्रै पनि उनीहरूलाई मानार्थ दिने विषयमा मतभेद थियो। "गैरसैनिकलाई फुली लगाइदिनुपर्ने राष्ट्रिय सेनाको कस्तो बाध्यता हो ?," एक अवकाशप्राप्त जर्नेल असहमति जताउँछन्, "रिमालले दोस्रो विश्वयुद्धपछि जुद्धशमशेरका पालामा लेखेको कवितालाई सेनाले गान बनाउँदैमा या संगीत भर्दैमा जर्नेल दिनुपर्छ र ?"

यी पनि गैरसैनिक जर्नेल

गैरसैनिकलाई अहिले पहिलोपटक जर्नेल बनाइएको भने होइन । राणाको हुकुम प्रमांगीमा निजामतीले पनि जंगी पद पाउँथे । ००७ सालको परिवर्तनपछि पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला, पूर्वमन्त्री विश्वबन्धु थापा र तत्कालीन राजपरिषद् स्थायी समितिका सभापति भूपालमानसिंह कार्कीले पनि 'जनरल'को दर्जा पाएका थिए। औपचारिक राजकीय हैसियत नहुँदा मर्यादाक्रममा राणाभन्दा पछाडि रहनुपरेपछि राजा त्रिभुवनले कोइरालालाई 'जनरल'को दर्जा दिएका थिए । पछि 'जनरल'को पोसाक लगाएर जाँदा उनलाई राजा महेन्द्रले हप्काएको प्रसंग इतिहासमा उल्लेख छ । कार्कीले त नामको अगाडि नै 'जनरल' लेख्ने गरेका थिए ।

राजा वीरेन्द्रले भने गैरसैनिकलाई मानार्थ दर्जा दिएनन् । सैनिक नियमावली, २०६९ मा गैरसैनिकलाई मानार्थ दिने व्यवस्था छैन। पेसा र कामको मूल्यांकनका आधारमा सैनिकले मात्र मानार्थ पाउँछन्। तर, युनिफर्म लगाउन पाउँदैनन् ।

त्यसो त घिमिरेलाई मानार्थ दिइएको घटनालाई सेनाभित्रै पनि सकारात्मक रूपमा लिइएको छैन । किनभने एउटा क्याडेटलाई सहायक रथीमा पुग्न जिन्दगी नै सेनामा बिताउनुपर्छ । सहायक रथी पद हो । कुनै मानपदवी या विभूषण होइन। भोलि कानुनी प्रश्न उठ्दा गैरसैनिक मानार्थहरूको दर्जा बदर हुन पनि सक्छ ।

नेपालको कुन कानुन, ऐन र दफाका आधारमा मानार्थ दिइएको हो भन्ने विषयमा सेना स्वयं मौन छ । नेपाली सेनाका प्रवक्तासमेत रहेका सहायक रथी गोकुल भण्डारीले सेनाकै प्रस्तावमा सरकारले घिमिरेलाई मानार्थ सहायक रथी दिएको बताए पनि अन्य कुरा खोल्न चाहेनन्। सेनाले घिमिरेलाई यो पद दिनैपर्ने कुनै बलियो कारण पेस गरेको छैन । 'राष्ट्रिय गौरव र देशभक्तिसम्बन्धी साहित्यिक योगदान गरेको हुनाले' मात्र भनेको छ ।

यति मात्र कारण आफैँमा पर्याप्त छैन । सैनिक गीत वा राष्ट्रिय गान नै लेखेका कुनै सर्जक भए उनलाई अपनत्व लिन यसो गर्न सकिन्थ्यो । घिमिरेको 'गाउँछ गीत नेपाली...'लाई सायद देशभक्तिको गीत मानियो तर यो सेनाको संगठनसँग भन्दा पनि समग्र राष्ट्रसँग सम्बन्धित गीत हो ।

सेनाले गैरसैनिक क्षेत्रसँग सम्पर्क फैलाउन् सैन्य-नागरिक सम्बन्ध सुदृढीकरणका लागि राम्रै मान्न सकिए पनि राष्ट्रकवि घिमिरेलाई मानार्थ सहायक रथीको पद दिने काम त्यस्ता क्षेत्रसँगको अन्तरक्रिया होइन, लाभ वा पद वितरण गर्ने खालको देखिएको छ । "यसले समग्र क्षेत्रमा अहिले नै सेनाको प्रभाव बढाइहाल्ने लक्षण नदेखिए पनि अन्य क्षेत्रको भूमिका खुम्च्याउन सक्छ," सैन्य मामिलाका अनुसन्धाता सफल घिमिरे भन्छन्, "यो चलनले सेना पनि दिने निकाय हो भन्ने नजिर बस्न सक्छ । समाजसँग उसको अन्तरक्रियामुखी होइन, दाता र प्रापकजस्तो सम्बन्ध बस्छ । यसले भोलि सशस्त्र प्रहरी वा नेपाल प्रहरीलाई यस्तै चलन थाल्ने आधार पनि दिएको छ ।"

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मानपदवी दिन सक्ने संवैधानिक व्यवस्था छ । "मानार्थ सहायक रथीलाई मानपदवी मान्ने हो भने नेपाली सेनाका सारा पदलाई मानपदवी या विभूषण मान्नुपर्‍यो," एक बहालवाला सैनिक अधिकारी भन्छन्, "मानार्थ सहायक रथी दिन मिल्छ भने मानार्थ सचिव, मानार्थ प्रहरी महानिरीक्षक या मानार्थ न्यायाधीश दिन मिल्छ कि मिल्दैन ?" ◆

राष्ट्रपतिको असं

तस्बिर : शालिग्राम तिवारी

सरकार गठन र राष्ट्रिय सभाको मनोनयनमा राष्ट्रपतिद्वारा गलत नजिर स्थापित

बाबुराम विश्वकर्मा

निर्वाचन आयोगले प्रतिनिधिसभाको मत परिणाम राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको भोलिपल्ट ३ फागुन ०७४ मा शीतल निवासको व्यस्ततामा १ सय ८० डिग्रीको बदलाब देखियो । हेरौं, शीतल निवासको एकदिने हतारो :

घटना-१ : नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीद्वारा नेकपा माओवादी केन्द्रको समर्थन-पत्रसहित आफूलाई प्रधानमन्त्री पदमा नियुक्त गर्न राष्ट्रपतिसमक्ष दाबी प्रस्तुत ।

घटना-२ : राष्ट्रपति भण्डारीद्वारा संविधानको धारा ७६ को उपधारा २ बमोजिम नेकपा एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा नियुक्त ।

घटना-३ : प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा शीतल निवास पुगेर राष्ट्रपति भण्डारीसमक्ष राजीनामा पेस ।

घटना-४ : राष्ट्रपतिद्वारा प्रधानमन्त्री देउवा र उनको मन्त्रिपरिषद्लाई धन्यवाद ज्ञापन ।

घटना-५ : अपराह्न ४ बजे राष्ट्रपतिद्वारा प्रधानमन्त्री ओलीको शपथ । त्यस्तै, जनसंख्या तथा वातावरण मन्त्री लालबाबु पण्डित र महिला, बालबालिका तथा समाजकल्याण मन्त्री थममाया थापाको समेत शपथ ।

वैधानिक कदम

तस्बिर : अनिश रेग्मी

राष्ट्रपतिको विरोधमा सडकमा उत्रिएका नेविसंघका विद्यार्थी

एकै दिनका यी घटनाक्रमले राष्ट्रपति कार्यालयको स्वाभाविक व्यस्ततालाई दर्शाउँदैन । बरू, राष्ट्रपति भण्डारीमा राजनीतिक आग्रह थियो, आग्रह अनुकूलका निर्णय गर्न उनी तम्तयार थिइन् र त्यसका निम्ति अनुकूल राजनीतिक परिस्थितिको पर्खाइमा थिइन् भन्ने स्पष्ट हुन्छ । तर, उनको यो हतारो र आग्रहले राष्ट्रपति संस्थाको गरिमा, संवैधानिक प्रावधान र संसदीय मान्यतामाथि नै प्रहार गरेको छ । राष्ट्रपतिबाट नयाँ संविधानको पहिलो अभ्यासमै गलत नजिर स्थापित गरिएको छ ।

सरकार पहिला, संसद पछि

चुनावी जनादेशबाट गठन भएका कारण केपी ओली नेतृत्वको सरकारको राजनीतिक वैधतामा प्रश्न नउठे पनि राष्ट्रपति भण्डारीले गरेको हतारोका कारण सरकार गठनको संवैधानिक विधि एवं प्रक्रियाको गम्भीर उल्लंघन भएको छ । नेपालको संविधानको धारा ७६ मा प्रधानमन्त्री नियुक्तिसम्बन्धी तीन प्रकारका व्यवस्था छन् । धारा ७६ (१) मा प्रतिनिधिसभामा बहुमतप्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ । तर, प्रतिनिधिसभाको निर्वाचनबाट कुनै पनि दलले एकल रूपमा बहुमत प्राप्त गरेको छैन । कुनै पनि दलको एकल बहुमत नभएपछि दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकारको प्रक्रियामा जानुपर्छ ।

कुनै दलको एकल बहुमत नभएको, दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार पनि बन्न नसकेको अवस्थामा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्न सकिने व्यवस्था धारा ७६ (३) मा छ । तर, राष्ट्रपतिले एमालेको एकल बहुमत भएजसरी ओलीलाई नियुक्त गरिदिइन्, आफ्नो पक्षमा बहुमत भएको र माओवादी केन्द्रको समेत समर्थन रहेको दाबीकै आधारमा ।

त्यसो त संघीय संसद्ले पूर्णता पाएकै थिएन । नयाँ संसद्ले आफ्नो कार्य प्रारम्भ पनि गरेको थिएन । नयाँ संसद् नै नजन्मिई सरकार जन्मिएको छ । जबकि, संसदीय व्यवस्थामा संसद्ले सरकार जन्माउँछ, राष्ट्रपति कार्यालयले होइन । संवैधानिक कानुनका विज्ञ एवं वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीका अनुसार संसद्मा सांसदहरूले शपथग्रहण गर्नुअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिनुपर्थ्यो । शपथपछि राष्ट्रपतिले संविधानको धारा ७६ (१) अनुसार सरकार गठनको आह्वान गर्नु सुल्टो बाटो हुन्थ्यो । तर, संघीय संसद्ले पूर्णता नपाई, सांसदले शपथ नै नलिई अनि वैधानिक रूपमा संसदीय दल नै नबनी हतारमा प्रधानमन्त्री नियुक्त गरियो । ज्ञवाली भन्छन्, "संसदीय पद्धति बाइपास गरेर सक्रिय राष्ट्रपतीय पद्धतिबाट सरकार बन्यो । यसले संविधानवाद र संसदीय परम्पराको खिल्ली नै उडाएको छ ।"

राष्ट्रपति कार्यालयको हतारोले संविधानको धारा ७६ को उपधारा (१)लाई 'बाइपास' नै गरिदिएको छ । उपधारा

१ मा प्रस्टै लेखिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्ति गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ ।' संविधानमा सरकार गठनको यो नै पहिलो विकल्प हो । संविधानको संरक्षक राष्ट्रपतिलाई यो विकल्पको उपेक्षा गर्ने छुट छैन । तर, यो विकल्पमा प्रवेशै नगरी धारा ७६ (२) अनुसार संयुक्त सरकार गठन गरिएको छ । उपधारा (२) मा 'कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गर्ने' उल्लेख छ ।

प्रतिनिधिसभामा कुनै दलको बहुमत छ वा छैन भन्ने कुरा प्रतिनिधिसभामै प्रमाणित हुनुपर्छ । तर, त्यसको परीक्षण र प्रयोगबिना नै दोस्रो विकल्प अपनाइयो । अझ प्रधानमन्त्री ओली स्वयंले प्रतिनिधिसभा सदस्यका रूपमा शपथ खाएका छैनन् भने कुनै पनि राजनीतिक दलका संसदीय दलहरू बनेका छैनन् । २० फागुन ०७४ मा बोलाइएको संसद्को पहिलो अधिवेशनबाट मात्र राष्ट्रिय सभा र प्रतिनिधिसभाले विधिवत् रूपमा औपचारिक रूप लिनेछन् भने दुवै सदनका सदस्यहरूले शपथग्रहण पनि त्यही दिन गर्नेछन् । संविधानतः शपथ नलिएको व्यक्ति सांसद हुँदैन अनि सांसद नै नभई संसदीय दलको नेता चुन्ने व्यवस्था छैन । ज्ञवाली भन्छन्, "प्रधानमन्त्री संसद्बाट मात्र आउन सक्ने व्यवस्था संविधानले गरेको छ । तर, शपथ नै नलिएको व्यक्ति प्रतिनिधिसभाबाहिरबाट प्रधानमन्त्री बनाइयो । यो गम्भीर संवैधानिक त्रुटि राष्ट्रपतिबाट भएको छ र यसलाई अब सुधार गर्ने ठाउँ छैन ।"

संसद् गठनमै झेली

संविधानको धारा ८४ (८) को संघीय व्यवस्थापिकामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्थामा टेकेर निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनको मतगणना सकेर पनि तत्काल मत परिणाम सार्वजनिक गरेन । संघीय संसद्को पूर्णताका लागि राष्ट्रिय सभाको चुनाव अपरिहार्य रहेको तर्क निर्वाचन आयोगले गर्‍यो । र, राष्ट्रिय सभामा निर्वाचित हुने सदस्य संख्यामा महिला प्रतिनिधित्व यकिन भएपछि मात्र प्रतिनिधिसभाको समानुपातिकतर्फको सिट बाँडफाँट गर्ने प्रक्रिया आयोगले अवलम्बन

'राष्ट्रपतिले राजनीति गरिरहनु भएको छ'

– प्रा युवराज संग्रौला, पूर्वमहान्यायाधिवक्ता

नौ वर्षे राष्ट्रपति प्रणालीको अभ्यास कस्तो भयो ?

हाम्रा दुवै राष्ट्रपति जनता र देशले खोजेको राष्ट्रपति बन्न सक्नु भएन । राष्ट्रपतिको अवधारणा नै बुझिएन र गलत अभ्यास गरियो । राष्ट्रपतिको पदीय मर्यादा र गरिमा बाँकी रहेन । किनभने, राष्ट्रपति बोल्दा वा सडकमा हिँड्दा जनताको निराशा हट्नु पर्थ्यो । त्यस्तो भएन ।

किन भयो यस्तो ?

राजनीतिक दलहरूले राष्ट्रपतिलाई विवादमा ल्याउँदै आएका छन् । मन्त्रिपरिषद्ले पनि राष्ट्रपतिलाई पटक-पटक विवादमा ल्याउने काम गरेका छन् र पछिल्लो पटक निर्वाचन आयोगले राष्ट्रपतिलाई विवादमा ल्याएको छ । आफ्नो सजिलोका लागि राष्ट्रपतिलाई प्रयोग गर्ने अनि राष्ट्रपति त्यसबाट जोगिन नसक्दा त्यो पद सार्वजनिक आलोचनाको विषय भएको छ । संवैधानिक राष्ट्रपतिका कतिपय कदमले त्यो पदको गरिमा र मर्यादा घटाएको छ ।

अहिलेका राष्ट्रपतिका काम–कारबाहीलाई कसरी लिनुहुन्छ ?

संवैधानिक राष्ट्रपतिले गल्ती गर्दैन भन्ने मानिन्छ । तर, यहाँचाहिँ उल्टो भएको छ । सरकारले गरेको सिफारिस उल्टाउने, काम न काजका कार्यक्रम उद्घाटन गर्ने, जोसँग पनि सम्पर्क गर्ने, संविधान अनुसार शपथ नखाएका व्यक्तिलाई सल्लाहकारका रूपमा राख्ने आदि कारणले गर्दा राष्ट्रपति पद विवादको घेरामा परेको हो । सडकमा राष्ट्रपतिविरुद्ध नारा लाग्नु अनि विरोध हुनु, जो सुकैले त्यो पदको सार्वजनिक टीका-टिप्पणी गर्नु देशकै दुर्भाग्य हो । राष्ट्रपति हमेसा राजनीति र प्रशासनबाट अलग हुनुपर्छ । तर, हाम्रा राष्ट्रपतिले राजनीतिक दलका नेताहरूलाई शीतल निवास बोलाएर सक्रिय राजनीति गरिरहनु भएको छ । लुकेर कार्यकारी अधिकार प्रयोग गर्ने, नेताहरूसँग छलफल गर्ने आदि काम राष्ट्रपतिबाट भएको छ । त्यो अन्त्य नभई अहिलेको विसंगति हट्दैन ।

राष्ट्रपतिको राजनीतिक पक्षधरता त धेरैपटक देखियो नि ?

राष्ट्रपति पद, जात, धर्म, लिंग तथा राजनीतिक पक्षधरता आदिबाट मुक्त हुन्छ र हुनुपर्छ । तर, अघिल्ला राष्ट्रपतिले पनि कुनै न कुनै पक्षधरता देखाउनु भयो भने अहिलेकी राष्ट्रपति पनि निष्पक्ष हुन सक्नु भएन । राष्ट्रपतिले आफैं सल्लाहकार राख्ने, कर्मचारी नियुक्ति गर्ने आदि काम गरेपछि तिनको गल्तीको जवाफदेहिता पनि राष्ट्रपति स्वयंले लिनुपर्छ । राष्ट्रपतिबाट कुनै गल्ती हुँदैन भन्ने प्रचलित मान्यतालाई यिनै कारणले धज्जी उडाएको छ । किनभने, राष्ट्रपतिको व्यक्तिगत केही हुँदैन ।

पूर्वराष्ट्रपतिले फेरि सक्रिय राजनीति गर्न मिल्छ ?

पूर्वराष्ट्रपतिको सुविधा र उपाधि उपयोग गरेर सक्रिय राजनीति गर्न र चुनाव लड्न पाइन्न । तर, सुविधा त्यागेर, जनता बनेर अनि पूर्वराष्ट्रपतिको उपाधि प्रयोग नगरी चाहिँ राजनीति गर्न पाइन्छ ।

संविधानमा सरकार गठनको व्यवस्था

धारा ७६. मन्त्रिपरिषद्को गठन : (१) राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(३) प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(६) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(७) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ ।

(८) यस संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र यस धाराबमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

गर्‍यो । २१ मंसिर ०७४ मा सम्पन्न प्रतिनिधिसभाको चुनावी नतिजा सार्वजनिक गर्न दुई महिना ढिलो हुनुको कारण पनि अरू थिएन, राष्ट्रिय सभाको गठन नै थियो ।

एकल संक्रमणीय निर्वाचन पद्धतिबाट ५६ जना अनि सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत तीन जना गरी ५९ सदस्यीय राष्ट्रिय सभा बनेपछि मात्र प्रतिनिधिसभाको नतिजा सार्वजनिक हुने अपेक्षा थियो । र, निर्वाचन आयोगको अडान पनि त्यही नै रही आएको थियो । त्यसैले राष्ट्रिय सभाको पूर्णतापछि प्रतिनिधिसभाले पूर्णता पाउँछ र प्रतिनिधिसभाले देशलाई नयाँ सरकार दिन्छ भन्ने आमअनुमान थियो । त्यही कारण नेपाली कांग्रेसका सभापति देउवा नेतृत्वको मन्त्रिपरिषद्ले २६ माघ ०७४ मा राष्ट्रिय सभालाई पूर्णता दिन गोपाल बस्नेत (झापा), चाँदनी जोशी (काठमाडौं) र कृष्णप्रसाद पौडेल (स्याङ्जा)लाई राष्ट्रिय सभामा मनोनीत गर्न राष्ट्रपति भण्डारीलाई सिफारिस गर्ने निर्णय गरेको थियो । दुर्भाग्य ! २७ माघमा सरकारले शीतल निवास पठाएको सिफारिस-पत्र ३ फागुन ०७४ सम्म राष्ट्रपति कार्यालयमा विचाराधीन राखियो । राष्ट्रपति कार्यालयका प्रवक्ता कुलप्रसाद चुडाल भन्छन्, "त्यो सिफारिसमा राष्ट्रपतिबाट कुनै कारबाही भएन । पछि नयाँ सरकारले निर्णय नै फिर्ता लिएपछि पुरानो पत्र पनि फिर्ता गयो होला ।"

संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री संघीयतासहितको संसदीय लोकतन्त्रको वैधानिक व्यवस्था हो । संवैधानिक राष्ट्रपतिले सरकारले गरेको कुनै पनि सिफारिस चित्त नबुझेमा पुनरावलोकन गर्न एकपटकसम्म फिर्ता पठाउन सक्छ । तर, पुनरावलोकनपछि जस्ताको तस्तै स्वीकृत गर्नुको विकल्प राष्ट्रपतिसँग हुँदैन । राष्ट्रिय सभाको पूर्णताका लागि देउवा सरकारले गरेको सिफारिसलाई राष्ट्रपति भण्डारीले कुनै कारबाही नगरी त्यत्तिकै रद्दीको टोकरीमा मिल्काएकी मात्र छैनन्, संघीय संसद्को पूर्णताबिना नै सरकार गठन नै गरिदिएकी छन् ।

देउवा मन्त्रिपरिषद्को त्यो सिफारिस राष्ट्रपति कार्यालयमा बेवारिसे बनेकै स्थितिमा ३ फागुन ०७४ मा प्रधानमन्त्री ओलीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले देउवाको सिफारिस फिर्ता लिने निर्णय गर्‍यो । त्यसको ठाउँमा ओली सरकारले ८ फागुन ०७४ मा राष्ट्रिय सभामा तीन जना नयाँ व्यक्ति सिफारिस गर्‍यो । र, राष्ट्रपतिले उक्त सिफारिस तत्कालै अनुमोदन गरिदिइन् ।

राज्यका तीनवटै अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको संगमस्थल हो, राष्ट्रपति पद । त्यसैले राष्ट्रको अभिभावक र संरक्षक भएका नाताले राष्ट्रपतिलाई कसैलाई काखा र कसैलाई पाखा गर्ने छुट हुँदैन । तर, राष्ट्रपति भण्डारीले सरकारैपिच्छे फरक-फरक व्यवहार प्रदर्शन गरेर आफ्नो संवैधानिक कर्तव्य बिर्सिएकी छन् । डा रामवरण यादव राष्ट्रपति छँदाका सल्लाहकार राजेन्द्र दाहाल भन्छन्, "एउटा मन्त्रिपरिषद्को सिफारिस बेवारिसे बनाउने अनि नयाँ मन्त्रिपरिषद्को सिफारिस तुरुन्तै सदर

संसदीय पद्धति बाइपास गरेर सक्रिय राष्ट्रपतीय पद्धतिबाट सरकार बन्यो । यसले संविधानवाद र संसदीय परम्पराको खिल्ली नै उडाएको छ ।

● **चन्द्रकान्त ज्ञवाली**
संविधानविद्

राजनीतिक दल र शक्ति केन्द्रहरूले आफ्नो अनुकूलतामा राष्ट्रपतिलाई दुरूपयोग गर्नु विडम्बना नै हो ।

● **हरि शर्मा**
पूर्वराष्ट्रपतिका राजनीतिक सल्लाहकार

एउटा मन्त्रिपरिषद्को सिफारिस बेवारिसे बनाउने अनि नयाँ मन्त्रिपरिषद्को सिफारिस तुरुन्तै सदर गर्नु राष्ट्रपति आफ्नो पदीय मर्यादाबाट चुकेको प्रमाण हो ।

● **राजेन्द्र दाहाल**
पूर्वराष्ट्रपतिका प्रेस सल्लाहकार

गर्नु राष्ट्रपति आफ्नो पदीय मर्यादाबाट चुकेको प्रमाण हो । राष्ट्रपतिको अयोग्यताको यसभन्दा ठूलो प्रमाण अरू केही हुँदैन ।"

आयोगको बदनियत

राष्ट्रिय सभाको पूर्णताबिना नै नयाँ प्रधानमन्त्रीको नियुक्तिमा राष्ट्रपतिको दुर्नियत मात्र जिम्मेवार छैन, निर्वाचन आयोगको बदनियत पनि उत्तिकै दोषी छ । किनभने, संघीय संसद्को पूर्णताबिना प्रतिनिधिसभाको सम्पूर्ण नतिजा सार्वजनिक गर्न नमिल्ने भन्दै प्रतिनिधिसभाको परिणाम दुई महिना रोकेको निर्वाचन आयोगले अन्तिममा आफ्नै अडानको धज्जी उडाएको छ । त्यसैको परिणाम हो राष्ट्रिय सभामा तीन जना मनोनीत नहुँदै २ फागुन ०७४ मा प्रतिनिधिसभाको नतिजा राष्ट्रपतिलाई बुझाउनु ।

आयोगले आफ्नो पूर्वअडान अनुसार तीन जनाको मनोनयन (राष्ट्रिय सभाको पूर्णता)बिना प्रतिनिधिसभाको परिणाम राष्ट्रपतिलाई नबुझाएको भए राष्ट्रपतिमाथि देउवा मन्त्रिपरिषद्को निर्णय सदर गर्न दबाब पुग्ने थियो र गल्तीबाट राष्ट्रपति जोगिने थिइन् । पूर्वमहान्यायाधिवक्ता तथा प्राध्यापक युवराज संग्रौला भन्छन्, "सुरुमा चाहिँ राष्ट्रिय सभा गठन नभई प्रतिनिधिसभाको नतिजा सार्वजनिक नगर्ने अडानमा रहेको निर्वाचन आयोगले अन्तिममा राष्ट्रिय सभा अधुरै छाडेर प्रतिनिधिसभाको नतिजा सार्वजनिक गर्नुमा बदनियत नै देखिन्छ, त्यो बदनियतले गर्दा राष्ट्रपतिलाई गल्ती गर्न ठाउँ दियो ।"

संसदीय लोकतन्त्रमा संवैधानिक राष्ट्रपतिले गल्ती गर्दैन भन्ने मानिन्छ । तसर्थ, संविधानको रक्षक र पालकको हैसियतमा राष्ट्रपति कुनै पनि न्यायिक कारबाहीको दायराभन्दा माथि हुन्छ । राष्ट्रपति संविधानको संरक्षक भएकै कारण प्रायः लोकतान्त्रिक व्यवस्थामा अदालतमा मुद्दा नलाग्ने, फौजदारी अभियोग नलाग्ने, राष्ट्रपतिले पाउने तलब-सुविधामा कर नलाग्ने लगायतका विशेष व्यवस्था गरिएको हुन्छ । राष्ट्रपतिबाट गल्ती भएमा त्यसको उपचार संसद्मा मात्र खोजिन्छ, महाभियोगको माध्यमबाट । दुर्भाग्य ! राष्ट्रपति भण्डारीले गरेका गैरसंवैधानिक कर्मले राष्ट्रपति पदको गरिमा बढाउने होइन, घटाउने काम गरेको छ । राष्ट्रपति पद सार्वजनिक टीका-टिप्पणी र आलोचनाको विषय बनेको छ । दाहाल भन्छन्, "राष्ट्रपतिले शालीनता प्रदर्शन गरेर जनताको अपार माया, आस्था र सम्मान कमाउनुपर्ने थियो । उल्टो भयो । सबैभन्दा चिन्ताको विषय नै यही हो ।"

हतारको नतिजा



राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, शीतलनिवास
काठमाडौं, नेपाल ।

विज्ञप्ति

आज मिति २०७३ साल फागुन ३ गते बिहीबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती बिधादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री के. पी. शर्मा ओलीज्यूलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको छ ।

(कुलप्रसाद चुडाल)
प्रवक्ता

२०७४ साल फागुन ३ गते बिहीबार

हतार-हतारमा गरेको कामको नतिजा गतिलो हुँदैन भन्ने ३ फागुनमै पनि शीतल निवासमा देखिएको थियो । जस्तो : प्रधानमन्त्री केपी शर्मा ओलीको नियुक्ति नै एक वर्षअघि (३ फागुन ०७३) मा गरिएको विज्ञप्ति शीतल निवासले जारी गऱ्यो । यसको चर्को आलोचना भएपछि राष्ट्रपति कार्यालयले यो त्रुटि तत्काल सच्याए पनि सरकार गठनमा भएको गल्तीचाहिँ राष्ट्रपति विद्यादेवी भण्डारीले फेरि सच्याउने स्थान छैन ।

मेघराज पोखरेल

भक्षकको भूमिकामा राष्ट्रपति

सत्रौं शताब्दीमा अंग्रेज पादरी तथा इतिहासविद् थोमस फुलरले तत्कालीन शासकहरूप्रति लक्षित गर्दै भनेका थिए, 'तिमी जति माथि पुग्छौ, तिमीभन्दा माथि कानुन हुन्छ ।' लोकतान्त्रिक पद्धति अपनाउने मुलुकहरूका लागि यो भनाइ अमृतवाणी हो । नेपालमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट हालसालै भएका दुईवटा निर्णय हेर्दा लाग्छ, उनी संविधानभन्दा माथि छन् र यी भनाइ उनका लागि आलंकारिक मात्र हुन् ।

उनले गरेको पहिलो निर्णय हो, प्रतिनिधिसभा सदस्यको शपथ नखाएका व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्ति । दोस्रो, पूर्ववर्ती सरकारले गरेको सिफारिस अनुमोदन नगरी नयाँ सरकारले गरेको सिफारिस अनुसार राष्ट्रिय सभाका तीन सदस्यको नियुक्ति । यी निर्णयबाट भण्डारीको संवैधानिक भूमिकाको निष्पक्षतामा आशंका गर्ने प्रशस्त आधार निर्माण भएका छन् ।

संविधानको धारा ६१ को उपधारा ४ ले संविधानको पालक र रक्षकका रूपमा राष्ट्रपतिलाई दिएको जिम्मेवारीको आवरणमा कतै संविधान नै भक्षण हुने त होइन ? राष्ट्रपतिको कदमले यो आशंकालाई बल पुऱ्याएको छ ।

उनका यी कदमबाट नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले निर्वाचन प्रचारका क्रममा गरेका टिप्पणी सत्य साबित हुँदैछन् कि जस्तो लाग्छ । देउवाले मतदातासमक्ष चेतावनीको भाषामा भनेका थिए, 'कम्युनिस्टहरूलाई बहुमत दिइयो भने नेपालमा तानाशाही व्यवस्था लादिनेछ ।' यसमा थप शंका गर्नुपर्ने कारण के छ भने उनको पूर्ववर्ती दल नेकपा एमालेको अन्तिम लक्ष्य साम्यवाद हो । त्यस पार्टीका राजनीतिक दस्तावेजहरू हेर्ने हो भने लोकतन्त्र त साम्यवादसम्म पुग्न प्रयोग गरिने एउटा भऱ्याङ मात्र हो । लोकतन्त्रप्रतिको यो दलको अन्तिम प्रतिबद्धता र समर्पण अझै शंकाकै घेरामा छ ।

प्रधानमन्त्री नियुक्तिको प्रश्न : नेपालको संविधानको धारा ७६ को उपधारा २ मा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ । यो व्यवस्थाको अन्तरभूत अर्थ भनेको प्रधानमन्त्री हुन प्रतिनिधिसभाको सदस्यको योग्यता पूरा भइसकेको हुनुपर्छ । धारा ८८ ले संघीय संसद्का प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै बैठकमा भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसरी शपथ नलिई प्रतिनिधिसभाको सदस्य कुनै पनि पदीय कार्य सम्पादन गर्न सक्षम हुँदैन ।

यस सन्दर्भमा पूर्वउपराष्ट्रपति परमानन्द झाले नेपालीमा शपथ खानुपर्ने संवैधानिक व्यवस्थालाई पालना नगरी हिन्दीमा शपथ खाएपछि सर्वोच्च अदालतले त्यसलाई अमान्य घोषित गरेको ताजा नजिर छ । त्यस मुद्दामा सर्वोच्च अदालतले झालाई नेपालीमा शपथ नलिई उपराष्ट्रपतिको कुनै पनि कार्य सम्पादन नगर्न आदेश दिएको थियो । उक्त आदेशको परिणामस्वरूप झाले लामो समय उपराष्ट्रपतिका रूपमा कार्य सम्पादन गर्न मात्र होइन, तलब, भत्ता तथा सुविधासमेत पाएका थिएनन् ।

तत्कालीन प्रधानमन्त्री देउवालाई अपदस्थजस्तै गरी प्रतिनिधिसभा सदस्यको शपथ नलिई प्रतिनिधिसभाको सदस्य हुन आधारभूत योग्यता नै नपुगेका केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने कार्य राष्ट्रपतिबाट भयो । यस प्रकारको संविधानमाथिको बल मिच्याइँ हेर्दा लाग्छ, उनी संविधानको रक्षक होइन, भक्षक हुँदैछन् ।

संघीय संसद्को पूर्णता : संघीय व्यवस्थापिकाले पूर्णता नपाई सरकार गठन हुन नसक्ने संवैधानिक जटिलताका कारण निर्वाचन भइसकेको लामो समयसम्म पनि नयाँ सरकार गठन हुन नसकेको जगजाहेर छ । संविधानको धारा ८३ ले प्रतिनिधिसभा र राष्ट्रिय सभालाई संघीय संसद्का रूपमा परिभाषित गरेको छ । धारा ९५ बमोजिम राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठक आह्वान गर्ने र प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो संघीय संसद् बैठक प्रारम्भ भएपछि संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने व्यवस्था

धेरै टाढा जानु पर्दैन, भारतमै पनि राष्ट्रपतिको विरोधमा नारा-जुलुस र वक्तव्यबाजी गर्नेलाई सरकारले तुरुन्त देशद्रोही मानेर कानुनी कारबाही अघि बढाउँछ । तर, यहाँचाहिँ राष्ट्रपति स्वयंले आफ्नो विरोधमा राजनीतिक दल र तिनका भ्रातृ संगठनहरूलाई सडकमा आउन निम्ता दिने गरेका छन् । अघिल्ला राष्ट्रपति डा रामवरण यादवले ०६५ मा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको मन्त्रिपरिषद्ले तत्कालीन प्रधानसेनापति रुक्मांगद कटवाललाई बर्खास्त गर्ने निर्णय गर्दा उल्टाएर आफ्नो विरोधमा आउन माओवादीलाई निम्ता दिएका थिए । यादवको निर्णयले दाहालले प्रधानमन्त्री

छ । यसरी दुवै सदनको संयुक्त बैठक बस्न राष्ट्रिय सभा पनि पूर्ण भइसक्नुपर्ने हुन्छ । यसै संवैधानिक अड्चनले गर्दा राष्ट्रिय सभा पूर्ण नभई नयाँ सरकार लामो समयसम्म गठन हुन नसकेको हो ।

देउवा सरकारले राष्ट्रिय सभा पूर्ण बनाउन यसै संवैधानिक व्यवस्थाबमोजिम तीन जना राष्ट्रिय सभाका सदस्यको मनोनयनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सिफारिस गरिएका सदस्यलाई मनोनयन गरेपछि मात्र राष्ट्रिय सभाले पूर्णता पाउने, दुवै सभा पूर्ण भइसकेपछि पहिलो संयुक्त बैठक बस्न सक्ने, संयुक्त बैठकमा मात्र संसद् सदस्यहरूले शपथ लिने र शपथ सम्पन्न भइसकेपछि प्रतिनिधिसभाका सदस्यहरूमध्येबाट बहुमत देखिने दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्न सकिने प्रस्ट संवैधानिक प्रक्रिया छ । तर, सवैधानिक प्रावधानको उपेक्षा गरी प्रधानमन्त्री नियुक्ति गर्ने राष्ट्रपतिको कार्य संवैधानिक दायराबाहिर गएको देखिन्छ । संविधानको परिधिबाहिर जाने जुनसुकै क्रियाबाट संविधानको पालना र संरक्षण गर्ने जिम्मेवारी वहन हुन सक्दैन ।

गैरसंवैधानिक नियुक्ति : विधिको शासन लोकतन्त्रको अधारभूत चरित्र हो । कानुनी राज्यको अवधारणा भनेको विधिको पालना, कामकुराको निश्चितता, व्यवहारमा सरलता र वैध अपेक्षासमेत हो । यथोचित विधि र प्रक्रिया लोकतन्त्रको अन्तरनिहित तत्त्व पनि हो । यथोचित विधि र प्रक्रियाको पालनाले मात्र स्वेच्छाचारिताको अन्त्य भई अधिनायकवाद उन्मुखतामा अंकुश लाग्छ । लिखित संविधान भएका मुलुकमा लोकतान्त्रिक अभ्यास संविधानमा आधारित, संविधान संगत र संविधानसम्मत तरिकाबाट हुनुपर्छ । संविधानले तय गरेका राजकीय कार्यको बाँडफाँटको परिधिबाहिर गई कसैले पनि अधिकारको प्रयोग गर्न मिल्दैन । लोकतान्त्रिक मूल्य-मान्यता, कानुनको शासन, संविधानवाद आदिका दृष्टिले हेर्दा राज्यका सबै काम-कारबाही र क्रियाकलापको मापन गर्ने आधार संविधान नै हो । राज्यका सहअंगहरू स्वयं द्वन्द्व, उपेक्षा र उल्लंघनको बाटो हिँड्दा विधिको शासन र कानुनी राज्य सुचारु हुन सम्भव हुँदैन । यसबाट सर्वसत्तावाद मात्र उत्पन्न भई लोकतन्त्रमाथि नै घात पुग्न जान्छ । हाम्रो संविधानले राष्ट्रपतिलाई आलंकारिक स्थानमा मात्र राखेको छ ।

धारा ६६ ले राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा संविधान वा संघीय कानुनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गर्नुपर्छ । कुनै निकाय वा पदाधिकारीको किटानी व्यवस्था भएको कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुने संविधानमा प्रस्टै लेखिएको छ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्रीमार्फत पेस हुने व्यवस्थासमेत संविधानले गरेको छ । यो व्यवस्थाको सोझो अर्थ राष्ट्रपतिले स्वतन्त्र रूपमा कुनै पनि काम गर्न सक्दैनन् भन्ने हो ।

एक जना महिलासहित तीन जनालाई नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिले राष्ट्रिय सभामा मनोनीत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । संविधानबमोजिम सरकारले गरेको निर्णय राष्ट्रपतिले परीक्षण गर्ने, लम्ब्याउने वा बदर गर्ने कार्य लोकतन्त्रमा कल्पनातीत हो । एउटा सरकारले गरेको निर्णय अर्को सरकार फेरिनासाथ बदर गर्न पनि संविधानसम्मत हुँदैन । राष्ट्रपति त्यही सिफारिस मान्न बाध्य हुन्छन् ।

तर, राष्ट्रपति भण्डारीले अघिल्लो सरकारले गरेको सिफारिसलाई च्यातेर ओली प्रधानमन्त्री नियुक्त भएपछि गरिएको सिफारिसलाई एक रात पनि नबित्दै अनुमोदन गरिदिइन् । जबकि, न संघीय संसद्ले पूर्णता पाएको थियो, न त ओलीले संसद् सदस्यताको शपथ खाएका थिए । संविधानको संरक्षकद्वारा नै संविधानको ठाडो उल्लंघन भएको घटनाका रूपमा इतिहासमा दर्ज भएको छ यो । यसबाट राष्ट्रपतिले आफ्नो पूर्वआबद्धता भएको दल र यसका नेतालाई पूरापूर 'फेभर' गरेको देखिएको छ । संविधानको संरक्षक नै पूर्वाग्रही भएको र आफूखुसी राजनीतिक कदम चालेको पनि प्रमाणित हुन्छ, शीतल निवासको गतिविधिबाट ।

लोकतन्त्रमा राष्ट्रपतिसहितको सरकार जनताका अधिकारहरूको 'ट्रस्टी' मात्र हो । सरकारको अविच्छिन्न उत्तराधिकारको सिद्धान्त अनुसार एक सरकारले गरेको निर्णयको स्वामित्व अर्को सरकारले लिनुपर्छ । एउटा सरकारले गरेको सिफारिसलाई अर्को सरकारले बदर गर्दै जाने हो भने यसले लोकतान्त्रिक प्रक्रियालाई अनिश्चितता तथा जटिलतातिर धकेल्छ । नयाँ सरकार गठन भइसकेपछि गरिएको नयाँ सिफारिस र त्यस अनुसार राष्ट्रपतिबाट भएको मनोनयनले विधि र प्रक्रियाकै उपहास गरेको छ । यी कार्य संवैधानिक भन्दा ज्यादा राजनीतिक प्रेरित छन् । संविधानको मर्म र भावनाविपरीत छन् । यस कार्यले लोकतन्त्रको धज्जी उडाएको छ ।

संविधानका हरेक अंग लोकतन्त्र र संवैधानिक पद्धतिको कार्यान्वयन-संवर्द्धनमा रहनुपर्छ, न कि उल्लंघनमा । संविधानले तोकेको प्रक्रिया, आधार र मूल्यांकनबिना कुनै पनि अधिकार सम्पादन गर्नु हुँदैन । सबै कार्य कानुन र विवेकसंगत तवरले सम्पन्न हुनु पर्छ । राष्ट्रपतिजस्तो गरिमामय पदबाट पार्टीगत आग्रह राखी संविधान उल्लंघनको बाटो हिँड्ने अपेक्षा भविष्यमा गर्न सकिँदैन । यस्तो कार्य शोभनीय पनि हुँदैन । लोकतान्त्रिक पद्धतिमा सबै पदाधिकारी जनताका सेवक हुन् भन्ने सधैं ख्याल गर्नु जरुरी छ । संवैधानिक दायित्वको यस प्रकारको दुरुपयोग अब दोहोरिनु हुँदैन । अधिनायकवादको आभाससम्म पनि अब नेपाली जनताले लिन चाहँदैनन् भन्ने हेक्का रहोस् । ◆

पदबाट राजीनामा त दिए नै, उनको दल माओवादीले राष्ट्रपतिविरुद्ध सडकमै नाराबाजी गऱ्यो । पूर्वमहान्यायाधिवक्ता संग्रौला भन्छन्, “संवैधानिक राष्ट्रपतिले आफ्नो मर्यादा जोगाउन नसक्नु अनि सडकमै राष्ट्रपतिविरुद्ध नारा लाग्नु सरकारको असफलता मानिन्छ । यसले संवैधानिक राष्ट्रपतिले गल्ती गर्दैन होइन कि उनले हमेसा गल्ती गरिरहन्छन् भन्ने खराब नजिर स्थापित गरेको छ ।”

फेरि अहिले राष्ट्रपति भण्डारीले देउवा मन्त्रिपरिषद्को सिफारिसलाई उपेक्षा गरेर प्रमुख विपक्षी दल नेपाली कांग्रेस र उसका भ्रातृ संगठनलाई सडकमा जान बाध्य पारेकी छन् । राष्ट्रपतिले राष्ट्रिय सभालाई

तस्बिर : कविन अधिकारी

राष्ट्रपतिको असंवैधानिक कदमको विरोधमा तरुण दलद्वारा निकालिएको जुलुस

अधूरै छाडेर नयाँ प्रधानमन्त्री नियुक्ति गरेकै कारण त्यसले राजनीतिक विवाद र ध्रुवीकरण बढाएको मात्र छैन, राष्ट्रपतिविरुद्ध नेपाली कांग्रेस र उसका भ्रातृ संगठन राष्ट्रपतिविरुद्ध सडकमै उत्रिएका छन् । कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले पार्टी मुख्यालयमा पत्रकार सम्मेलनमै भने, ‘राष्ट्रपति विद्यादेवी भण्डारीले अलग-अलग सरकारलाई अलग-अलग चस्माले हेरेर पक्षपातपूर्ण व्यवहार गरेकी छन् ।’

राजनीतिक दल र तिनका भ्रातृ संगठनले राष्ट्रपतिविरुद्ध सडक तताउनु त सामान्य भइहाल्यो, राष्ट्रपतिको सम्पूर्ण दिमाग र शरीर नै ठानिएको सरकारबाट पनि राष्ट्रपतिको कदमका कारण त्यो पदको मर्यादा गिराउने अभिव्यक्ति सार्वजनिक हुँदै आएका छन् । बेलाबेला प्रधानमन्त्री-राष्ट्रपति द्वन्द्व सतहमै प्रकट हुनु त्यसैको परिणाम हो । उदारणका लागि, राष्ट्रिय सभाको निर्वाचनसम्बन्धी अध्यादेश स्वीकृत गर्ने र नगर्ने विषयमा राष्ट्रपति भण्डारी र तत्कालीन प्रधानमन्त्री देउवाबीच गम्भीर अन्तरविरोध पैदा भयो । राष्ट्रपति भण्डारीले ६ कात्तिक ०७४ मा सरकारले पठाएको त्यो अध्यादेश १४ पुस ०७४ सम्म अध्ययनका नाममा त्यत्तिकै अल्झाएपछि प्रधानमन्त्री देउवा राष्ट्रपतिविरुद्ध खनिएका थिए । राष्ट्रपतिले राष्ट्रिय सभासम्बन्धी अध्यादेश स्वीकृत गर्न ढिलो गर्नुसमेतको परिणाम हो, संघीय संसद्को पूर्णता पर धकेलिनु । तत्कालीन राष्ट्रपति यादवका सल्लाहकारसमेत रहेका राजनीतिशास्त्री हरि शर्मा भन्छन्, “राजनीतिक दल र शक्ति केन्द्रहरूले आफ्नो अनुकूलतामा राष्ट्रपतिलाई दुरुपयोग गर्नु विडम्बना नै हो । राष्ट्रपतिलाई राजनीतिक पक्षधरताबाट जोगाउन सकिएन भने मुलुकका लागि दुर्भाग्य हुन्छ ।” ◆

आफ्नै सहयोगीलाई मनोनयन

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय सभामा मनोनीत गरेका तीन जना सदस्य पनि कैफियतमुक्त देखिएनन् । किनभने, राष्ट्रिय सभा सदस्य मनोनयन प्रकरणमा राष्ट्रपति भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’बीच भागबन्डा नै भएको प्रस्ट देखिएको छ । तीनमध्ये विमला पौडेल राई राष्ट्रपति भण्डारीकै स्वकीय सचिव हुन् । राष्ट्रपतिकै प्रस्तावमा उनी राष्ट्रिय सभामा परिन् । त्यसबाहेक राष्ट्रिय सभामा ओलीनिकट अर्थशास्त्री युवराज खतिवडा र माओवादी अध्यक्ष प्रचण्डनिकट अधिवक्ता रामनारायण बिडारीलाई मनोनीत गरिएको छ । संघीय संसद् र प्रादेशिक संसद्का सबै उम्मेदवारको अन्तिम टुंगो सत्तारुढ दल नेकपा एमालेको स्थायी समितिले लगाउँदै आएको भए पनि राष्ट्रिय सभाका तीन जनाको सिफारिसचाहिँ ओलीले आफ्नो एकल निर्णयबाट गरेका हुन् ।

kathmandupost.ekantipur.com
KMG
Both can keep the conversation interesting.
But you'll have to break the bank to buy one of them.
The Kathmandu Post unravels stories from all parts of the world keeping you well-informed on everything so that your conversation remains exciting no matter how random the topic gets.
KEEP THE CONVERSATION INTERESTING WITH
money onsaturday sports life&style world thecollegian health&living et cetera op-ed escalate classroom
International content licensed from
The Guardian I Project Syndicate I Asia News Network I The New York Times News Service
the kathmandupost

जोडी माननीयला

नेतृत्वसँग पहुँच बनाएकै कारण केहीलाई पटक–पटक अवसर

माधव बस्नेत

'उही स्तरका नेता/कार्यकर्ताको सवाल दालभातको व्यवस्थापन पनि हो । एकै घरका दुवै मान्छेलाई पटक-पटक मन्त्री, सांसद र लाभको पदमा पुऱ्याइरहने र तिमी/हामी फूल बोकेर बधाई दिन जाने हो भने हामी माओवादी आन्दोलनका असल कार्यकर्ता हैन, दलाल हौं ।'

पत्रकार खिलबहादुर भण्डारीले ५ फागुन ०७४ को साँझ आफ्नो फेसबुकमा पोस्ट गरेको स्ट्याटस हो, यो । माओवादी आन्दोलनमा आबद्ध भएबापत जेल र भूमिगत जीवन बिताएका भण्डारीको यो टिप्पणीले एकै दम्पती, परिवार संसद्मा प्रवेशको उछितो काढेको प्रस्टै बुझ्न सकिन्छ ।

सबैलाई समान अवसर, समान व्यवहार, विभेदको अन्त्य, सीमान्तकृत क्षेत्र, वर्ग, लिंग, समुदायलाई मुक्तिको नारा दिएर तत्कालीन नेकपा माओवादीले १ फागुन ०५२ बाट सशस्त्र विद्रोह थालेको थियो । लामो घुम्ती पार गरेर अन्तरिम व्यवस्थापिका संसद्, ०६४ र ०७० को संविधानसभा अनि ०७४ को संघ/प्रदेश चुनावसम्म आइपुग्दा यो पार्टी विगतका बाचाहरूबाट पूरै विचलित भएको देखिन्छ । "उत्तिकै योगदान भएका एकाथरीले आफैं नेतृत्वमा पुगेको, नेतृत्वसँग मजबुत पहुँच बनाएकै कारण अवसर पाएका पायै छन्," उनी भन्छन्, "जनयुद्धमा लागेबापत झापाका भीमबहादुर-चन्द्रकला बस्नेतका दुई छोरा बेपत्ता छन् । तर, उनीहरूले कहिल्यै अवसर पाएका छैनन् । अर्काथरीले भने सीमान्तकृत, उपेक्षित, उत्पीडितका लागि

ई लाभैलाभ

छुट्याएको समानुपातिक कोटाबाटै भए पनि पटक-पटक लाभ लिइरहेका छन् । त्यसैले म त्यस्तो स्ट्याटस लेख्न बाध्य भएको हुँ ।" भण्डारीले दिएको झापाको उदाहरण त एक प्रतिनिधि घटना मात्र हो । यस्ता उदाहरण दर्जनौं छन् ।

माओवादीले युद्धका बेला भन्ने गरेको थियो- कांग्रेस र एमालेमा नातावाद, परिवारवाद लागू हुन्छ, हामी त्यसका विरुद्ध लड्छौं । बहुदलका १२ वर्षमा देखिएका कतिपय घटनाक्रमले यस्तो आरोपलाई पुटसमेत दिएका थिए । तर, त्यही माओवादीले यसपटकसमेत करिब आधा दर्जन दम्पतीलाई एकसाथ संसद्मा प्रवेश गराएको छ । १ माघ ०६३ मा अन्तरिम व्यवस्थापिका संसद्मा प्रवेश गर्दा तत्कालीन माओवादीले ८४ नेता/कार्यकर्तालाई सभासद् मनोनीत गरेको थियो । त्यसयता केही दम्पती निरन्तर अवसरका भागीदार छन् ।

भर्खरै संघ/प्रदेश चुनावबाट एक दर्जन दम्पती सांसद बनेका छन् । यीमध्ये झन्डै आधा दर्जन माओवादी केन्द्रबाट छन् । दम्पती नै पूर्णकालीन राजनीतिमा होमिएकाले योगदानका आधारमा उनीहरू सांसद बनेका कतिपय माओवादी नेताको दाबी छ । तर, घटनाक्रमले त्यसलाई पुष्टि गर्दैनन् । किनभने, उही समयबाट राजनीति सुरु गरेका मध्ये पहुँचवाल पति नहुने महिलाहरू एकपटक पनि सांसद बन्न सकेका छैनन् वा उनीहरूलाई बढीमा एकपटक मात्र त्यो अवसर दिइएको छ । तर, पहुँचवाल पति हुनेहरूका लागि यो मौका दोहोऱ्याएर प्राप्त भएको छ ।

अवसरका खातैखात

कमजोर र सीमान्तकृतहरू अरू 'सक्षम'हरूसँगै सहभागी हुन सकून् भनेर समानुपातिक प्रतिनिधित्वको प्रणाली स्थापित भएको हो । पहिलो मधेस आन्दोलनलाई यसको जस जान्छ, जसले मधेसी, जनजाति, दलित, महिला, मुस्लिम आदिलाई राज्य संरचनाको मूलधारमा समावेश गराउने मागलाई राज्यको एजेन्डा बनाउन सफल भयो । तर, पार्टीहरूले त्यस अवधारणालाई नै खिल्ली उडाइरहेका छन् । जस्तो कि, ओनसरी घर्ती, यशोदा सुवेदी, सत्या पहाडीलगायतले यसअघि नै समानुपातिकबाट त्यो अवसर पाइसकेका छन् । ओनसरी त प्रत्यक्षबाट समेत सांसद बनिसकेकी हुन् ।

झापाकी चन्द्रकला बस्नेत मात्र होइन, बेपत्ता विद्यार्थी नेता ज्ञानेन्द्र त्रिपाठीकी पत्नी शर्मिलासमेत यसै कोटिमा पर्छिन् । त्रिपाठीलाई राज्यले बेपत्ता बनाएको १४ वर्ष बितिसकेको छ । त्यसमाथि जेठाजुले अंश मुद्दा हालेर बुहारीलाई घर न घाटको बनाएका छन् । तापनि, माओवादी नेताहरूले उनलाई समानुपातिक सूचीमै सही, प्रदेश सांसद बनाउनसमेत जरुरी ठानेनन् ।

माओवादी केन्द्र किराँत राज्य समितिका सेक्रेटरी सावित्रीप्रसाद काफ्लेले राष्ट्रियसभामा प्रस्तावित चन्द्रकला बस्नेतको नाम फिर्ता लिएर जीवनसंगिनी बिना पोखरेललाई सांसद बनाए । यस्तो सूची एकाध होइन, लामै छ । माओवादी केन्द्रका नेता दिनानाथ शर्मा यसअघि ०६३/६४ मा दुईपटक समानुपातिकतर्फबाट सांसद र शिक्षामन्त्री भइसकेका छन् । तिनै शर्मालाई फेरि राष्ट्रिय सभा सदस्य बनाइयो । तर, द्वन्द्वकालमा राज्यबाट हत्या गरिएका अखिल क्रान्तिकारी उपाध्यक्ष बेनोज अधिकारीकी आमा वा त्यस्तै पीडित अर्को पात्रलाई अवसर दिनु माओवादी नेतृत्वले जरुरी ठानेन ।

माओवादीकै अर्का नेता हितमान शाक्य र अमृता थापा पनि भाग्यमानी जोडीभित्रै पर्छन् । भर्खरैको चुनावमा काठमाडौं-१० बाट टिकट पाएका शाक्य पराजित भए । तर, अहिले उनकी पत्नी अमृता समानुपातिकबाटै माननीय भएकी छन् । यसअघि पनि उनी समानुपातिकबाटै सांसद र समिति सभापति भइसकेकी हुन् ।

शशी श्रेष्ठ पनि यसअघि स्वास्थ्य राज्यमन्त्री भइसकेकी छन् । उनका पति लीलामणि पोखरेल पनि दुईपटक सांसद र सार्वजनिक लेखा समिति सदस्य भएका थिए । तिनै शशी फेरि समानुपातिक सूचीबाट चुनिएकी छन् । युवावयमै आन्दोलनमा होमिएर क्षमता प्रमाणित गर्न बाँकी रहेका लेखनाथ न्यौपाने, युवराज चौलागाईं, रमेश

देव गुरुङ र यशोदा सुवेदी

शक्तिबहादुर बस्नेत र सत्या पहाडी

कृष्णध्वज खड्का र रेखा शर्मा

वर्षमान पुन र ओनसरी घर्ती

महेश्वर गहतराज र उषा पुन

माओवादीका लाल–जोडी

देव गुरुङ र यशोदा सुवेदी

माओवादी नेता देव गुरुङ र यशोदा सुवेदी दुवै सांसद बनेका छन् । दाङको ब्राह्मण परिवारमा जन्मे/हुर्केकी सुवेदीसँग गुरुङले जनवादी बिहे गरे । बिहेपछि अरू महिलाझैं पतिको थर नलेखी माइतीकै थर निरन्तर राख्नुका पछाडि सुवेदीको तर्क थियो- अंश र वंश दुवै अधिकारका लागि महिला आन्दोलनमा हिँडें । तर, यसपटक भने उनै सुवेदी जनजाति कोटाबाट संघीय संसद्मा छिरेकी छन् । गुरुङले लमजुङबाट संघीय संसद्को निर्वाचन जितेका थिए । सुवेदीलाई समानुपातिकतर्फको जनजाति कोटाबाट सांसद बनाइएको हो । ०६४ को संविधानसभामा पनि उनी यही कोटाबाट सांसद भइसकेकी छन् । गुरुङ पनि पटक-पटक मन्त्री भएका छन् ।

वर्षमान पुन र ओनसरी घर्ती

माओवादी नेता वर्षमान पुन रोल्पाबाट प्रतिनिधिसभामा चुनिए, पत्नी ओनसरी घर्ती समानुपातिकबाट । ०७० को निर्वाचनमा घर्ती रोल्पा-२ बाट चुनिएकी थिइन् । त्यसअघि ०६४ को संविधानसभा चुनावबाट समानुपातिकतर्फ चुनिएकी उनी त्यसअघि ०६३ को अन्तरिम व्यवस्थापिकामा पनि मनोनीत थिइन् । ०६८ मा युवा तथा खेलकुद मन्त्री बनिन् । ०७० पछि संविधानसभाको उपाध्यक्ष र अध्यक्ष दुवै बनिन् । ३ असोज ०७२ मा संविधान जारी भएपछि उनी सभामुख चुनिइन् ।

शान्ति प्रक्रियामा आएयता माओवादी चारपटक संसद् छिर्‍यो । भाग्यमानी हुन् घर्ती, जसलाई यी सबै संसद्मा प्रवेश मिल्यो । १ फागुन ०५२ मा रोल्पाको होलेरी चौकी आक्रमणमा सहभागी दुई महिलामध्ये घर्ती एक हुन् । त्यो लडाइँमा सहभागी हुने अर्की महिला तारा घर्ती मगर थिइन् । तर, कमजोर पहुँचकै कारण ताराले भने एकपटक मात्र संसद्मा खुट्टा राख्ने अवसर पाइन् ।

शक्तिबहादुर बस्नेत र सत्या पहाडी

शक्तिबहादुर बस्नेत जाजरकोटबाट संघीय संसद्मा निर्वाचित भएका छन् । स्थानीय तहको मत परिणाम अनुसार जाजरकोटमा माओवादी तेस्रो थियो । त्यहाँ एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो थिए । तर, बस्नेतलाई संसद्मा प्रवेश गराउनकै लागि एमाले पछि हट्यो । उनी यसअघि गृह र स्वास्थ्यमन्त्री भइसकेका छन् । पत्नी सत्या पहाडी समानुपातिक सूचीबाट संसद्मा छिरेकी हुन् । ०६३ र ०६४ मा पनि उनी यही सिटबाट सांसद भएकी थिइन् । र, शान्ति तथा पुनःनिर्माणमन्त्री बनिसकेकी छन् । ०७० को निर्वाचनमा भने उनी डोल्पाबाट पराजित भएकी थिइन् ।

रमाइलो के छ भने माओवादीले खस/आर्य कोटाबाट उनको नाम सिफारिस गरेको थियो । यसपछि आयोगले पिछडिएको भूगोलबाट नाम सिफारिस नभएको भन्दै अर्को नाम पठाउन माओवादी केन्द्रलाई भनेको थियो । तर, माओवादी केन्द्रले पिछडिएको भूगोलबाट समेत उनै हुनुपर्ने जिकिर गरेपछि आयोगले सत्याको नाम संसद् सदस्यका लागि अनुमोदन गर्‍यो ।

कृष्णध्वज खड्का र रेखा शर्मा

दाङकी रेखा शर्मा ०७० को संविधानसभामा पनि समानुपातिक सूचीबाटै सांसद भएकी थिइन् । उनी सामान्य प्रशासनमन्त्रीसमेत भइन् । उनका पति कृष्णध्वज खड्का प्यूठानको प्रदेशसभा १ बाट निर्वाचित भएका छन् । र, प्रदेश-५ को मन्त्रीसमेत बनिसकेका छन् ।

महेश्वर गहतराज र उषा पुन

माओवादी केन्द्रका अर्का नेता महेश्वर गहतराज बाँके-१ बाट संघीय संसद्मा निर्वाचित भएका छन् । उनकी पत्नी उषा पुन प्रदेश-५ बाट प्रदेशसभामा समानुपातिक सांसद चुनिएकी छन् । यद्यपि, गहतराज र पुन दुवै जना पहिलोपटक सुविधाको पदमा पुगेका हुन् ।

शंकर पोखरेल र सुजिता शाक्य

विरोध खतिवडा र मुनु सिग्देल

शेरबहादुर तामाङ र उषाकला राई

कृष्णगोपाल श्रेष्ठ र बिना श्रेष्ठ

रघुवीर महासेठ र जुलीकुमारी महतो

एमालेमा पनि उस्तै

शंकर पोखरेल र सुजिता शाक्य

एमाले स्थायी समिति सदस्य शंकर पोखरेल जुन दिन प्रदेश-५ को मुख्यमन्त्री चुनिँदै थिए, पत्नी सुजिता शाक्य पनि त्यही दिन संघीय संसद्मा समानुपातिक सांसद बन्दै थिइन्। पोखरेल यसअघि नै माधवकुमार नेपाल मन्त्रिपरिषद्मा सञ्चारमन्त्री भइसकेका छन्। संखुवासभाकी सुजिता भने पहिलोपटक संसद्मा छिरेकी हुन्। पति मुख्यमन्त्री भइरहेको र उनीहरूको घरमा खर्च व्यवस्थापनको समस्या नरहेकाले शाक्यले अरूलाई मौका दिऊन् भन्ने एमाले नेताहरूकै चाहना थियो। तर, उनका अघि कोही टिक्न सकेनन्। अन्ततः पति मुख्यमन्त्री र पत्नी सांसद बनिछाडे।

शेरबहादुर तामाङ र उषाकला राई

एमाले केन्द्रीय सदस्य शेरबहादुर तामाङ र उनकी पत्नी उषाकला राई दुवै सांसद बनेका छन्। तामाङ सिन्धुपाल्चोक-२ बाट संघीय संसद्मा निर्वाचित भएका हुन्। राई प्रदेश-१ बाट समानुपातिकतर्फबाट प्रदेशसभा सदस्यमा चुनिएकी छन्। ०६४ को संविधानसभामा राई समानुपातिकबाट सांसद भएकी थिइन्। तामाङ ०७० मा सिन्धुपाल्चोक-३ बाट संविधानसभामा निर्वाचित भएका थिए। यसपटक पुनः यस जोडीलाई सँगै सांसद हुने अवसर जुरेको छ।

विरोध खतिवडा र मुनु सिग्देल

एमाले पोलिटब्युरो सदस्य विरोध खतिवडा चिनाइरहनुपर्ने नाम होइन। उनी ०४८ मै मकवानपुरबाट निर्वाचित भएका थिए। यसपटक पनि उनी मकवानपुर-२ बाट संघीय संसद् सदस्यमा विजयी भएका छन्। खतिवडाकी पत्नी तथा एमाले मकवानपुरकी अध्यक्ष मुनु सिग्देल समानुपातिकबाट प्रदेश-३ को प्रदेशसभा सदस्यमा निर्वाचित भएकी छन्।

रघुवीर महासेठ र जुलीकुमारी महतो

यसअघि नै एमालेबाट रघुवीर महासेठ र पत्नी जुलीकुमारी महतो दुवै सांसद बनिसकेका छन्। एमालेले महासेठलाई त मन्त्रीसमेत बनाइसकेको छ। महासेठले धनुषा-४ बाट निर्वाचन जितेका हुन्। यता महतोचाहिँ संघीय संसद्को महिला/मधेसी कोटाबाट समानुपातिक सूचीबाट संसद् सदस्य बनेकी हुन्।

कृष्णगोपाल श्रेष्ठ र बिना श्रेष्ठ

एमाले केन्द्रीय कार्यालयका सचिव कृष्णगोपाल श्रेष्ठ काठमाडौं-९ बाट संघीय संसद्मा निर्वाचित भएका छन्। उनकी पत्नी बिना श्रेष्ठ समानुपातिक सूचीबाट संघीय संसद्मा प्रवेश गरेकी छन्। पति श्रेष्ठ यसअघि पनि पटक-पटक सांसद र मन्त्री भइसकेका छन्।

मल्ल, हिमाल शर्मा, रामचन्द्र शर्मा, रामप्रसाद सापकोटाजस्ता 'युवा'हरूलाई प्रदेशसभा, संघीय संसद्, राष्ट्रिय सभामा मौका दिनुपर्छ भन्ने कुरालाई माओवादीका कुनै पनि नेताले प्राथमिकतामा राखेनन्।

विकृति कतिसम्म भने जोडी नै माननीय बन्नुमा मात्र रहेन। वर्षमान पुनले सभामुखजत्तिको गरिमामय पदमा पुगिसकेकी पत्नीलाई तेस्रोपटक समानुपातिक सूचीबाटै सांसद मात्र होइन, बहिनी लालकुमारी पुनलाई ललितपुरको प्रदेशसभा सांसद बनाएका छन्। अर्की बहिनीलाई रोल्पा नगरपालिकाको उपमेयरको जिम्मेवारी दिलाएका छन्। पुन एक प्रतिनिधि पात्र मात्र हुन्, माओवादी केन्द्रका प्रदेश-३ का सेक्रेटरी फक्कु सुवेदी, जो काठमाडौं-५ बाट उम्मेदवार भएका थिए, ले छोरीलाई प्रदेश सभासद् बनाए। माओवादीकै अर्का नेता दिलीपकुमार प्रजापतिले पत्नी

प्रतिभा श्रेष्ठलाई प्रदेश-३ को सांसद र दलको सचेतक बनाएका छन् । श्रेष्ठ गत स्थानीय चुनावमा भक्तपुरको मध्यपुर ठिमीको मेयरमा हारेकी थिइन् । रौतहटबाट निर्वाचित माओवादी केन्द्रका अर्का नेता प्रभु साहले पत्नीलाई मेयर र आफ्ना स्वकीय सचिवलाई गाउँपालिका अध्यक्ष निर्वाचित गराएका छन् ।

जानकारहरूका अनुसार माओवादी केन्द्रमा कम्तीमा ६ शक्ति केन्द्र छन्, यतिबेला । जसमा पहिलो त अध्यक्ष प्रचण्ड हुन् नै, दोस्रोमा वर्षमान पुन, तेस्रोमा जनार्दन शर्मा, चौथोमा कृष्णबहादुर महरा, पाँचौंमा रामबहादुर थापा, छैटौंमा नारायणकाजी श्रेष्ठ पर्छन् । यी शक्ति केन्द्रलाई वरिपरिबाट घेर्न र रिझाउन सक्नेले मात्र अवसर/सुविधाका पदहरू प्राप्त गरिरहेका छन् । "माओवादीको स्कुलिङ त आफैं मात्र खाऊँ भन्ने पनि होइन," पत्रकार भण्डारी भन्छन्, "तर, हामी मात्र पटक-पटक कति खानु/हुनु ? अरूलाई पनि पालो दिऊँ भन्ने सोच नेताहरूमा किन आएन ?"

माओवादी केन्द्रको सहायक संगठन योङ कम्युनिस्ट लिग (वाईसीएल)ले १८ पुसमा केन्द्रीय समितिको बैठक डाकेर एकपटक समानुपातिक निर्वाचन प्रणालीबाट सांसद भइसकेकाहरूलाई पुनः नदोहोऱ्याउन आग्रह गरेको थियो । तर, नेताहरूले एकपटक होइन, पटक-पटक भएकाहरूलाई समेत दोहोऱ्याए । वाईसीएलका अध्यक्ष रामप्रसाद सापकोटा नेताहरूले आफ्नो आग्रहलाई लत्याएको बताउँछन् । भन्छन्, "हामीले आग्रह गर्ने हो । हामीले गरेको खबरदारी नेताहरूले सुनुवाइ गरेनन् । यसमा दुःख लागेको छ ।"

अनिलकुमार झा र डिम्पलकुमारी झा

अनिलकुमार झा र डिम्पलकुमारी झा

राजपा नेता अनिलकुमार झा र पत्नी डिम्पलकुमारी झा दुवै सांसद बनेका छन् । झा रौतहट-१ बाट संघीय संसद्मा विजयी भएका हुन् । उनकी पत्नी डिम्पलचाहिँ प्रदेश सभा-२ मा समानुपातिकबाट छानिएकी छन् । यसअघि ०७० को संविधानसभामा पनि झाले पत्नी डिम्पललाई समानुपातिक सूचीबाटै सांसद बनाएका थिए ।

दक्षिण एसियाली देशहरू भारत, श्रीलंका, पाकिस्तान र नेपालमा एउटा पार्टीभित्र निश्चित परिवारले मात्र पकड जमाउने गरेका उदाहरण प्रशस्त भेटिन्छ । भारतमा गान्धी, पाकिस्तानमा भुट्टो, श्रीलंकामा राजपाक्षे र नेपालमा कोइराला परिवारलाई यसको उदाहरणका रूपमा लिने गरिन्छ । तर, घटनाक्रमले माओवादी केन्द्र र एमालेले ती सबैलाई उछिन्ने प्रयास गरिरहेको देखिन्छ । बर्दियाबाट संघीय चुनावमा पराजित एमाले उपाध्यक्ष वामदेव गौतमले पत्नी तुलसा थापालाई समानुपातिक सूचीबाट संघीय संसद् सदस्य बनाएका छन् । ०७० को निर्वाचनमा रौतहटबाट विजयी एमाले नेता रामकुमार भट्टराई यसपटक पनि उम्मेदवार बनेका थिए । उनी पराजित भए । तर, उनकी पत्नी कल्याणी खड्का समानुपातिक सूचीबाट संसद्मा छिरेकी छन् । खड्का माधव नेपाल प्रधानमन्त्री हुँदा जनसम्बन्ध सल्लाहकार थिइन् ।

माओवादी केन्द्रका नेता लेखनाथ न्यौपानेका अनुसार पार्टी संस्थागत ढंगले चल्न नसकेकाले कसैलाई अवसरमाथि अवसर, कसैलाई बेवास्ता हुने गरेको हो । हुन पनि कमिटीका बैठक बसेर विगतमा पाएका अवसरको छलफल गर्ने पद्धति कुनै पनि पार्टीमा छैन । सबै पार्टीमा नेता-विशेषले टिकट वितरण गर्छन् । "अहिले राजनीति पेसामा बदलिएको हुनाले नाफा कमाउने ठाउँमा किन अरू लैजाने भन्ने निष्कर्षमा नेताहरू पुगे," न्यौपाने भन्छन्, "एकपटक समानुपातिकबाट सांसद भइसकेपछि वा त्यसभन्दा माथिका पद प्राप्त गरेपछि पनि पटक-पटक तिनै मान्छेलाई त्यही पदमा दोहोऱ्याउनु राजतन्त्रकै प्रवृत्ति भयो ।" हुन पनि अवस्था कस्तो देखिँदैछ भने विगतमा तामाङका नाममा बुद्धिमान तामाङ, मगरका नाममा बालाराम घर्तीमगर, थारूका नाममा फत्तेसिंह थारू, लिम्बूका नाममा पद्मसुन्दर लावतीहरूले पटक-पटक लाभका पद लिएका थिए । पछिल्ला दिनमा आफूलाई लोकतान्त्रिक भन्ने दलले त्यही सिको गरिरहेका छन् । न्यौपाने थप्छन्, "हामीले पटक-पटक यस्ता कुरा उठाइरहेका छौं । तर, यस्ता कुरा उठाउँदा पद नपाएर गुनासो गरेको भन्दै नेताहरूले विषयान्तर गरिरहेका छन् ।" ◆

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बदलिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

अभिमत

केशव दाहाल

जनप्रतिनिधिहरूको अग्निपरीक्षा

लामो अन्तरालपछि स्थानीय तहमा जनप्रतिनिधि आएका छन् । प्रदेशमा सरकार बनेको छ । संघीय व्यवस्थापिका र कार्यकारीले काम थालेको छ । अब चाँडै सयौँको संख्यामा राजनीतिक नियुक्ति हुनेछन् । सबै तहको जोड्दा यो संख्या झन्डै दुई हजार हुन सक्छ, जसको खर्च अर्बमा आउँछ । यत्रो जनशक्ति र खर्चको हिसाबकिताब गरेपछि प्रश्न स्वाभाविक हुन्छ कि के अब देश बन्छ ? के नेताहरूले सुशासन, सामाजिक न्याय र असल संस्कारको इतिहास बनाउँछन् ? कि उनीहरू तीव्र भ्रष्टाचार, गतिहीनता र अहंकारको कलंकमा जोडिएलान् ? हाम्रा जनप्रतिनिधिहरूको अग्निपरीक्षा सुरु भएको छ ।

इतिहासले हाम्रा नेताहरूलाई दुईवटा बाटा दिएको छ । एउटा बाटो छ, पौरखको । यो स्वर्गको बाटो हो । अर्को बाटो छ, बर्बादीको । यो नर्कको बाटो हो । नेताहरूलाई प्रश्न सोधौँ, तपाईं कुन बाटो जाने महाशय ? तपाईं गर्वयोग्य बन्ने कि चालू र भ्रष्ट ?

नेपाली राजनीति यतिबेला आशा र आशंकाको बीचमा छ । जनप्रतिनिधिहरू पनि आशा र आशंकाकै बीचमा छन् । जनतामा सकारात्मक अपेक्षा त छन् । तर, सँगै पहाडजस्ता आशंका पनि छन् । कसरी आशंकालाई आशामा बदल्ने ? कसरी गतिहीनतालाई गतिशीलताले जित्ने ? कसरी अविश्वासलाई विश्वासमा फेर्ने ? यी प्रश्न यसकारण महत्त्वपूर्ण छन् कि यहींबाट सफलता र असफलताका दुई बाटा छुट्टिन्छन् । सायद प्रत्येक मुलुकको इतिहासमा यस्ता दिनहरू आउँछन्, जहाँ विगत र भविष्यबीच पौंठेजोरी चल्छ । हाम्रो विगत आशंका, गतिहीनता र अविश्वासले भरिएको छ । फेरि पुरानै बाटो जाने कि आशा, गतिशीलता र विश्वासको नयाँ बाटो समाउने ? यो प्रश्न हाम्रा जनप्रतिनिधि, हाम्रा नेता र राज्यकोषबाट सुविधा लिनेहरूलाई हो । यो कुनै नकारात्मक टिप्पणी होइन, शालीन आग्रह हो ।

विगतको समीक्षा

निश्चय नै हामीसँग राजनीतिक आन्दोलनको गौरवपूर्ण इतिहास छ । तर, राजनीतिक परिवर्तनलाई हामीले जनताको समृद्धि, सुशासन र सामाजिक न्यायसँग जोड्न सकेनौँ । राजनीतिक परिवर्तनले जनताको अवस्था फेर्न सकेन । अतः भन्नैपर्छ, हामीसँग राजनीतिक बेथितिका दुःखद अनुभवहरू छन् । किन यस्तो भयो ? किनभने, हाम्रो राजनीतिसँग सत्य र निष्ठाको तागत रहेन । नेताहरूमा जिम्मेवारीबोध देखिएन । राजनीति अनेकौं भ्रमहरूको खेतीपातीमा फस्यो । जस्तो कि : सिद्धान्तको भ्रम, व्यवहारको भ्रम, लोकतन्त्रको भ्रम, समाजवादको भ्रम । कुरा सबैले ठूला गरे । तर, स-साना आवश्यकतामा कसैको ध्यान पुगेन । साधारण मान्छेहरूलाई लाग्न थाल्यो कि कहिल्यै वचनमा नटिक्नु, हरेक दिन षड्यन्त्रमा रमाउनु, जनतालाई ढाँट्नु, छलछाम गर्नु र सधैं कुर्सीको लागि लड्नु नेपाली राजनीतिको साझा चरित्र हो । नेपाली मध्यम वर्गले ठान्छ कि शक्ति र सम्पत्ति नेताहरूको कमजोरी हो । तीव्र विकास चाहनेहरू राजनीतिको गति, सिर्जनशीलता र शुद्धतामाथि शंका गर्छन् । हाम्रो युवा वर्ग पछिल्लो राजनीतिसँग विश्वस्त छैन । ऊ मूलतः परिणाम चाहन्छ । कुरा मात्र गर्ने राजनीति उसको छनोट होइन । सामाजिक न्यायको अपेक्षा गर्नेहरूलाई लाग्छ, यो विषयमा हाम्रा नेताहरू संवेदनशील छैनन् । यी जनताका आफ्नै अनुभव हुन् । यी अनुभवले भन्छन्, सुशासन र सदाचारका राजनीतिक दलिलहरू हावादारी हुन् ।

किन यति धेरै नकारात्मक छ जनता-नेता सम्बन्ध ? राजनीतिप्रति किन यति धेरै अविश्वास छ जनतामा ? के हाम्रा गाउँदेखि केन्द्रसम्मका जनप्रतिनिधिले यस्ता आशंका हटाउलान् ? सबैलाई थाहा छ, जनता र नेता नै विकासका सहयात्री हुन् । सहयात्रीबीच जब आशंका रहन्छन्, यात्रा सुखद हुँदैन । सुखद सहयात्राबिना गन्तव्यमा पुग्न सकिँदैन । नभुलौं, जनप्रतिनिधि बन्नु जनताको मत पाउनु मात्र होइन, मन पाउनु हो । के हाम्रा जनप्रतिनिधिले जनताको मन जित्लान् ? जुन विन्दुबाट हाम्रा जनप्रतिनिधिले जनताको विश्वास पाउलान्, सायद हाम्रो सुखद भविष्यतर्फको यात्रा त्यही विन्दुबाट प्रारम्भ हुन्छ ।

कामको केन्द्रविन्दु

कामको मलभूत केन्द्रविन्दु के हो ? हाम्रा जनप्रतिनिधिले सोच्नुपर्ने यो आधारभूत प्रश्न हो । आधारभूत प्रश्नको जवाफ खोज्न आधारभूत तहमै जानु राम्रो हुन्छ । पछिल्ला तथ्यांकहरूले भन्छन्, नेपालमा मात्र १२ प्रतिशत महिलाका नाममा जमिन छ । एकपटक राष्ट्रपति, प्रधानन्यायाधीश र सभामुख सबै पदमा महिला पुगे पनि हाम्रा ग्रामीण महिला आँसुको जिन्दगी जिउन बाध्य छन् । ग्रामीण किसानको जीवनमा कतै खुसीयाली छैन । बेदर्तावाल मोहीहरूको संख्या एक लाखभन्दा माथि छ । भूमि सदुपयोग नीति कार्यान्वयनमा छैन । मलको अनुदानले कृषि क्षेत्रका पीडालाई महलम लगाउँदैन । न बीउ, न त प्रविधि । आकाशे पानीमाथि भर पर्ने किसानको संख्या आधा छ । चर्को मूल्यवृद्धि, कालोबजारी र गुणस्तरहीनताले साधारण उपभोक्ता मारमा छन् । दलित, गरिब र कामदारहरूका सपना हरेक दिन जन्मन्छन् र मर्छन् । तर, समवेदना र सुविधा कतै छैन । यी हाम्रा जनप्रतिनिधिहरूले काम थाल्नुपर्ने आधारभूत मुद्दा हुन् ।



विद्यालयमा पढाइ छैन । हिजो निजी शिक्षण संस्थालाई बन्द गराउनेहरू आज त्यसैका मालिक छन् । न वैज्ञानिक शिक्षा, न त

रोजगारी। अस्पताल महँगो छ। गाउँमा औषधि छैन। विदेशमा मजदुरी गरेर देश फर्किएका युवाहरू सरकारकै मान्छेहरूबाट लुटिन्छन् । हत्या, अपहरण र लुटपाट दिनदहाडै हुन्छ । बलात्कारका दोषीहरू बर्दीमा घुम्छन् र जनप्रतिनिधिहरू मिलापत्रमा साक्षी बस्छन्। बडेबडे समाजवादीहरू भएको देशमा 'क्रोनी क्यापिटालिज्म' । यो के हो ?

हाम्रो विकासका प्राथमिकता र मोडेल के हुन् ? स्थानीय तहका नेता पनि ठूलठूला कुरा गर्न माहिर छन् तर साना मान्छेलाई स-साना परिवर्तन चाहिन्छ । लोकतन्त्र र विकासलाई जोड्ने प्राथमिक कडी नै जनता हुन् । अतः विकास प्रक्रियामा जनताको सहभागिता कसरी सुनिश्चित हुन्छ ? जनप्रतिनिधिहरूले यस्ता प्रश्नमा केन्द्रित हुनुपर्ला । भर्खर मात्र गरिएको कालोपत्रे अर्को महिना उप्किन्छ । १० महिना निदाउने र असारमा विकासको खेती गर्नेहरूले निरन्तर भ्रष्टाचारको रोपाइँ गरिरहेका छन् । सडकमा धूलो, खाल्डाखुल्डी र अराजकता व्याप्त छ । पूर्वाधारहरू अलपत्र छन् । कहाँ गए, सार्वजनिक थितिका कुरा ? कहाँ गए सुशासनका प्रतिबद्धता ? सरकारी तथा सार्वजनिक सेवा क्षेत्रमा अनगन्ती बेथितिहरू छन् । दुर्भाग्य ! हरेक बेथितिका पछाडि साना-ठूला नेताको आडभरोसा छ। त्यसैले प्रश्न स्वाभाविक हुन्छ कि हाम्रो राजनीति यस्ता अनेकौं बेथितिहरूबाट कसरी माथि उठ्ला ? हाम्रा जनप्रतिनिधिको निष्ठाको संकल्प के हो ? कि त चुनावका वाचाहरू सबै भ्रम थिए भन्नुपर्‍यो कि व्यवहारबाटै जवाफ दिनुपर्‍यो । के पार्टी खोल्ने, जनतालाई सपना देखाउने र सत्ताको खेती गर्नेबाहेक राजनीतिको अरू कुनै दायित्व हुँदैन ? अवश्य हुन्छ। त्यसैले त राजनीतिमा गुमेको दायित्व पुनःस्थापित गर्नु आजको मुख्य काम हो । के हाम्रा सबै तहका सरकारहरूले विगतका कमजोरी सच्याउँछन् ? उही शैली, प्रवृत्ति र प्रयोगले नयाँ गन्तव्यमा पुग्न सकिँदैन । नयाँ गन्तव्यमा पुग्न नयाँ बाटो हिँड्नुपर्छ । सफलताको यो सूत्र हाम्रा जनप्रतिनिधिलाई पक्कै थाहा छ।

उत्प्रेरणाको स्रोत

हाम्रा जनप्रतिनिधिको उत्प्रेरणाको स्रोत के हो ? धन, दौलत, सस्तो लोकप्रियता र कुर्सी हो कि विचार, मूल्य, मान्यता, परिवर्तन र समृद्धि ? इतिहासका शिखर मान्छेहरूको जीवनले भन्छ, उत्प्रेरणाको मुख्य स्रोत जनता हो । यहींनेर केही प्रेरणादायी नामहरू स्मरण गरौं । जस्तो कि, महात्मा गान्धी । उनी आफ्नो सिद्धान्तका आफैं अभ्यासकर्ता थिए । उनको जीवन शान्ति, लोकतन्त्र, सदाचार र स्वराजका लागि समर्पित थियो । उनी तपस्वी थिए । सादा जीवन र उच्च आदर्श उनको जीवनसूत्र थियो । निश्चय नै गान्धी ठूलो नाम हो । र, आज हाम्रा धेरै नेतालाई आ-आफ्नो तहको गान्धी बन्ने सुअवसर प्राप्त छ । के हाम्रा स्थानीय तह, प्रदेश र देशका नेताहरू आ-आफ्नो तहको गान्धी बन्लान् ? यहींनेर नेल्सन मण्डेलाको प्रसंग जोडौं । मण्डेला आजको विश्वका सर्वाधिक उच्च पुरुष हुन् । उनले जातीय समानता, मानव अधिकार र लोकतन्त्रका लागि अविश्वसनीय त्याग गरे । मूलतः उनी मान्छेलाई जातभन्दा माथिबाट हेर्थे । उनकै नेतृत्वमा दक्षिण अफ्रिका गोराहरूको समेत मातृभूमि बनेको छ। के हाम्रा नेताहरू आफ्नो गाउँठाउँका मण्डेला बन्लान् ? मार्टिन लुथर किंगले जीवनभर सामाजिक न्यायका लागि बोले । उनले निर्धाहरूमा आशाको सञ्चार गरे । उनको जीवन गरिमापूर्ण थियो । के हाम्रा नेताहरू गरिमापूर्ण जीवनका लागि अविचलित रहलान् ?

> **हाम्रा जनप्रतिनिधिको उत्प्रेरणाको स्रोत के हो ? धन, दौलत, सस्तो लोकप्रियता र कुर्सी हो कि विचार, मूल्य, मान्यता, परिवर्तन र समृद्धि ?**

मार्क्सवादीहरूले पटक-पटक पढेकै हुनुपर्छ, कार्ल मार्क्ससँग आफ्नी छोरीको मृत्युमा कात्रो किन्ने पैसा पनि थिएन । तर, चरम गरिबीमा पनि उनले आफ्नो आस्थालाई धर्मराउन दिएनन् । नेपालमै पनि बीपी कोइराला, पुष्पलाल, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, गणेशमान सिंह, मदन भण्डारीका नामहरू पटक-पटक लिइन्छन् । उनीहरूले शानदार जीवन बाँचे । किनभने, उनीहरू ढोंगी थिएनन् । जे भने, त्यही गरे । उनीहरूको अर्थमा राजनीति त्याग, समर्पण र परिवर्तनको महायज्ञ थियो । राजनीतिलाई तिनले सत्यको लडाइँ बनाए । के हाम्रा नेताहरू आफ्नै राजनीतिका आदर्शहरूबाट सिक्ने सामर्थ्य राख्छन् ?

स-साना काम गरेर आदर्श स्थापित गर्न सकिन्छ । हरेक जनप्रतिनिधिलाई आफ्नो तहको गान्धी, मण्डेला, बीपी, पुष्पलाल, मनमोहन बन्ने अवसर छ । निश्चय नै केही फरक, सानै सही तर महत्त्वपूर्ण काम गर्ने संकल्प भयो भने सफलता टाढा छैन । अन्यथा हाम्रा जनप्रतिनिधिहरूको असफलतालाई कसैले रोक्न सक्दैन ।

सिद्धान्त पढ्नु, सिद्धान्त भन्नु र सिद्धान्तमा टिक्नु अलग कुरा रहेछ । नेपाली राजनीतिका पछिल्ला घटनाहरूले सिद्धान्त र व्यवहारका अनेकौं असंगतिलाई उदाङ्गो बनाएका छन् । हाम्रा नेताहरू सिद्धान्त भन्न सक्छन् । तर, हामीलाई सिद्धान्तको जनमुखी प्रयोग चाहिएको हो । राम्रो बोलेर के हुन्छ, जब व्यवहारमा कोही सबैभन्दा दुष्ट छ भने ? यसर्थ नै जनता समग्र राजनीतिप्रति आशंका गर्छन् । नेताहरूलाई जाँच्ने जनतासँग सजिलो उपाय छ । उनीहरू छलछाम, सौदाबाजी र तिकडमबाट नभई आफ्नै जीवनसँग जोडेर नेताहरूको परीक्षा लिन्छन् । जनता स-साना खुसी चाहन्छन् । जनता दैनिक जीवनमा परिवर्तन चाहन्छन् । शान्ति, सुरक्षा, स्कुल, अस्पताल, रोजगारी, खेत खलियान, पानी, मल, सिँचाइ । यस्ता विषय हुन्, जसका लागि जनताले निरन्तर सपना देखेका छन् । जनता आफ्ना सपनाहरू पूरा हुने दिन गनेर बसेका छन् । अब पर्खिने समय छैन । यसको अर्थ हो, यो परीक्षामा पास हुनुबाहेक हाम्रा जनप्रतिनिधिहरूलाई अरू कुनै सुविधा प्राप्त छैन ।

चुनाव सकियो । नेताज्यू, तपाईं सत्तामा हुनुहुन्छ । अब सम्झनायोग्य काम गर्नुहोला । अन्यथा, भोलि फेरि चुनाव आउँछ, त्यो बेला आफ्नै कर्मले तपाईंको शिर नझुकोस् । प्रिय नेताज्यू, तपाईंको राजनीतिक जीवनकै महापरीक्षा सुरु भयो । कृपया पास हुनुहोला । ◆

ढले तर उठे

ढिलै भए पनि भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक धरोहर फेरि ठडिँदै

गोकर्ण गौतम

जब महाभूकम्पले ऐतिहासिक सम्पदाहरू ढले, पुरातत्त्व विभागले पाँच वर्षभित्र पूर्ववत् ठड्याउने लक्ष्य राख्यो । सम्पदाप्रेमीमा उत्साह सञ्चार हुने भइहाल्यो। भूकम्प गएको तीन वर्ष पुग्न दुई महिना मात्र बाँकी छ । विभागले बोलीलाई व्यवहारमा रूपान्तरण गरेको हुँदो हो त सम्पदा पुनःनिर्माण आधा भइसक्थ्यो । तर, वास्तविकता तीतो छ । एक चौथाइ सम्पदाको पुनःनिर्माणले पूर्णता पाएको छैन। जीर्णोद्धार थालनीसमेत नभएका सम्पदा त्यत्तिकै छन्। तर, यसको अर्थ सम्पदा पुनःनिर्माण शून्य छ भन्नेचाहिँ होइन । गति सुस्त भए पनि भूकम्पअघिकै अवस्थामा फर्काइएका सम्पदाको संख्या बढिरहेको छ। विभागका महानिर्देशक भेषनारायण दाहाल भन्छन्, "विभिन्न व्यावहारिक कठिनाइले सोचेजस्तो छिटो सम्पदा पुनःनिर्माण गर्न सकिएन । अब धेरै चाँजोपाजो मिलिसक्यो । त्यसैले तीव्रता पाइरहेको छ ।"

१२ वैशाख ०७२ को भूकम्प र त्यसपछिका परकम्पनले काठमाडौं उपत्यकाका मात्र ४ सय ६० सम्पदामा क्षति पुगेको थियो। त्यसमै पर्छ, विश्वभर ख्याति कमाएको बौद्धनाथ । पाँचौं शताब्दीको ३६ मिटर अग्लो स्तूपालाई



बौद्धनाथ

तस्बिर : संजोग मानन्धर

भूकम्पले चिराचिरा पारेको थियो । पुरातात्त्विक महत्त्व र विश्व सम्पदामा सूचीकृत स्थल हुनुको नाताले पनि बौद्धनाथतिर धेरैको ध्यान तानिएको थियो । सांस्कृतिक महत्त्वले भरिपूर्ण यस स्तूपालाई पुरानै स्वरूपमा फर्काइएको तीन महिना बित्यो । विश्व सम्पदामा सूचीकृत उपत्यकाका सातमध्ये सुरुमा पुनःनिर्माण हुने सम्पदा पनि बौद्धनाथ नै हो, जसलाई विभागले ठूलो उपलब्धिका रूपमा पेस गर्दै आएको छ । यसको डोमदेखि त्रयोयश भुवन (१३ वटा खुड्किला)सम्मका भाग, मण्डला र छ्योर्तेनमा क्षति पुगेको थियो । बौद्धनाथमा ३१ किलो सुनको जलप लाग्यो । भारतको हिमाचल प्रदेशका ताईसितुपा रिम्पोछेले २६ किलो सुन र एक करोड रुपियाँ नगद दिए । पाँच किलो सुन स्थानीयबाट उठेको थियो । स्थानीयको अगुवाइ र विभागको निगरानीमा भएको पुनःनिर्माणको लागत झन्डै २३ करोड रुपियाँ पुगेको छ । त्यस्तै, विशिष्ट पुरातात्त्विक महत्त्वको चाँगुनारायण मन्दिरको पुनःनिर्माण सम्पन्न भएको छ । यो मन्दिर लिच्छविकालीन राजा हरिदत्त वर्माले ईसापूर्व ३२३ मा बनाएको विश्वास गरिन्छ । यसको जीर्णोद्धार पुरातत्त्व विभागले गरेको हो भने नजिकैका दुईतले किलेश्वर मन्दिर जर्मन सहयोगमा बनाइएको छ ।

पुरातत्त्व विभाग अन्तर्गतको भक्तपुर स्मारक संरक्षण तथा दरबार हेरचाह संरक्षण क्षेत्रका इन्जिनियर मोहनकृष्ण श्रेष्ठका अनुसार दरबार क्षेत्रभित्रका खौमा गेट, रामेश्वर मन्दिर, दुईमाजु र बद्रीनारायणको पुनःनिर्माणले पूर्णता पाएको छ । ५५ झ्याले दरबारको दक्षिण-पूर्वी कुनामा रहेको शिखर शैलीको नारायण मन्दिर र ऐतिहासिक मुख्यद्वार खौमा गेट भक्तपुर नगरपालिकाले जीर्णोद्धार गरेको हो । नगर प्रवेश गर्नासाथ देखिने अग्लो बद्रीनारायण मन्दिर र रामेश्वर मन्दिरमा विभागकै लगानी छ । यहाँ विभागको अगुवाइ र दाता तथा स्थानीयको सहयोगमा सम्पदालाई ऐतिहासिक शैलीमा ठड्याउने प्रयास भइरहेको छ । इन्जिनियर श्रेष्ठ भन्छन्, "भक्तपुरमा हरेक सम्पदा पुरानै साख र स्वरूपमा पुनःनिर्माण गरिएको छ । हामी समय र सांस्कृतिक महत्त्व बचाउने हिसाबले लागिपरेका छौं ।" दधिकोटको दक्षिण बाराही मन्दिर भूकम्पअघि जस्तै ठडिएको छ । दरबार क्षेत्रभित्रको शिलु महादेव, सिद्धिलक्ष्मी मन्दिर, तवसत्तलजस्ता भत्किएका सम्पदामा काम भइरहेको श्रेष्ठले जनाए । सूर्यविनायकको अनन्तलिंगेश्वरको जीर्णोद्धार अन्तिम चरणमा पुगेको छ । विभागको तथ्यांक अनुसार भक्तपुरमा मात्र ८० वटा सम्पदा आंशिक तथा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । तर, पुनःनिर्माणको गति असाध्यै धीमा छ ।

तुलनात्मक रूपमा ललितपुर सम्पदा जीर्णोद्धारमा अगाडि देखिन्छ । यहाँ १ सय ३० सम्पदा ध्वस्त भएका थिए । पुनःनिर्माणको मुख्य जिम्मेवारी काठमाडौं उपत्यका संरक्षण ट्रस्ट (केभीपीटी)ले पाएको छ । पाटन दरबार क्षेत्रको शोभा बढाउने विभिन्न सम्पदामध्ये सुन्दरी चोक एक हो । सन् १६२७ मा सिद्धिनरसिंह मल्लले बनाएको यस चोकले पाँचवटा महाभूकम्प थेगिसक्यो । यसक्रममा कति क्षति भयो, लेखाजोखा छैन । तर, '९० सालको भूकम्पमा पूर्वी मोहडा खसेको थियो । त्यतिबेलै मर्मत-सम्भार गरियो । यसपटक त्यही मोहडा फेरि खस्यो । जबकि, बाँकी तीनवटामा क्षति पुगेन । कारण, भूकम्पअगाडि उत्तर, दक्षिण र पश्चिम मोहडा 'रिपियर' गरिएको थियो । पूर्वी भाग बाँकी थियो । आर्किटेक्ट इन्जिनियरसमेत रहेका केभीपीटीका नेपाल निर्देशक रोहित रञ्जितकार भन्छन्, "पूर्वी मोहडामा मात्र क्षति पुग्नुले नियमित मर्मत नगर्दाको परिणाम आकलन गर्न सकिन्छ । अहिले भत्किएका सम्पदा पुनःनिर्माण गरेर मात्र हुन्न, लामो समयसम्म जोगाउन बेलाबेला मर्मत गर्नुपर्छ ।" यसपटक सुन्दरी चोकको पूर्वी भाग '९० सालअगाडिकै डिजाइनमा पुनःनिर्माण गरिएको छ ।

भूकम्पमा पाटन दरबार क्षेत्रभित्रकै तलेजु मन्दिरको छाना पूरै तल खसेन, त्यहीँ पल्टियो र स्वरूप बिग्रियो । मूल चोक र

पाटनको योगनरेन्द्र मल्लको सालिक

तस्बिर : भास्कर ओझा

चाँगुनारायण

सुन्दरी चोकको छानाबीचमा खस्यो, जसले तलका दुई छानामा असर गर्‍यो । अहिले यी सबैलाई पुरानै अवस्थामा फर्काइएको छ । पाटनलाई सम्पदाले भरिपूर्ण बनाउन महत्त्वपूर्ण भूमिका खेलेका राजा योगनरेन्द्र मल्लको सालिक भुइँमा झर्‍यो । स्तम्भ त भाँचियो नै, सालिक पनि कच्याककुचुक भयो । केभीपीटीका रञ्जितकारका अनुसार फेरि सालिक नखसोस् भनेर स्तम्भको बीचमा स्टिलको डन्डी राखेर जोडियो र पुरानै शैलीमा सालिक स्तम्भमाथि राखेर ठड्याइएको छ । त्यस्तै, भीमसेन मन्दिरअगाडिको सिंह स्तम्भ पनि भाँचिएको ठाउँमा स्टिल राखेर जोडिएको छ । स्टिल राखेकामा टीका-टिप्पणी नभएको होइन । तर, रञ्जितकार भन्छन्, "पुरानो चीज बचाउन अवस्था हेरेर नयाँ प्रविधि र शैली प्रयोग गर्नुपर्छ । अर्को विकल्प हुन्न ।" भूकम्पमा क्षति पुगेको बहादुर शाह बैठकको पछाडिको भाग र मणिमण्डपको उत्तरी भागको पुनःनिर्माण सँघारमा पुगेको छ ।

पुनःनिर्माण सकिएका सम्पदा

काठमाडौं

- वसन्तपुरको पञ्चमुखी हनुमान
- मोहनकाली चोकको पश्चिमी मोहडा
- तलेजु मन्दिरअगाडिको महादेव मन्दिर
- सिंह सत्तल

- लक्ष्मीनारायण मन्दिर
- देगुतलेजु
- नगरा भवन
- सुन्दरी चोकको पूर्वी मोहडा
- स्वयम्भू शान्तिपुरको पूर्वपट्टिको पार्टी
- मञ्जुश्री सत्तल
- टासिगुम्बाङ चैत्य
- वशुबन्धु चैत्य र अनन्तपुर
- बौद्धनाथ



पाटन

- सुन्दरी चोक
- सुन्दरीको पूर्वी मोहडा
- तलेजु र मूलचोकको छाना
- मणिमण्डप
- भीमसेन मन्दिर
- सिंहमूर्ति
- योगनरेन्द्र मल्लको सालिक



भक्तपुर

- चाँगुनारायण मन्दिर
- किलेश्वर मन्दिर
- खौमा गेट
- रामेश्वर मन्दिर
- दुईमाजु
- बद्रीनारायण
- नारायण मन्दिर



ढिलासुस्तीका अनेक बहाना

पुन:निर्माणको पर्खाइमा वसन्तपुरको माजुदेगः

सम्पदा पुन:निर्माण कछुवा गतिमा भइरहेको तथ्य कसैबाट छिपेको छैन । पुरातत्त्व विभागले दाता, स्थानीयवासी, संस्कृतिविद्, इतिहासकार र दक्ष जनशक्तिसँग प्रभावकारी समन्वय गर्न चुकेको अर्को सत्य हो । तर, विभागसँग उम्कने बहाना अनेक छन् । परिणाम एउटै छ, पुरातात्त्विक सम्पदा फेरि पहिलेझैँ ठडिन पाएका छैनन् । मापदण्डविपरीत र ऐतिहासिक महत्त्वलाई आत्मसात् नगरिएला भन्ने चिन्ता छँदैछ । रानीपोखरीमा त्यसको छनक मिलिसकेको छ । सम्पदाप्रेमी रवीन्द्र पुरी भन्छन्, “काम गर्नेभन्दा यताउता बहाना गरेर ढिलासुस्ती गर्ने प्रवृत्ति हावी भयो । यही गतिले पाँच वर्षमा आधा काम सकिन मुस्किल पर्छ ।”

एकातिर ढिला हुँदा क्षतविक्षत सम्पदाको भौतिक सामग्री थप बिग्रन्छ, अर्कातिर भत्किएका संरचनाले सम्पदा क्षेत्रकै सौन्दर्यमा ह्रास ल्याउँछ । त्यसले भूकम्पको त्रास बल्झाइरहने र पर्यटक आवागमनमा अप्रत्यक्ष असर पार्ने पिरलो छ । सबैभन्दा डरचाहिँ युनेस्कोले हाम्रा सम्पदालाई खतराको सूचीमा राख्ला भन्ने हो । धेरैलाई थाहा नहुन सक्छ, भूकम्पपछि तीनपटक युनेस्कोको खतराको सूचीबाट बचिसकेको छ नेपाल । भूकम्पपछि भत्किएका सम्पदाको पुन:निर्माण सुस्त रहेको, नेपालले कतिपय सम्पदा हुबहु पुन:निर्माण गर्न नसक्ने, स्रोतको जोहो हुन नसकेको लगायत कारण देखाउँदै गत असारमा पोल्यान्डमा सम्पन्न विश्व सम्पदा समितिको ४१औँ सम्मेलनमा काठमाडौँ उपत्यकालाई खतराको सूचीमा राख्ने प्रस्ताव पेस भएको थियो । युनेस्कोको ‘रियाक्टिभ मनिटरिङ’ टोलीले यहाँका सम्पदाको अध्ययन गरेपछि यस्तो सुझाव दिएको थियो । तर, अधिवेशनले सूचीमा नराख्ने निर्णय गर्‍यो । यसअगाडि सन् २०१५ र २०१६ मा यस्तै भएको थियो । तैपनि, पुन:निर्माण सन्तोषजनक नभए र पुरातात्त्विक मापदण्ड मिचेर पुन:निर्माण गरिए सम्पदा सूचीबाट सदाका लागि हट्ने डर छँदैछ । तर, विभागका पदाधिकारीलाई सम्पदा पुन:निर्माणमा भइरहेको ढिलासुस्तीको चिन्ताभन्दा तीनपटक खतराको सूचीबाट जोगाएकामा बढी उत्साह छ ।

’९० सालको भूकम्पले पनि यसैगरी सम्पदामा क्षति पुर्‍याएको थियो । तर, तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले सम्पदा पुन:निर्माणलाई महत्त्व दिएका थिए । वसन्तपुर दरबार स्क्वायरलाई उच्च प्राथमिकतामा राखियो । एनालाइसिस अफ रेस्टोरेसन वर्कमा विद्यावारिधि गरेका आर्किटेक्ट इञ्जिनियर रोहित रञ्जितकार भन्छन्, “प्रधानमन्त्रीले आदेश दिएपछि रातारात काम हुने अवस्था थियो । कति सम्पदाको पुन:निर्माण स्तरीय भए भने कति बिग्रिएका पनि छन् । तर, गतिचाहिँ अहिलेको भन्दा छिटो थियो ।” पुन:निर्माणलाई राजनीतीकरण गरिएको र अनावश्यक सैद्धान्तिक विवादमा अल्झिएको ठम्याइ छ उनको । हुन पनि, महानगरपालिका, पुरातत्त्व विभाग, पुरातत्त्वविद्, स्थानीय अगुवाबीच समन्वयभन्दा प्रतिशोध मौलाएको जोकोहीले देखेका छन् । भलै विभागका महानिर्देशक भेषनारायण दाहाल अरू संरचना र सम्पदा पुन:निर्माणलाई तुलना गर्न नमिल्ने दाबी गर्छन् । उनका अनुसार काष्ठमण्डपको अध्ययन-अनुसन्धानमै दुई वर्ष लाग्यो । नयाँ तथ्य र शैली पत्ता लागेजस्तै पौराणिक शैलीमा बनाउन दक्ष कालीगढदेखि अन्य काठ, माटो, इँटाजस्ता निर्माण सामग्री जुटाउन मुस्किल पर्छ । भन्छन्, “ढिला भयो भनेर मात्र भएन, यसभित्रका जटिलता पनि बुझ्नुपर्छ ।”

विश्व सम्पदा सूचीमा रहेको स्वयम्भूका विभिन्न सम्पदा पुन:निर्माणको पर्खाइमा छन् । केहीले पूर्णता पाएका छन् । जस्तो : शान्तिपुरको पूर्वपट्टिको पार्टी र मञ्जुश्री सत्तललाई भूकम्पअघिकै संरचनामा लगिएको छ । विशिष्ट सांस्कृतिक महत्त्व बोकेको टासीगुम्बाङ चैत्य, बशुबन्धु चैत्य र अनन्तपुरको जीर्णोद्धार गरिएको छ । पुरातत्त्व विभागका अनुसार प्रतापपुर र महाचैत्यको पुन:निर्माणलाई प्राथमिकतामा राखिएको छ । त्यसपछि स्वयम्भूको पुन:निर्माण करिब-करिब सकिन्छ । त्यसो त वसन्तपुर दरबार क्षेत्रमा सम्पदा जीर्णोद्धारको सवालमा केही प्रगति नभएको होइन । भूकम्पले विनाश गरेका पञ्चमुखी हनुमान, मोहनकाली चोकको पश्चिमी मोहडा, तलेजु मन्दिरअगाडिको महादेव मन्दिर पहिलेझैँ ठडिएका छन् । सिंहसत्तल, लक्ष्मीनारायण मन्दिर, देगुतलेजु,



नगरा भवन, सुन्दरी चोकको पूर्वी मोहडाको काम सकिएको छ ।

उपत्यकाका तीन दरबार क्षेत्रबाहेक गोकर्ण उत्तरगयाको पञ्चमुखी हनुमानसँगैको सत्तल, नागार्जुन नगरपालिकाको जमाचोस्थित सत्तल, बुङमतीस्थित प्रथमपुर महाविहार, गोदावरी धुनीधर, त्रिपुरेश्वर महादेव मन्दिरको चारकुनाको सत्तलको पनि पुन:निर्माण सम्पन्न भएको छ । विभागका पुरातत्त्व अधिकृत दामोदर गौतम भन्छन्, “बाहिर हल्ला गरेजस्तो कामै नभएको वा विवादमा अल्झिएको होइन । प्रक्रिया र सांस्कृतिक महत्त्व बचाएर पुन:निर्माण गर्दा केही ढिला हुनु स्वाभाविक हो ।” ◆

विश्व व्यवस्था : हिजो, आज र भोलि

रमेश केसी

हेनरी किसिन्जर ती लब्ध प्रतिष्ठित कूटनीतिज्ञ र राजनेता हुन्, जसका प्रत्येक शब्द गाम्भीर्यका साथ लिइन्छ । राष्ट्रपति रिचर्ड निक्सनका राष्ट्रिय सुरक्षा सल्लाहकार र राष्ट्रपति जेराल्ड फोर्डका विदेशमन्त्री रहिसकेका उनी ९३ वर्षमा पनि लेखन कार्यमा त्यत्तिकै सक्रिय छन् । केही वर्षअघि चर्चित पुस्तक *डिप्लोमेसी*पछि *अन चाइना* हुँदै अहिले *वर्ल्ड अर्डर* पुस्तक लिएर देखा परेका छन् उनी । विश्व कूटनीतिका विश्वकोश अमेरिकी विद्वान् किसिन्जरले हार्वर्ड विश्वविद्यालयमा दुई दशकसम्म प्रध्यापन गरे । *वर्ल्ड अर्डर* अर्थात् विश्व व्यवस्था अन्तर्राष्ट्रिय मामलामा पेचिलो विषय हो । राष्ट्रको व्यवस्था गर्न सरकार भएजस्तै विश्वको व्यवस्था गर्न अन्तर्राष्ट्रिय प्रणाली हुन्छ । समकालीन विश्वमा यही प्रणालीका अतीत, वर्तमान र भविष्यबारे किसिन्जरले यस पुस्तकमा व्यापक चर्चा गरेका छन् । यो विश्व व्यवस्था पहिलोपल्ट युद्धरत युरोपेली शक्तिहरूले ३० वर्षसम्म युद्ध गरेपछि आपसी शान्ति र सुशासनका लागि सन् १६४८ मा वेस्टफेलियन सन्धि गरे । यसले युरोपमा शक्ति सन्तुलन ल्यायो । यही शक्ति सन्तुलनले विश्वमा पहिलोपल्ट वैज्ञानिक र प्रणालीगत विश्व व्यवस्था बनायो । राष्ट्रहरू सम्प्रभुतालाई मान्दै आफ्नो अधिकार उपभोग गर्न पाउने भए । एकअर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने सहमति भयो । यस सन्धिले युरोपको बहुलतालाई स्वीकार्‍यो, जसले शक्ति सन्तुलनलाई बिथोल्छ, त्यो अन्य राष्ट्रहरूको संयुक्त पहलमा निमिट्यान्न हुन्छ । जस्तो कि नेपोलियन बने । यही वेस्टफोलियन सन्धिपछि कंग्रेस अफ भियनाबाट परिमार्जित भयो । आधुनिक



वर्ल्ड अर्डर

लेखक	: हेनरी किसिन्जर
प्रकाशक	: एलेन लेन
पृष्ठ	: ४२०
मूल्य	: २५ डलर

राज्यमा अहिलेसम्म यही विश्व व्यवस्थाका मान्यताहरूले स्थान पाएको छ । पहिलो र दोस्रो विश्वयुद्धपछि यस व्यवस्थालाई केही धक्का पुग्यो । त्यसपछाडिको विश्व व्यवस्थाको नेतृत्व अमेरिकाको हातमा गयो । यो पश्चिमी थियो ।

वेस्टफेलियन सहमतिकै निरन्तरता थियो । अहिले चीन, भारत, ब्राजिल, इरान र दक्षिण अफ्रिकाजस्ता राष्ट्रहरूको उदयले अमेरिकी विश्व व्यवस्थाको संरचना परिवर्तन गर्न खोजेको छ । विशेष गरी चीनको अभूतपूर्व उदय र आर्थिक, सैनिक शक्तिले अमेरिकाको नेतृत्वमा रहेका विश्व प्रणालीलाई चुनौती दिन सक्ने किसिन्जरको दृष्टिकोण छ । पुस्तकमा युरोप, भारत, चीन, जापान र मध्यपूर्वजस्ता शक्तिहरूले विकास गरेको विश्व व्यवस्थाबारे सूक्ष्म विश्लेषण गरिएको छ ।

यी विश्व व्यवस्थाहरूको इतिहास र वर्तमान केलाउँदै किसिन्जर पुस्तकमा समकालीन विश्व राजनीतिको उथलपुथलहरूका बारे चर्चा गर्छन् । शीतयुद्धको बेला पुँजीवादी अमेरिका र साम्यवादी सोभियत संघबीच विश्व प्रभुत्व र नेतृत्वको होडबाजी थियो ।

सन् १९९० मा साम्यवादी धुरीको पतनपछि अमेरिका विश्वको एक मात्र महाशक्ति बन्यो । अमेरिकाविरुद्ध इस्लामिक आतंकवाद चुनौतीका रूपमा देखापर्‍यो । स्यामुयल हन्टिङ्टनले यसलाई *सभ्यताको* द्वन्द्व भने । हुन त इस्लामिक विश्व व्यवस्था अट्टोमन साम्राज्यको पालामा युरोपसम्म पुगेको थियो । गैरइस्लामलाई इस्लामिक बनाउने वा नष्ट गर्ने ध्येय भएको यो व्यवस्था धार्मिक उन्माद र उद्देश्यले प्रेरित थियो । 'सभ्यताको द्वन्द्व' सतहमा हेर्दा हो जस्तो लागे पनि राज्यहरू आ-आफ्नो मौलिक स्वरूप र स्वार्थबाट सञ्चालित हुन्छन् । यसर्थ, सभ्यताको द्वन्द्वभन्दा किसिन्जर राज्य-राज्यबीचको प्रतिस्पर्धा र विविध स्वार्थमा जोड दिन्छन् । मध्यपूर्वमा नै इस्लामिक भए पनि क्षेत्रीय प्रभुत्वका लागि आज इरान र साउदी अरेबिया प्रतिस्पर्धामा छन् । उत्तरशीतयुद्धकालमा अहिले नयाँ विश्व व्यवस्थाका लागि प्रयत्नरत रहेको राष्ट्र चीन नै हो । चीन अहिले शीतयुद्ध, भियतनाम युद्ध, दुईवटा इराक युद्ध, अफगानिस्तानको युद्ध र अलकायदाको आक्रमणपछि घाइते बनेको अमेरिका आतंकवादविरुद्धको युद्धपछि थकित छ । यस थकानबाट कमजोर बनेको अमेरिकाबाट विश्व व्यवस्थाको समुचित प्रयोग हुन नसक्ने देखिन्छ ।

अमेरिकाले दोस्रो विश्वयुद्धपछि विश्व बैंक, संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठन र अन्तर्राष्ट्रिय अपराध अदालतको सिर्जना गरेर विश्वमा आफ्नो प्रभुत्व जमाएको थियो, दोस्रो विश्वयुद्धपछि तहसनहस युरोपको पुन:निर्माणमा सहयोग गरेको

थियो भने सामूहिक सुरक्षा र सोभियत साम्यवादी चुनौतीलाई सामना गर्न उत्तर एटलान्टिक सैनिक संगठनको गठन गरेर बीसौँ शताब्दी अमेरिकी शताब्दी बनाएको हो । इतिहासकारहरू भन्छन् कि उन्नाइसौँ शताब्दी युरोपको थियो भने बीसौँ शताब्दी अमेरिकाको थियो, अबको एक्काइसौँ शताब्दी चीनको हुनेछ । *गीता* र *महाभारत*जस्ता हिन्दु धार्मिक ग्रन्थबाट विकसित भएको भारतको विश्व दृष्टिकोणका बारेमा चर्चा गर्दै किसिन्जर भविष्यमा भारत एक महाशक्ति बन्ने टिप्पणी गर्छन् । अन्तर्राष्ट्रिय राजनीतिमा यथार्थवादी विचारधाराका प्रवक्ता हेनरी किसिन्जरको यो पुस्तक इतिहास रणनीति र राज्य कौशलको निचोड हो । पुस्तकमा किसिन्जरले त्यहाँ एउटा मात्र विश्व व्यवस्थाभन्दा क्षेत्रपिच्छे विभिन्न विश्व व्यवस्थाको अवधारणा सक्रिय रहेको स्पष्ट पार्छन् । इरानको आणविक कार्यक्रमले ल्याएको संकट र त्यसपछि सम्झौता, उत्तर कोरियाको आणविक परीक्षणले ल्याएको युद्धको खतरा आदि विश्लेषण गर्दा किसिन्जर पुस्तकमा आधुनिक विज्ञान, प्रविधि, सूचना, क्रान्ति र कृत्रिम बुद्धिको आविष्कारले विश्व व्यवस्थामा ल्याउने परिवर्तनबारे चर्चा गर्छन् ।

अमेरिकाको वर्तमान संकटका बारेमा उनी लेख्छन्, 'शक्ति र कूटनीतिको दुविधा समाधान गर्न नसक्नु, यथार्थवाद र आदर्शवाद, शक्ति र वैधानिकताबीच दोधार मेट्न नसक्नु हो ।' उदार विश्व व्यवस्था भनिएको वर्तमानको संरचनाबारे चीन, रुस र भारतका आ-आफ्ना धारणा छन् । तर, बदलिँदो विश्व राजनीतिको पर्यावरणमा यो प्रश्न पनि छ कि के अमेरिकी युग समाप्त भएको हो ? हो भने अहिले अमेरिकी वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पको एकलकाँटे र अन्तर्मुखी नीतिबाट नै अमेरिकी विश्व व्यवस्थालाई खतरा छ । आधुनिक कालखण्डमा राष्ट्रपति विड्रो विल्सनद्वारा विकसित गरिएको अमेरिकी विश्व व्यवस्थालाई सबै राष्ट्रपतिहरूले निरन्तरता दिए । अहिले आएर राष्ट्रपति डोनाल्ड ट्रम्पको मौसम परिवर्तनसम्बन्धी पेरिस सम्झौता, ट्रान्सप्यासिफिक व्यापार सम्झौताबाट पछि हट्ने निर्णयले अमेरिका विश्वको नेतृत्व गुमाउँदै गएको छ । यो खाली ठाउँमा चीनले फाइदा लिन खोजेको छ । अमेरिका अझै पनि आफ्नो नेतृत्वको विश्व चाहन्छ भन्ने कुरा ट्रम्पले हालै सुरक्षा नीति घोषणा गर्दा चीन र रुसलाई दुई प्रमुख शत्रु राष्ट्रका रूपमा चित्रित गरेबाट स्पष्ट हुन्छ । रुस अहिले आफ्नो गुमेको साख फेरि फर्काउन चाहन्छ । चीन भने अहिले बहुध्रुवीय विश्व तर एसियाको एक्लो नेतृत्व लिन चाहन्छ । भारत भने बहुध्रुवीय विश्व र बहुध्रुवीय एसियाको पक्षमा छ । राष्ट्रहरूको चरित्र र इतिहासको बाटोबारे मिहिन ढंगले विश्लेषण गरिएको यो पुस्तक अन्तर्राष्ट्रिय मामलामा जानकारी राख्ने जो कोहीले पढ्न आवश्यक छ ।

> “विश्व अर्थतन्त्रमा उपनिवेशवादी काल, साम्राज्यवादी काल र मुक्त पुँजीवादी कालमा प्रभुत्व जमाउँदै आएका पश्चिमाहरू अहिले गैरपश्चिमा राष्ट्रहरूको उदयबाट सशंकित बनेका छन् ।”

वेस्टफेलियन अवधारणाबाट सञ्चालित विश्व व्यवस्था पश्चिमीहरूको पकडबाट जान सक्ने संकेतहरू देखिएका छन् । केही कालअघिसम्म अमेरिका विश्वलाई निर्देशन दिन्थ्यो भने अहिले मुस्किलले नेतृत्व गरिरहेको प्रिन्सटन विश्व विद्यालयका सिजोन एकेनवरी बताउँछन् । विश्व अर्थतन्त्रमा उपनिवेशवादी काल, साम्राज्यवादी काल र मुक्त पुँजीवादी कालमा प्रभुत्व जमाउँदै आएका पश्चिमाहरू अहिले गैरपश्चिमा राष्ट्रहरूको उदयबाट सशंकित बनेका छन् । विशेष गरी चीनको उदयबाट सशंकित बनेका छन् । किनभने, एउटा महाशक्तिको पतनका लागि अर्को महाशक्तिको उदय हुन जरुरी छ । राष्ट्रहरूलाई संयमित र सन्तुलित राख्न गरिएको विश्व व्यवस्था शक्तिले नै निर्धारित गर्ने विषय हो । चीनको विश्व व्यवस्थासम्बन्धी अवधारणा अहिलेसम्म धारणात्मक छ भने अमेरिकाको व्यवहारमूलक छ । १७औँ शताब्दीमा युरोपको युद्धरत राष्ट्रहरूको परिस्थितिले जन्माएको वेस्टफेलियन विश्व व्यवस्था नयाँ विश्व परिस्थितिमा कति सान्दर्भिक हुन्छ भन्ने प्रश्न नै अहिलेको अनिश्चयको युगको प्रमुख प्रश्न हो । ◆

अनुभूति



। किशोर नेपाल

सहरको दोस्रो कथा

दिक्क छ। ऊ यो बिनसित्तिको सहर काठमाडौँको जिन्दगीसँग साह्रै दिक्क छ। सहर भन्नु पनि त केही छैन। तरकारी पसलमा हेर्‍यो, दुष्ट सासूले लछारपछार पारेकी बुहारीका जरखरिएका कपालजस्ता साग। खस्रा मुला र चाउरिएको इस्कुस। तरकारीको सेटिङ पनि कति घिनलाग्दो। अझ त्यो मासु, बोइलर र माछा पसलमा त टेक्न पनि सकिन्न। कति अविवेकी छ यहाँको जिन्दगी। साह्रै अविवेकी। कसैसँग आफूले बिनसित्ति दुःख पाएको कुरा गरौँ, आफूभन्दा बढी दुःख उसैले पाएको सुनाउँछ। ऊबाहेक यो संसारमा दुःख पाउने कोही छैनजस्तो आभास आउँछ। ऊ आफ्ना आँखामा दुःखीका हुलिया र विवरणहरू त्यसरी नै प्रस्तुत गर्न चाहन्छे, जसरी आँखाहरूले तरेलीमा टिपेका छन्। ती विवरण हुन्छन्। यी विवरणमार्फत ऊ सबैको हृदयको भाखा सुन्ने प्रयत्न गर्छे। यस्तोमा अरू गर्न पनि के सक्छे र ऊ ! उसको आफ्नै हृदयको भाखा कसैले सुनेको हुँदैन। केही मानिसहरू यसलाई पनि आनन्ददायी अवस्था हो भन्छन्। हो भने कस्तो आनन्द हो त यो ?

ऊ बेहद राम्रो भाषा लेख्छे। तर, हतपति यो 'बेहद' शब्द पचाउन सक्दिनँ। मलाईचाहिँ राम्रो लाग्छ यो शब्द। बेहद अर्थात् कुनै सीमा नभएको बेहद। यो त प्रयोग हो बेहद। उसको भाषा बडो रमाइलो लाग्छ फन्नी टाइपको। पढ्दा कहिले वासना आउँछ चमेलीको। यहाँ चमेली भनेको ज्यास्मिन बुझ्नुपर्छ। चमेली फूल पनि हुन्छ भन्ने धेरैलाई थाहा छैन यो घरमा। उसका गद्यहरू पनि त्यत्तिकै रोचक लाग्छन्। किनभने, त्यसमा उर्दू भाषाका शब्दहरूमा प्रश्नैप्रश्न जेलिएका हुन्छन्। उहिले सुनेकी हो : 'वात निकलेगी तो बहुत दूर तलक जायेंगी।' प्रश्नहरूले नै खुसी जन्माउँछन्। भाषामा जति प्रश्न समावेश भएका हुन्छन्, त्यति नै त्यसले दिने खुसीको वजन माथि उक्लिन्छ।

तर, कहिले भने उसको भाषा उसकै अनुहारको प्रतिविम्बजस्तो लाग्छ। कर्कश, चिसो, बराँठिएको। किनभने, परार साल गएको भुइँचालोले उसका शब्दहरू भत्काएका थिए, घरको गारोसँगै। त्यसपछि ऊसँग कसैले पनि प्रश्न गर्दा भनिदिन्थी, खै के भनुँ र ? सातो गएको पनि होइन। तर, भुइँचालोभन्दा यता पानी खायो, टोइलेट गयो, भान्सामा पस्यो, यता हिँड्यो, उता हिँड्यो। कुनै काम नै छैन। समय नै त्यस्तै छ।

अचेल उसलाई जतिबेला हेरे पनि ऊ दुःख र सुखलाई एकै ठाउँमा राखेर गिजोलिरहेकी हुन्छे। उसको नियति त त्यस्तो हुनै सक्दैन।

हिजो कसोकसो ऊ र म गएका थियौँ उपवनमा। एउटा कविता लेख्न मन थियो। कुरा उसैले उप्काई। पहिले कवि जोन मिल्टनको *प्याराडाइज लस्ट*का केही पंक्तिहरू वाचन गरी। शब्दहरू सेता र नरम भुवाजस्तै उडे चारैतिर छरिएर। त्यसपछि मैले कविता लेखिसकेँ। उसले मैले लेखेका पंक्तिहरू सगर्व पाठ गर्ने इच्छा व्यक्त गरी। ऊ आफ्नो तृष्णा सहजै मेट्न सक्ने मानिस थिइन।

मैले स्पष्ट सुन्ने गरी उसले मिल्टनको कविता फेरि सुनाई। दोहोर्‍याएर सुनाई। तेहेर्‍याएर सुनाई। मिल्टन भन्दै थिए, 'सुगन्धित र सुन्दर स्वर्गमा राजा र उनका दासहरूको काम गरेर बस्नुभन्दा दुर्गन्धित र फोहोर भए पनि नरकको राजा हुनु नै श्रेष्ठ कुरा हो।'

हो नि, दास त अन्त्यमा दास नै रहन्छ। नरक वा स्वर्ग- यी दुवैतिरका राजाले दायाँ-बायाँ जता फर्केर शासन गरे पनि शासित हुने त आखिर दास नै हुन्। दास स्वर्गमा पनि छन् र नर्कमा पनि। उर्वशी स्वर्गमा होली। तर, सुपर्णखा नरकमा नहुन पनि सक्छे। सखीहरूले युवराज लक्ष्मणको प्रशंसा गरेपछि उसले लक्ष्मणलाई मन पराएकी थिई : अहिलेसम्म त्यो 'प्याराडाइज लस्ट' भएको छैन भने।

प्याराडाइज लस्ट। त्यसपछि उसले कविताका लाइन र लबज बिर्सिई। मैले विकिपेडियाको अन्त्यमा त्यो दुर्दान्त कविता भेटेँ र बिस्तारै पारायण गर्न थालेँ। त्यतिबेला मलाई लाग्यो, यो अंग्रेजी भाषा, जसलाई वेतपानी गाउँका काका-बा गाईखाने भाषा भन्छन्, गीता पाठ गरेजस्तो पारायण गर्न हुने हो कि नहुने हो ? किनभने, *प्याराडाइज लस्ट* ईश्वरप्रति मानिसको अवज्ञाको पहिलो कविता हो। ईश्वरको सत्तालाई पहिलो चुनौती। मिल्टनले ठीक भनेका थिए, हो नि ! स्वर्गमा अनन्त सुखहरू भोग्दाभोग्दै पनि त्यहाँ देउताहरूको दास भएर बस्नुको विकल्प

छैन । तर, सुखभोग एउटा सामान्य कुरा मात्र हो । ईश्वरको सत्ताले पापी ठहऱ्याएका मानिसले भोग्ने अनेक यातना र नृशंसताहरू हेर्दै नरकको शासक भएर राज्य सञ्चालनको आनन्द लिनु स्वर्गको शासन गर्नुभन्दा कति ठूलो कुरा हो कति ! राजा त आखिर राजा नै हुन्छ ।

म विकीमा अलमलिएको थिएँ । उसले सुनाई, 'लौ तिमी पुरुष हौ भने सुन । ज्याँ जेने पेरिसको एउटा सानो कोठामा जन्मिएको थियो । सरकारी अस्पतालमा जन्मिएको भए त ऊ अवैध हुने नै थिएन । ऊ एउटा बालघरमा हुर्किएको थियो । दस वर्षको उमेरमा बालघरमा नै चोरी गरेपछि उसलाई सुधारगृह पठाइयो । सुधारगृहबाट निस्किएपछि ऊ सर्टिफाइड अपराधी घोषित भयो । उसले युरोपका देशहरूमा पूरै ३० वर्ष भूमिगत जीवन बितायो । ज्याँ जेने युरोपको जुन-जुन देशमा पुग्यो, त्यही-त्यही देशको जेलमा बस्यो । फ्रान्सको जेलमा दसपटक बसेपछि उसलाई सरकारले जन्मकैदको एकमुष्ठ सजाय दियो । दसपटकसम्म जेल बस्नेलाई फ्रान्सको सरकारले एकमुष्ट सजाय दिने निर्णय गरेको थियो ।

तर, ज्याँ जेने सामान्य चोर, सामान्य डाँका र सामान्य हत्यारा थिएन । उसलाई फ्रान्सका बुद्धिजीवीहरूले आफ्नो कोक्रामा समेटेका थिए । सरकारको यो निर्णयका विरुद्ध फ्रान्सका बुद्धिजीवी र कलाकारहरूले राष्ट्रपति अरिओलसमक्ष निवेदन दिएपछि ज्याँ जेने छुटेको थियो । ज्याँ जेने प्रसिद्ध पुस्तक *आवर लेडी अफ दी फ्लावर*को लेखक थियो । त्यसबाहेक उसका नाटक *दी बाल्कोनी, दी ब्ल्याकस* र *दी मेड्स* प्रसिद्ध छन् ।

'सुन्यौ ?' मलाई ज्याँ जेनेको जीवन कथामा भन्दा उसले आफ्ना शब्दले कोरेका युरोपका सहरहरूको रेखात्मक चरित्रमा बढी चाख थियो । ऊचाहिँ ती ठाउँको कल्पना गरेरै उन्मादमा थिई । ज्याँ जेनेले कतिलाई आफ्ना कथा र उपन्यासको पात्र बनायो होला, अहिले ऊ आफैं पात्र बन्दैछ । यो त झन् रमाइलो कुरा हो नि !

लालबाबुको किताबमा आँखा पऱ्यो । कति राम्रो । साइकिलमा ठड्याइएको सूर्य-चन्द्र अंकित चमकदार राष्ट्रिय झन्डा । साइकिल खिचेर हतारमा चलाउँदै गरेका लालबाबु । देश बन्द्ध भन्थ्ये । लालबाबुले साइकिल चढेपछि देश त बन्छ नै । बन्ने नै भयो । त्यसमा केको बुद्धिविलास ? लालबाबुले संस्कृत भाषालाई त्यत्तिकै कठिन बताएका पक्कै होइनन् । स्थानीय एक जना हेडमास्टर रुसी सांस्कृतिक केन्द्रमा संयोजक हुनुहुन्थ्यो । स्वप्नजीवी लालबाबुको जीवन आफैंमा चाखलाग्दो छ । किताबका प्रकाशकले यसै भनेका छन् । खुसी यसमा कि राजनीतिमा लागेका मानिसहरूको रुचि बढेको छ, किताब पढ्ने कुरामा । उसले भनी मसँग, एक त म लालबाबु पण्डितको *सिंहदरबार बदल्ने संघर्ष* पढ्ने हो । अर्को *महको म* पढेर बाँकी बिदा सिध्याउने हो ।

> **प्याराडाइज लस्ट ईश्वरप्रति मानिसको अवज्ञाको पहिलो कविता हो । ईश्वरको सत्तालाई पहिलो चुनौती । मिल्टनले ठीक भनेका थिए, हो नि ! स्वर्गमा अनन्त सुखहरू भोग्दाभोग्दै पनि त्यहाँ देउताहरूको दास भएर बस्नुको विकल्प छैन ।**

समाज हाम्रो राम्रो हो कि ज्याँ जेनेको ? परार हाम्रोमा भुइँचालो गयो । धरहरा त भाँच्चियो, भाँच्चियो, रानीपोखरी पनि धस्सियो । दुई वर्षदेखि हजारौं-हजारलाई वैतरणी नदी तार्न सघाउने रानीपोखरीका देवता भोकै छन् । त्यसका किनारामा हात्तीमाथि हौदा कसेर आफ्नी महारानीसँग बसेका छन्, महाराजा प्रताप मल्ल । उनलाई कसैले खुवाउनु पर्दैन ? मलाई लाग्यो, हामी ताडनामा बाँचिरहेका छौं । प्रताडित । सधैं प्रताडित ।

एक समय थियो, जतिबेला देशमा शासन गर्ने राजाले हरेक वर्ष राजाको जुवा फुकेको घोषणा गराउँथे । दसैंदेखि तिहारसम्म कोही निदाउँदैनथे । पञ्चकमा भात पनि नखाई लम्पट कसेर जुवा खेल्ने जुवाडेको देश हो यो । त्यो चलन नरहेको सय वर्ष पनि भएको छैन । अचेल समृद्धि भन्न थालेका छन् । केही वर्षअघिसम्म विकास भन्थ्ये । साले, जुवाडे घमन्डीहरू । एकथरीले खेलेर खाने अर्कोथरीले झेलेर खाने । कति रमाइलो ।

साँच्चै बिनसित्तिको सहर भएको छ काठमाडौं । भुइँचालोपछि यो सहरको सातो उडेको छ । मानिसहरूले बुझ्नु पर्छ- केटाकेटीको मात्रै होइन, बूढाबूढीको पनि सातो जान्छ । सातो जाने मात्रै होइन, सातो उड्ने पनि गर्छ । बन्ने र बनाउनेभन्दा लुट्ने र लुटाउनेको हाइहाई धेरै भएपछि सहरमा कण मात्रै बाँकी रहन्छ- धूलोको कण । अहिले कणको प्रभावले नकाव उद्योग (मास्क इन्डस्ट्रिज)को दिग्विजय भएको छ । कसको नाकमा छैन नकाव ? एउटा रानीपोखरीको पुनःस्थापना गर्न नसक्नेहरू राज्य प्रशासनको सञ्चालनमा लागेपछि के हुन्छ ?

पानी पलाउने सम्भावना टर्छ । ◆

हृदयघात जाँच्ने एआई

*गुगल*ले अहिले आर्टिफिसियल इन्टेलिजेन्समा आधारित रहेर एउटा यस्तो अल्गोरिदम तयार पार्दैछ, जसले जुनसुकै मानिसमा हुन सक्ने हृदयघात पत्ता लगाउन सक्छ । यस्तो अल्गोरिदम प्रविधिमा आधारित स्वास्थ्य विज्ञानका लागि निकै उपयोगी हुने निश्चित छ ।

सुन्दा अचम्म लाग्न सक्छ तर यसले हाम्रो आँखाका पछाडिको भाग जाँचेर यस्तो कुरा पत्ता लगाउँछ । हाम्रो आँखाका पछाडि रगत बग्ने मसिना नली हुन्छन् । र, मानव स्वास्थ्यमा अध्ययन गर्ने वैज्ञानिकले गरेका अध्ययनले यस्ता मसिना नलीको जाँचबाट हृदयघात पत्ता लगाउन सकिने तथ्य फेला पारेको थियो ।

*गुगल*ले तयार पार्ने अल्गोरिदम पनि यही तथ्यमा आधारित रहनेछ । आँखाका नसाको अध्ययनबाट पाँच वर्षसम्ममा हुन सक्ने हृदयघात र उच्च रक्तचाप समस्याको सम्भाव्यता जान्न सकिनेछ । यही प्रविधिबाट मानिसको उमेर र उसले धुम्रपान गरे/नगरेको पनि थाहा हुन्छ । यी सबै तथ्यको अध्ययनबाट नै रक्तचाप र हृदयघातजस्ता समस्या आउनुअघि नै तिनका सम्भावनाबारे थाहा पाउन सकिनेछ ।

फेरिएको इन्फिल्ड

इन्जिनमा थोरै परिवर्तन गरेर रोयल इन्फिल्ड हिमालयन बाइक भारतीय बजारमा फेरि आएको छ । सन् २०१६ मा यो बाइक लन्च हुँदा यसलाई धेरैले मन पराएका थिए । तर, २०१७ मा प्रदूषण नियन्त्रणका लागि भारत सरकारले बीएस फोर लागू गरेपछि भने यो बाइकको उत्पादन बन्द भएको थियो । किनभने, यसको इन्जिन बीएस थ्री मापदण्डको थियो ।

अहिले आएको रोयल इन्फिल्ड हिमालयनमा चार सय सीसीकै इन्जिन छ । र, यो बीएस फोर मापदण्डमै पर्छ । स्टाइल र डिजाइनमा कुनै परिवर्तन नभए पनि इन्जिनको फ्युल इन्जेक्सन सिस्टम र गियरबक्समा थोरै अपडेट भने गरिएको छ, जसका कारण कच्ची पहाडी बाटोका लागि यो बाइक पहिलाको भन्दा बढी प्रभावकारी महसुस गर्न सकिन्छ ।

२४.५ ब्रेक हर्सपावरको अधिकतम पावर, पाँच गियरको बक्स आदि यसका मुख्य फिचर हुन् । यो बाइक बढीमा १ सय ६० किलोमिटर प्रतिघन्टाको गतिमा कुद्न सक्छ । तर, रोयल इन्फिल्ड हिमालयनलाई पिच बाटोभन्दा पनि अफ रोडका लागि रूचाइएको छ ।

यसको मूल्य १ लाख ६८ हजार भारतीय रूपियाँ पर्छ ।

स्क्रिनसटको नोटिफिकेसन

इन्स्टाग्राममा अरूको स्टोरी स्क्रिनसट लिने वा स्क्रिन रेकर्ड कत्तिको गर्नुभएको छ ? यस्तो गर्ने बानी छ भने अबदेखि त्यसो नगर्नु नै तपाईंका लागि राम्रो होला । किनभने, तपाईंले जसको स्क्रिनसट वा स्क्रिन रेकर्ड गर्नुहुन्छ, उसलाई त्यसबारे एउटा नोटिफिकेसन जान्छ ।

स्क्रिनसट नोटिफिकेसन फिचर हालका लागि भने परीक्षणकालमै छ । तर, यो फिचर छिट्टै नै सबैले प्रयोग गर्न पाउनेछन् । स्न्यापच्याटका कैयौं राम्रा फिचर *फेसबुक*ले इन्स्टाग्राममा ल्याएको आरोप लाग्दै आएको छ । आश्चर्यमा नपर्नूस्, यो फिचर पनि पहिला स्न्यापच्याटमै आएको हो, जसलाई धेरै प्रयोगकर्ताले मन पराएका छन् ।



आफ्ना इन्स्टाग्राम स्टोरी स्क्रिनसट लिएको वा स्क्रिन रेकर्ड गरेको थाहा पाउनका लागि पहिला त्यो स्टोरी हेर्नेहरूको सूचीमा जानुपर्छ । त्यस सूचीमा कुनै प्रयोगकर्ताको नामको छेउमा छुट्टै गोलो आकारको आइकन देख्नुभयो भने बुझ्नूस्, उसले तपाईंको इन्स्टाग्राम स्टोरीको स्क्रिनसट वा स्क्रिन रेकर्ड गरेको छ ।

लिमिटेड एडिसनमा ओप्पो एफ फाइभ

ओप्पोको एफ फाइभ स्मार्टफोनको लिमिटेड एडिसन नेपालमा पनि आएको छ । झन्डै ३६ हजार ५ सय रूपियाँमा उपलब्ध छ । हुन त एफ फाइभ केही महिनाअघि नै नेपालमा लन्च भएको हो । तर, लिमिटेड एडिसनमा यो स्मार्टफोन हेर्दै आकर्षक देखिने ड्यासिङ ब्लु कलरमा आएको हो ।

नीलो रङको ब्याकप्याकबाहेक यसका फिचरहरूमा कुनै परिवर्तन छैन । यो स्मार्टफोन फुल हाई डेफिनेसन (एचडी) प्लस डिस्प्ले भएको ओप्पोको पहिलो

स्मार्टफोन हो । यसमा फिङ्गरप्रिन्ट र फेस-अनलक दुवै फिचर छन् ।

ओप्पो एफ फाइभमा चार जीबी र्‍याम र ३२ जीबी आन्तरिक स्टोरेज क्षमता छ । र, यो एन्ड्रोइडको ७.१ अपरेटिङ सिस्टममा आधारित छ । यसमा २० मेगापिक्सेलको सेल्फी र १६ मेगापिक्सेलको रियर क्यामेरा छन् । फ्रन्ट क्यामेराबाट कम लाइट भएको समयमा पनि राम्रो फोटो खिच्न सकिन्छ । र, यसको सेल्फी क्यामेरामा यस्तो आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग भएको छ, जसले सेल्फीलाई अझ सुन्दर बनाउँछ ।

फेसबुकमा डाउनभोट फिचर



प्रयोगकर्ताहरूले फेसबुकलाई हरेक पोस्टमा लाइकजस्तै डिस्लाइक बटन राख्न सुझाव दिएको धेरै भइसक्यो । तर, डिस्लाइक बटन राखेमा त्यसले प्रयोगकर्ताबीच सद्भाव बढाउनुको साटो झन् भड्काउन सक्ने ठानेर यो फिचर सुरू गर्न आवश्यक ठानेन । तर, अहिले भने फेसबुकले डाउनभोट फिचर परीक्षण गरिरहेको जनाएको छ ।

डाउनभोट फिचर हालका लागि सीमित अमेरिकी प्रयोगकर्ताका लागि उपलब्ध छ । र, यो फिचर व्यक्तिगत अकाउन्ट पोस्टमा नभएर पब्लिक पेजमा हुने कमेन्टका लागि मात्रै उपलब्ध छ ।

प्रयोग गर्न पाएका पब्लिक पेजका पोस्टमा आएका हरेक कमेन्टमा लाइक र रिप्लाइसँगै डाउनभोट बटन देखिनेछ । ती कमेन्टलाई डाउनभोट गरेपछि ती प्रयोगकर्ताले त्यस्ता कमेन्टलाई भ्रामक, आपत्तिजनक वा अफ टपिक भनेर रिपोर्ट गर्न सक्नेछन् । डाउनभोट गर्नेले ती कमेन्ट देख्ने छैनन् । तर, अरूका लागि भने ती यथावत् नै रहनेछन् । यसले फेसबुकलाई आपत्तिजनक कमेन्ट, फेक न्युज र भ्रामक पोस्टहरू पत्ता लगाउन सहयोग पुग्ने बताइएको छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

माछाप्रेमीलाई बल्छी

शब्द/तस्बिर : रवि मानन्धर

पृथ्वी राजमार्गमा यात्रा गर्दा एकाध किलोमिटरको अन्तरमा लोभलाग्दा माछा बेचिरहेको दृश्य देखिन्छ, सडक किनारामा । त्रिशूली नदीको ताजा माछा भनेर ग्राहकलाई बल्छी थाप्छन्, बिक्रेताहरू । वर्षायाममा त थोरै पत्यार लाग्छ । तर, सुक्खायाममा पनि एकैनासका धेरै माछा कसरी पाइन्छन्, त्यो भने शंकाकै विषय हो । सीधासादा मान्छे त्रिशूलीकै माछा ठानी महँगोमा किनेर राजधानी छिर्छन्, जुन माछा सहरमा नै अझ सस्तोमा पाइन्छ । यसरी त्रिशूली सडक-खण्डमा बेचिने माछा भारतबाट आयातीत भएको स्थानीयहरू बताउँछन् । भन्छन्, 'खोलाका माछा कसरी उस्तै आकारका हुन्छन् र ? यी त पालिएका माछा हुन् ।' यसैले होला, उनीहरू फोटो खिच्न खोज्दा मुन्टो बटार्दै भन्छन्, 'अनुहारचाहिँ नआओस् है !' ◆

सुटिङ नहुँदै 'बाईबाई'

माघ दोस्रो साता पाँचतारे होटल अन्नपूर्णमा फिल्म *रानीमहल*को घोषणा हुँदा हिरोइन वर्षा सिवाकोटीको फूर्तिफार्ती हेर्न लायक थियो । कार्यक्रममा *रानीमहल* खेल्न आफू उत्साही रहेको मात्र बताइनन्, हट फोटोसुट पनि गराइन् । करिअर धरमरमा परेका बेला नयाँ फिल्म जो पाएकी थिइन् । दुर्भाग्य ! औपचारिक अनुबन्ध भएको एक महिना पनि फिल्ममा टिक्न सकिनन् । बहाना छ, सुटिङ सऱ्यो भन्ने । तर, धेरैले पत्याएनन् । कारण, उनले साइन गरेको फिल्म बीचमै छाडेको यो पहिलो घटना होइन । यसअगाडि *मेरो पैसा खोइ* र सर्ट फिल्म *ओ माई म्यान*को सवालमा यस्तै भएको थियो । अनुबन्ध हुन हतारिने तर सुटिङ नहुँदै 'बाईबाई' गर्ने प्रवृत्तिले वर्षालाई फिल्मको खडेरी लागेको त होइन ? शंकै छ । ♦

मालामाल नभएकी माला

वान वेबाट फिल्मी यात्रा सुरू गर्दा माला लिम्बू मालामाल हुने छाँटकाँट देखिएको थियो । एकातिर, पहिलो फिल्ममै मुख्य भूमिका पाइन्, अर्कोतिर फिल्मको व्यापक प्रचार गरियो । सोही कारण रिलिजअगावै माला धेरथोर 'मार्क' भइन् । तर, जसै फिल्म रिलिज भयो, मालाको सपना उडाएर लग्यो । किनभने, फिल्मले नाफा कमाउनु त टाढाको कुरा, लगानी पनि उठाएन । जसको प्रत्यक्ष प्रभाव पऱ्यो, मालाको करिअरमा । दुई वर्षपछि बल्लतल्ल पर्दामा देखा परिन् तर हालत उस्तै रह्यो । *वान* वेले लगाएको घाउमा मलह्मपट्टी लगाउन सकेन । *रातो घर*मा आइटम डान्स गरिन्, खास उपलब्धि केही भएन । लगातारको यही असफलताले हुनुपर्छ, माला फिल्मवृत्तबाटै छायामा परेकी छन् । अरू त अरू, म्युजिक भिडियोको समेत खडेरी लागेको छ । क्या पिरलो ! ♦

फरक तर असफल

आमहिरोइनभन्दा भिन्न छवि छ, ऋचा शर्माको । उनी 'सो-अप' भूमिकामा मात्र सीमित भइनन्, *उमा*मा माओवादी छापामार बनिन्, *टलकजंग भर्सेज टुल्के*मा घरेलु दास । *को-आफ्नो*मा ग्रामीण भेगकी महिलाको चरित्रबाट उस्तै नाम कमाइन् । अझ प्रशंसनीय पक्षचाहिं, फिल्म निर्माणमा सक्रिय भएपछि पनि यो पहिचानलाई निरन्तरता दिइन् । जस्तो : *आधा लभ*मा फरक उमेर, वर्ग र समुदायका कथालाई बुन्ने प्रयत्न गरिन् । तर, *टलकजंग भर्सेज टुल्के*बाहेक अन्य फिल्मले व्यावसायिक सफलता हासिल गरेनन् । यसले उनको करिअरमा धक्का त पुगेकै छ । तैपनि, नवीन शैलीलाई पछ्याउन छाडिनन् । प्रमाण हो, *सुनकेसरी* । उनको अभिनयसमेत रहेको यो फिल्म हरर जनराको हो, जुन विधामा हामीकहाँ असाध्यै कम फिल्म बन्छन् । टिजरले सुखद संकेत देखाएको छ । तर, असफल यात्रामा 'ब्रेक' लाग्ला ? पर्खनुको विकल्प छैन । ◆

प्रचारमा पूरै बेवास्ता

कुनै समय थियो, सौगात मल्ल अभिनीत फिल्मको व्यग्र प्रतीक्षा गरिन्थ्यो । उनको जीवन्त अभिनय हेर्न जोकोही लालायित हुन्थे तर अहिले जमाना बदलिएको छ । सौगातका फिल्म आए/गएको पत्तै हुन छोडेको छ, जब थोकको भाउमा फिल्म खेल्न थाले । यस वर्ष उनी अभिनीत *फाटेको जुत्ता, संरक्षण, लालपुर्जा* प्रदर्शन भए । तर न पैसा कमाए, न अपेक्षाकृत प्रशंसा । बरू, उस्तै भूमिका निर्वाह गरेको भन्दै सौगातले आलोचना खेप्नु पऱ्यो । तापनि, पाएजति फिल्म खेल्ने सूत्रलाई पछ्याइरहेका छन् । यही मेसोमा उनको नयाँ फिल्म *पञ्चेबाजा* रिलिज भएको छ । तर, सदाझैं प्रचारमा कहींकतै देखिएनन् । जबकि, फिल्मको सबैभन्दा बिकाउ अनुहार उनी नै थिए । एक फिल्मकर्मी भन्छन्, 'यस्तो रवैयाले अन्ततः सौगातलाई नै पाखा लगाउँछ ।' ◆

तस्बिर : महेश प्रधान

★☆☆☆☆

साँच्चै साढे सातको शनि

■ गोकर्ण गौतम

साम्तेन भुटियाको *तान्द्रो*मा टन्नै खाटाहरू नभएको होइन । तैपनि, निर्देशकका रूपमा उनले एक खालको सम्भावना देखाएका थिए । खासगरी सानो क्यानभासको कथालाई सूक्ष्म शैलीमा दृश्यमा बुन्न । तर, दोस्रो फिल्म *साढे सात*ले साम्तेनप्रतिको आशा पूरापूर निराशामा बदलेको छ । कथा, पटकथा र प्रस्तुति हरेक कोणबाट यस फिल्मप्रति सद्भाव र शुभेच्छा राख्न सकिन्न । जबकि, कथाको पृष्ठभूमि आफैँमा ताजा थियो । र, मनछुने पनि । दुई वर्षअघिको नाकाबन्दीका दौरान मधेसमा मौलाएको आन्दोलनको राप हो । तर, विषयको संवेदनशीलता अनुसार पात्र, तिनीहरूको द्वन्द्व र घटनाक्रम विकास गरिएको छैन । परिणामतः फिल्म हेर्ने जोकोहीको मुटु कुटुकुटु खान्छ ।

मधेसमा आन्दोलन हिंसात्मक बन्दैछ । यसैलाई कभर गर्न राजधानीको एक दैनिक पत्रिकाका सम्पादकले फोटो-पत्रकार संयोग (सत्यराज आचार्य)लाई मधेसमा खटाउँछन् । गर्भवती पत्नीलाई पोखरा पठाएर संयोग मधेस हुइँकिन्छ । त्यहाँको अवस्था उनले सोचेभन्दा दर्दनाक छ । केही फोटोहरू खिच्छ । तर, परिस्थितिवश उनको भेट नगरबधु सरला (मेनुका प्रधान)सँग हुन्छ । त्यसपछि के होला ? यत्ति हो, फिल्मप्रति विरक्ति पैदा गर्न क्लाइमेक्सको अहम् भूमिका छ ।

सुरुआतमा *साढे सात* फोटो-पत्रकारको कथाजस्तो लाग्छ, जसलाई परिवारभन्दा पेसा प्यारो छ । त्यही भएर त दुई जीउकी पत्नी छोडेर मधेस जान्छ । यहाँसम्म आइपुग्दा फिल्ममा केही त पक्का छ भन्ने लाग्छ । कष्टकर हुँदै गएको मधेसको जीवन, टायर बालिएका बन्द सडक, लाठा लिएर सडकमा बसेका आन्दोलनकारीका दृश्यले नाकाबन्दीताकाको मधेसलाई सम्झाउँछ । तर, जब अचानक नगरबधुको प्रवेश हुन्छ, कथामा थपिनुपर्नेमा तनाव दर्शकतिर आइलाग्छ । किनभने, 'स्पेसल असाइन्मेन्ट' लिएर मधेस पुगेको फोटो-पत्रकार असाध्यै झिना र अविश्वसनीय कुरामा अल्झन्छ । एउटा ड्राइभरले उक्साएको र दुःख पोखेकै भरमा स्वभाव र चाहनाविपरीत नगरबधुलाई भेट्छ । पटकथाकारसमेत रहेका निर्देशक आफ्नो कथा र पात्रहरूप्रति कति द्विविधाग्रस्त छन् भन्ने त्यसपछिका दृश्यहरूले देखाउँदै जान्छ । सरलासँग भेट नै प्रधान कथामाथिको घोर अन्याय हो ।

मध्यान्तरअघि त तैबिसेक, मध्यान्तरपछि फिल्मले पूरै लय गुमाएको छ । दर्शकलाई मधेसमा दन्किरहेको आगो, त्यसका परिणाम, संयोगकी पत्नी, उसको अफिसप्रतिको जिम्मेवारीलगायतका पक्षको चिन्ता हुन्छ, जुन स्वाभाविक हो । तर, निर्देशक जबर्जस्ती संयोग र सरलामै सीमित राख्छन् । उनीहरूको हर्कत घिसिपिटी छ नै, मूल कथासँग कुनै सरोकार राख्दैन । दुवै गोदामभित्र थुनिएका छन्, बाहिरी दुनियाँलाई पूरै बेवास्ता गरिएको छ । क्लाइमेक्स नजिकिँदै गर्दा पात्रद्वयमा नाटकीय र अपत्यारिला व्यवहार देखा पर्छन्, त्यस्तै घटना घट्छन् । फिल्मप्रति अझ मोहभंग हुँदै जान्छ । अन्तिममा आदर्शात्मक 'भ्वाइस ओभर'ले कन्पारो तताउँछ । काठमाडौँमा संयोगले खिचेका फोटोहरू हेर्दा ऊ फोटो-पत्रकार होइन, फोटोग्राफरजस्तो लाग्छ । अर्कातिर फोटोग्राफरकै रूपमा पनि उसको चरित्र स्थापित हुन्न । घाँटीमा क्यामेरा भिर्दैमा फोटोग्राफर मान्नुपर्छ भने त अलग कुरा । आजको जमानामा दैनिक पत्रिकाको सम्पादकलाई फोटोप्रिन्ट गरेर दिने हास्यास्पद दृश्य यही फिल्ममा देख्ने 'मौका' पाइन्छ । सत्यराजका बग्रेल्ती 'क्लोजअप सट'को अर्थ निर्देशक स्वयम्लाई थाहा होला ।

कलाकारको अभिनय पनि खट्कने पक्ष हो । मध्यान्तरअघि आफ्नो भूमिकामा औसत प्रस्तुति दिएका सत्यराज गोदाममा थुनिएपछि अस्वाभाविक लाग्छन् । यस्तो चरित्र र अभिनयले गायकका रूपमा कमाएको साख गुमाउने खतरा हुन्छ । कामेश्वर चौरासियाको मुख एकछिन बन्द हुन्न, बोलेको बोल्यै । जसले दिक्दारी पैदा गर्छ । आफूलाई 'मार्क' गराउन 'लाउड' हुनैपर्छ भन्ने भ्रमबाट कामेश्वर मुक्त हुनुपर्छ । तुलनात्मक रूपमा मेनुकाको चरित्रप्रति संवेदना पैदा हुन्छ । तैपनि, उनको अभिनय अघिल्ला फिल्ममा झैँ अब्बल छैन । सुप्रिया कटवाल, शिशिर वाङ्देलजस्ता सहायक कलाकार ठीकठाक छन् । पृष्ठभूमि संगीत दृश्यको भावभन्दा टाढा र कर्कश छ । बरू सिनेमाटोग्राफर अनिश तामाङसँग गुनासो गर्ने खास ठाउँ छैन । निर्देशक कथावाचक हो । यसलाई आड लिएर भन्दा साम्तेन यसपटक फेल भएका छन् ।

यस्ता सिनेमा बन्नु नेपाली फिल्मवृत्तकै लागि साढे सातको दशा लाग्नुजस्तो हो । दर्शक भड्कने र समग्र फिल्मकै छवि धुमिलिने भय हुन्छ । ◆

'थिएटर बोरिङ लाग्न थाल्यो'

अब्बल दर्जाका अभिनेताको सूचीमा पर्छन्, **सुदाम सीके** । रंगमञ्चमा कुशल अभिनय पस्किएपछि फिल्मी पर्दामा छाएका सीकेले करिब दर्जन फिल्ममा आफ्नो कला प्रदर्शन गरिसकेका छन् । सहायक भूमिकाबाटै दर्शकमाझ स्थापित भए पनि नाटकप्रतिको उनको मोह मरेको छैन । यतिबेला काठमाडौं, थापागाउँस्थित कुञ्ज नाटकघरमा उनी अभिनीत एकल नाटक *म्याड म्यान्स डायरी* मञ्चन भइरहेको छ । यसै सेरोफेरोमा उनीसँगको कुराकानी :

यसअघि पनि एकल नाटक खेलिसक्नु भएको छ । पहिलेभन्दा यसपालि के भिन्नता अनुभव गर्नुभयो ?

सात वर्ष भयो, मैले नाटक खेल्न थालेको । प्रत्येक नाटकमा फरक अनुभव हुन्छ । जति धेरै अभिनय गर्‍यो, उति परिपक्वता बढेको महसुस हुन्छ । व्यावसायिक र सैद्धान्तिक दुवै हिसाबमा । यसले चेतनाको तहसमेत विकास हुँदै जान्छ । प्रत्यक्ष-अप्रत्यक्ष रूपमा फरक अनुभव हुन्छ नै ।

थिएटर पृष्ठभूमिका कलाकारले फिल्ममा 'लाउड' अभिनय गर्छन् भनिन्छ । तपाईंमाथि पनि त्यो आरोप छ । के भन्नुहुन्छ ?

सबैको लाउड अभिनय नै हुन्छ भन्ने छैन । थिएटरमा काम गर्दा उपस्थित सबै अडियन्सको 'रिच'मा एकसाथ पुग्नुपर्छ । त्यसका लागि अभिनयलाई स्वाभाविकता प्रदान गर्न ठूलो स्वरमा बोल्नुपर्ने हुन्छ । थिएटरका कलाकारमा यही बानीको विकास हुन्छ । थिएटरबाट फिल्ममा जाँदा कसरी काम गर्ने भनेर सिकाउने माध्यम छैन हामीसँग । एकैचोटि क्यामेरामा जाँदा थिएटरको बानी हावी भएकाले लाउड सुनिएको हो कि ?

अभिनेताको यस्तो बानीले फिल्मको गुणस्तरमा त असर गर्ला नि ?

यो त निर्देशकको हातमा हुन्छ । निर्देशकले कस्तो चरित्र चाहेको हो, त्यही अनुरूप अभिनय गराउनुपर्छ ।

तस्बिर : भास्कर ओझा

अभिनेताका रूपमा एकल नाटक खेल्नुका चुनौती के के हुन् ?

एकल नाटक खेल्नु मेरा लागि चुनौतीभन्दा अवसर बढी हो ।

कसरी ?

एकल नाटक खेल्दा स्टेजको जम्मै 'स्पेस' आफ्नो हुन्छ । धेरै क्यारेक्टर हुँदा अरूले कस्तो हाउभाउ-अभिनय गर्छ, त्यही अनुसार आफू तयार हुनुपर्छ । एक किसिमले अरूसँग निर्भर हुनुपर्छ । तर, एकलमा स्वतन्त्रतापूर्वक अभिनय गर्न पाइन्छ । आफैंलाई 'एक्स्पोलर' गर्ने अवसर पाइन्छ । स्टेजलाई कसरी सदुपयोग गर्ने भन्ने आफैंमा भर पर्छ । त्यसैले यसलाई मैले अवसर भनेको हो ।

थिएटरबाट फिल्ममा फड्को मार्दाको भोगाइ कस्तो छ ?

सात-आठवटा नाटक खेलेपछि म फिल्मतिर गएको हुँ । पहिलो फिल्म रेड *मनसुन*मा अभिनय गर्दा चरित्रबारे लामो कुरा गरेपछि मात्रै क्यामेराअगाडि प्रस्तुत भइयो । अभिनयमा छिर्नुअघि वर्कसप भएको थियो । तर, त्यसपछाडिका फिल्ममा यस्तो आत्मसन्तुष्टिको आभास भएन ।

उसो भए तपाईं अभिनीत पछिल्ला फिल्ममा खट्केको विषय के हो ?

'लिड क्यारेक्टर'लाई मात्रै समय दिनु र 'सब-क्यारेक्टर'लाई महत्त्व नदिनु । सिंगो फिल्ममा 'सब क्यारेक्टर'हरूको उपस्थिति कस्तो छ भन्ने कुरा अभिनेतालाई समेत फिल्म बनेर आएपछि मात्र थाहा हुन्छ । जबकि, फिल्म राम्रो हुन सब-क्यारेक्टरहरूको उत्तिकै महत्त्व र भूमिका हुन्छ । सब-क्यारेक्टरलाई यी जम्मै कुरा थाहा भए मात्र उसले परिष्कृत अभिनय पस्कन सक्छ ।

फिल्ममा सब-क्यारेक्टरलाई किन महत्त्व नदिएको होला ?

एकछिन वा सानो रोल त हो, गरिहाल्छ नि भन्ने निर्देशकको सोच हुन सक्छ । चरित्र-निर्माणको प्रक्रिया हुन्छ भन्ने ख्याल नगरेको जस्तो लाग्छ ।

यस्तो प्रवृत्ति कहिले परिवर्तन होला त ?

लिड क्यारेक्टरकै लागि त समय पाउन मुस्किल छ भने सब-क्यारेक्टरका लागि तुरुन्तै यस्तो सम्भावना छैन । फेरि चरित्र-निर्माणमा लगानी चाहिन्छ, त्यो कसले गर्छ र ?

फिल्ममा तपाईंको अभिनयको प्रशंसा हुन्छ । तर, सोही अनुरूप मुख्य भूमिका पाउनुभएको छैन । कारण ?

आजसम्म मैले चाल नपाएको कुरै यही हो । थाहा भएदेखि त्यसलाई सुधारेर मुख्य भूमिका पाउने गरी आफूलाई तयार गर्थें ।

फिल्म र नाटकको अभिनयमा के भिन्नता पाउनुहुन्छ ?

नाटकमा सूक्ष्म अभिनय गर्न सकिँदैन, जुन फिल्ममा सकिन्छ । औंला, खुट्टाका स-साना चाल आदिले फिल्ममा अभिनय गर्न सकिन्छ, जुन थिएटरमा सकिन्न ।

तपाईंका लागि फिल्म प्रधान कि थिएटर ?

पहिले मलाई थिएटर मन पर्थ्यो । अहिले बोरिङ लाग्न थालेको छ । किनभने, यसमा 'च्यालेन्ज' सकिन थाल्यो । सूक्ष्म अभिनय गर्न सकिने हुँदा अब म आफूलाई मुभीमा एक्स्प्लोर गर्नेछु । फिल्म मेरा लागि बेस्ट अप्सन हो ।

॥ मनबहादुर बस्नेत

नोटबुक

॥ प्रशान्त अर्याल

अहिलेलाई बिदा ! फेरि भेटौंला !

पत्रकारिताबाट करिब डेढ वर्षको विश्राम लिएर एउटा गैरसरकारी संस्थामा नोकरी गरिरहेको थिएँ । तर, कामचाहिँ लगभग पत्रकारिताकै थियो, रिपोर्टिङ र सम्पादनको । पाक्षिक रूपमा प्रकाशन भइरहेको *नेपाल*लाई साप्ताहिक बनाउने निधो भएपछि यसका तत्कालीन सम्पादक सुधीर शर्माबाट मूल प्रवाहको पत्रकारितामा फर्कन प्रस्ताव आयो । सहर्ष स्वीकारें । ०६० को चैत अन्तिम साता सहायक सम्पादकका रूपमा *नेपाल* प्रवेश गरें, पहिलो साप्ताहिक अंकको प्रकाशनसँगै ।

१४ वर्षमा जसरी वाग्मतीमा धेरै पानी बग्यो, त्यसै गरी *नेपाल*मा करोडौं शब्दहरूको लेखन, सम्पादन र प्रकाशन भयो । यो अवधिमा माओवादी हिंसाको चरमोत्कर्ष, १६ भदौ ०६१ को हिंसात्मक तोडफोड, दोस्रो जनआन्दोलन, संविधानसभाका दुई चुनाव, संविधान निर्माण र संघीय गणतन्त्र नेपालको तीन तहका चुनावसमेत भए । यही कालका मूलतः आफ्नो सम्पादकीय नेतृत्वको अवधिका केही उल्लेख गर्नैपर्ने प्रसंगबारे यहाँ लेख्ने जमर्को गर्दैछु ।

●●●

७ चैत ०६६ को प्रसंग हो, शुक्रबार दिनभरि र रातभरिजस्तो काम गर्दा शनिबार बिहानको करिब ३ बजिसकेको थियो । पत्रिका फाइनल गरेर प्रेसमा पठाइयो । त्यो अंकको आवरण सामग्री तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङको अभिव्यक्तिमाथि थियो । उनले माओवादी लडाकूलाई सेनामा समायोजन गर्ने सम्बन्धमा महत्त्वपूर्ण धारणा राखेका थिए । लडाकू समायोजनबारे उनी राजनीतिक सहमति र स्थापित मापदण्ड पूरा हुनैपर्ने सर्तमा प्रस्ट देखिन्थे । ६ महिनाअघि मात्र सेनापतिको पदभार ग्रहण गरेका गुरुङको यो अभिव्यक्तिले तत्कालीन राजनीतिमा तरंग पैदा गरेको थियो । ८ चैतमा प्रकाशित *नेपाल*मा यसैको चिरफार गरेका थियौं हामीले ।

उता प्रेसमा पत्रिका छापिइरहेको थियो । तर, यता शनिबार मध्याह्नको आसपासमा इतिहासकै एक ठूलो घटना भइदियो- नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको देहावसान । यो खबर डढेलोझैं फैलियो । यतिबेलासम्म प्रेसमा छापिँदै गरेको *नेपाल* असान्दर्भिक भइसकेको थियो । यो घटनालाई समावेश गर्न सकिन्छ कि भनेर प्रेसमा सम्पर्क गरें, असमर्थताको जवाफ आयो । भोलिपल्ट ८ चैतमा *नेपाल* बजारमा देखियो, जसमा कोइरालाको निधनसम्बन्धी कुनै सामग्री थिएन । हामी लाचार थियौं । किनभने, हामीसंग त्यो अंकलाई सच्याउने विकल्प थिएन ।

●●●

आठ दशकको अन्तरालमा आएको महाभूकम्पले दसौं हजारको ज्यान लियो, हजारौं-लाखौंलाई घाइते र घरबारविहीन बनायो । १२ वैशाख ०७२ हाम्रा लागि सम्झिँदा पनि कहाली लाग्ने दिन हो । त्यसको एक दिनअघि मात्र हामीले *नेपाल*को आगामी अंक फाइनल गरेका थियौं । पर्वतारोहणको याम भएकाले हाम्रा एक सहकर्मी सगरमाथा आधार शिविर पुगेर फर्किएका थिए । आधार शिविरमा पर्वतारोहीको भीडभाड र घन्चमन्चबारेको आवरण सामग्री थियो- 'टेन्टको सहर' ।

कस्तो अशुभ संयोग ! आधार शिविर टेन्टको सहर भएको फोटोसहितको पत्रिका प्रेसमा पठाएकै भोलिपल्ट भूकम्पले सिंगो राजधानीलाई नै टेन्टको सहरमा बदलिदियो । आइतबार पत्रिका बजारमा आउनुपर्ने दिन । भूकम्पले सहरका अधिकांश पसल खुलेका थिएनन्, जनजीवन अति भयभीत र असामान्य थियो । यस्तोमा 'टेन्टको सहर' आवरण भएको पत्रिका बजारमा पठाउँदा गलत सन्देश जान्थ्यो । त्यसैले १३ वैशाखमा सार्वजनिक हुनुपर्ने *नेपाल* बजारमा वितरण गरिएन । पत्रिका छापिएर पनि पाठकको हातमा नपुगेको त्यस अंकका केही सामग्री हामीले पछिका अंकमा दोहोऱ्याएर प्रकाशन गरेका थियौं । सम्भवतः नेपाली पत्रकारिताको यो एक दुर्लभ घटना हो र *नेपाल* त्यसको अंग बन्यो ।

●●●

भर्खरै मीनासिंह खड्काका बारेमा केही सञ्चारमाध्यममा समाचार आएका थिए । मदर टेरेसासँगको प्रसंग, डोरबहादुर विष्टको संगत, हार्वर्ड युनिभर्सिटीकी प्राध्यापक, विश्वका नामुद ३४ विश्वविद्यालयसंगको आवद्धता, दुई-दुईवटा पीएचडी डिग्री र एकै लेक्चरको पाँच हजार अमेरिकी डलर लिने आदि-इत्यादि किंवदन्ती सुनेपछि हामीलाई पनि लाग्यो, यिनको प्रोफाइल छाप्नैपर्छ । आखिर २७ भदौ ०७२ को *नेपाल*मा उनको तीन पृष्ठ लामो व्यक्तिचित्र छापियो पनि, शीर्षक थियो- 'दलदलमा कमल' । दुई सहकर्मीको बाइलाइनमा प्रकाशित यो लेखनी यति सशक्त थियो कि यसले गतिलो चर्चा बटुल्यो ।

खासमा हामीले जे लेख्यौं, उनी त्यो थिइनन् । यो सामग्री छापिएकै साता हार्वर्ड विश्वविद्यालयकै एक पूर्वविद्यार्थीले मलाई टेलिफोनमार्फत उल्लिखित नाम गरेकी प्राध्यापक त्यहाँ नभएको बताइसकेका थिए । तर, हामी विश्वस्त भएनौं । केही महिनापछि भने सार्वजनिक रूपमै उनको वास्तविकता खुल्यो । अझ, छताछुल्लै भयो ।

काठमाडौंको एक नाम चलेको कलेजले महिनाको पाँच लाख रुपियाँ पारिश्रमिक दिइरहेको आधारमा हामीले उनको प्रोफाइल उतारेका थियौं ।

दलदलमा कमल

यत्रो रकम पारिश्रमिक दिने कलेजले उनको पृष्ठभूमि परीक्षण गरेकै होला भन्ने ठान्यौं हामीले । पोल खुलेपछि कलेजले पनि उनलाई सेवाबाट निवृत्त गरिदियो । हुँदै नभएको मान र पगरी भिराएर बढाइचढाइ प्रकाशन गरिएको त्यस सामग्रीबारे हामी पाठकहरूसंग माफी माग्न चाहन्थ्यौं । त्यसका निम्ति उपयुक्त समयको पर्खाइमा थियौं ।

सायद, त्यो समय यसपटकलाई जुरेछ । त्यो पनि १४ वर्ष काम गरेको *नेपाल*बाट बिदा हुने क्षणमा । तसर्थ, प्रिय पाठकहरूसमक्ष त्यस गल्तीका लागि म क्षमायाचना गर्दछु ।

*नेपाल*को यही अंकबाट मैले साढे दुई दशकको प्रकाशन पत्रकारितालाई बिट मारेको छु । अबको यात्रा प्रसारण पत्रकारिताको हुनेछ ।

अहिलेलाई बिदा ! फेरि भेटौंला ! ◆

IN PARTNER WITH: CITY HOTEL AND SUITES, Dal Bhat NEPALI KITCHEN
CO-SPONSOR: RedBull
OFFICIAL MEDIA PARTNER: कान्तिपुर, KANTIPUR, Radio Kantipur
LOGISTIC PARTNER: NTB
HELI PARTNER: HELI EVEREST
HOSPITALITY PARTNER: SOALTEE CROWNE PLAZA AN IHG HOTEL KATHMANDU
BANKING PARTNER: Global IME Bank
RECREATION PARTNER: CHANDRAGIRI HILLS
INSURANCE PARTNER: IME LiFE Ensuring Future
TICKETING PARTNER: IME, IME pay
INTERNATIONAL ONLINE PARTNER: RESPECT & RISE

GET YOUR TICKET AT • **Dal Bhat Nepali Kitchen** Lazimpat 4410077 • **Bhat Bhateni Supermarket & Departmental Store** (INSIDE KTM Naxal/Chakrapath/Bauddha/Pulchowk/Anamnagar/Kalanki/Koteshore/Bhaktapur OUTSIDE KTM Bharatpur/Butwal/Dharan/Pokhara) • **Adidas** Durbar Marg 4241802/Kumaripati 5524971 • **Trisara** Lazimpat 4410200 • **Vibe Lounge** Lazimpat 4428444 • **GG Machaan Restaurant** Jhamsikhel 5554291 • **BG Mall** Gongabu 4383917 • **IME Centers INSIDE KATHMANDU** • **Sallaghari** East Link Sub Money Transfer 9818031818 • **Gathaghar** Easy Group 01 6630639 • **Baneshwor** ABI International Money Transfer 9860112279 • **Chabahil** ABI Money Express 9841012187 • **Baneshwor** Abroad Money Transfer 9841653642 • **Bijulibazar** All Over Remit Express 9849914734 • **Jorpati** Bajra Sub Remit 9851051455 • **Maitidevi** Dip Sub Money Transfer 9841813956 • **Maharajgunj** Galaxy Money Transfer 9841923930 • **Gaushala** Himalayan Money Transfer 9851034357 • **Gongabu** Kathmandu Sub Money Transfer 9808991183 • **Greenland** Mangal Arati Investment 9851019511 • **Nagarjun Buspark** New World Link Money Transfer 9841578692 • **Sinamangal** OM Shanti Money Transfer 9841720257 • **Kalanki** People Money Transfer 9861993973 • **Bagbazar** Public Sub Remit 985108919 • **Tilganga** S.N.S Money Transfer 9843244424 • **Koteshwor** Simple Sub Money Transfer 9841153054 • **Mid Baneshwor** Simple Sub Money Transfer 9845150839 • **Ichanghunarayan** Swoyambhu Sub Money Transfer 9851035152 • **Kirtipur** Uma Maheshwor Enterprises 9813321280 • **Kuleshwor** Sajha Dot Com 9861241450 • **Talchhikhel** Anugraha Enterprises 9860193627 • **Jawalakhel** Hello Hi Connection 9849101610 • **Basundhara** Phidias Private and tour travel 9860702158 **OUTSIDE KATHMANDU** • **Pokhara** Sonik Money Transfer 9846029093 • **Butwal** Ekata Money Network 9857038703 • **Nepalgunj** Gaumati Money Transfer 9848099364 • **Bharatpur** D&B Money Transfer 9745034370 • **Birgunj** Laxmi Money Transfer 9855026406 • **Mahendra Chowk** Sam Bhawani Traders 9802751691

FOR ONLINE BOOKING: APP : IME Pay (www.imepay.com.np) | **PORTAL : www.meroshows.com**

EVENT MANAGED, SCRIPTED AND DIRECTED BY SOHAIL KHAN ENTERTAINMENT & JA EVENTS LLP

FOR MORE INFO: 9801216002, 9801216003, 9801216005 www.odcentertainment.com

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट



ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.